# शमूएलको पहिलो पुस्तक

### एल्काना र तिनका परिवारहरूले शीलोमा आराधाना

**१** त्यहाँ एल्काना नाउँ भएका एकजना मानिस थिए। तिनी एप्रैमको पहाड़ी प्रदेश रामा शहरमा बस्थे। तिनी सूपी परिवारका थिए। तिनका पिताको नाउँ यरोहाम, बाजेको नाउँ एलीहू र बराजुको नाउँ तोहू थियो। तोहू चाहि सूपका छोरा थिए। सूप एप्रेम परिवार समूहबाटका थिए।

२एल्कानाका दुइवटी पत्नी थिए। एउटीको नाउँ हन्ना र अर्कीको नाउँ पनिन्ना थियो। पनिन्नाका नानीहरू थिए, तर हन्नाका नानीहरू थिएनन।

३परमप्रभु सर्वशक्तिमानको अघि आराधना गर्न र बलि चढ़ाउन प्रत्येक वर्ष एल्काना रामाबाट शीलोमा जाने गर्थे। शीलोमा परमप्रभुका पूजाहारीको रूपमा होप्नी र पीनहासले सेवा गर्थे। यी दुइ एलीका छोरा थिए। ४जब एल्काना बलि चढ़ाउने गर्थे, उसले उनकी पत्नी पनिन्नाह र उनका छोरा-छोरीलाई भाग दिने गर्थे। ५उनले हन्नालाई जहिले पनि बराबरी भाग भोजन दिन्थे उनले हन्नालाई बढ़ी माया गर्थे किनभने परमेश्वरले उनको कोख बन्द गरिदिनु भएको थियो।

### हन्नालाई पनिन्नाले सताउँथी

६परमप्रभुले हन्नालाई बाँझी पार्नु भएको कारण पनिन्नाले तिनलाई रिस उठाउने गर्थी। ७शीलोमा प्रत्येक वर्ष जब त्यो परिवार परमप्रभुलाई आराधना गर्न र बलिदान चढ़ाउन जान्थे तब पनिन्नाहले हन्नालाई दुःख दिने गर्थिन्। र खसालेर कुरा गर्ने र तिनलाई रूवाएर खाना नखानेसम्म बनाउदथिइन। ८यो सब देखेर एल्काना उनका पतिले भन्थे, "हन्ना तिमी किन रून्छौ? किन केही खाँदिनौ? तिमी किन यति दुःखी छौ? म तिम्रो लोग्ने हुँ र म तिम्रै हुँ। तिमीले सोच्नु पर्छ कि म दशजना छोराहरू भन्दा बढ़ता नै छु।"

### हन्नाले प्रार्थना गर्छिन्

९त्यसपछि हन्ना चुपचाप उठिन् र परमप्रभुको सामु प्रार्थना गर्न गइन्। त्यस समय पूजाहारी एली परमप्रभुको पवित्र आराधनालयको दैलोकै छेउमा एउटा कुर्सीमा बसिरहेका थिए। १०हन्ना साह्रै नै दुःखी थिइन्। यसर्थ जब तिनले प्रार्थना गर्न शुरु गरिन तिनी साहै रोइन। ११तिनले परमेश्वरलाई भाकल गर्दै भनिन्, "हे सर्वशक्तिमान परमप्रभु म अफसोसमा छु। तपाईंले मलाई दया गर्नुहोस्। ममाथि कृपालु हुनुहोस् म तपाईंकी दासी हुँ। यदि तपाईंले मलाई एउटा छोरा दिनुभयो भने त्यो बाचुञ्जेलसम्म म त्यसलाई तपाईंकै सेवामा अर्पण गर्नेछु। त्यस बालकले कहिले पनि दाखरस पिउने छैन र त्यसको कपाल पनि काटीने छैन।"*

१२हन्नाले धेरै बेरसम्म परमप्रभुलाई प्रार्थना गरिरहिन्। प्रार्थना गर्दा एलीले हन्नाका ओंठ आवाज बिनै चलिरहेका देखे। १३हन्नाले ओठ चलाए पनि आवाज ननिकालिकन साँच्चै उनको हृदयमा प्रार्थना गरिरहेकी थिइन। १४हन्नाले ज्यादै मद्यपान गरेकी ठानेर एलीले भने, "तिमीले ज्यादै पिएकी छौ। यो दाखरस छोड़ने समय हो।"

१५हन्नाले उत्तर दिएन, "महाशय, मैले कुनै प्रकारको मद्यपान गरेकी छैन। म साह्रै दुःखमा परेकी छु। म त परमप्रभुसँग मेरो दुःखहरू पो बिन्ति गर्दैथिएँ। १६तपाईंले मलाई नराम्री स्त्री ठान्नु हुँदैन। म साह्रै ठूलो कष्टमा परेकी छु र साह्रै दुःखी भएकी छु। मैले धेरै बेरसम्म परेमश्वरलाई प्रार्थना चढ़ाएकी हूँ।"

१७एलीले भने, "यदि त्यसो हो भने शान्तिसित जाऊ। इस्राएलका परमेश्वरले तिम्रो प्रार्थना अवश्य सुन्नु हुनेछ, अनि तिम्रो विन्ती पूरा गर्नु हुनेछ।"

१८हन्नाले भनिन्, "म आशा गर्छु तपाईं पनि मसँग खुशी हुनुहुन्छ।" तब हन्ना गइन् र केही खाने कुरा खाइन्। तिनी फेरि दुःखी भइनन्।

१९भोलिपल्ट बिहानै एल्कानाका परिवारका सदस्यहरू उठे अनि परमप्रभुको आराधना गरे र आफ्नो घर रामामा फर्के।

### शमूएलको जन्म

एल्कानाले आफ्नी पत्नी हन्नासित सहवास गरे। परमप्रभुले पछि हन्नालाई सम्झनु भयो। २०तिनी गर्भवती भइन्। समय पुगेपछि हन्नाले एउटा छोरो जन्माइन्। तिनले छोराको नाउँ शमूएल* राखिन्। तिनले भनिन्, "यसको नाउँ शमूएल हो किनभने यसलाई मैले परमप्रभुसित मागेकी हुँ।"

२१त्यस वर्ष एल्कानाले परमेश्वरसित राखेको भाकल

---

**कहिले ... छैन्** यो शपथ एउटा नाजारीले परमेश्वरको सेवा गर्दा पच्छाउने हो। तिनीहरूले तिनीहरूको केश काट्दैनन् अनि तिनीहरू दाख खादैनन् अथवा मद्य पिउदैनन्।

पूरा गर्न र बलि चढ़ाउन (शीलोमा) गए। उनका
परिवारका अरू सदस्यहरू पनि गए। २२तर हन्ना
गइनन्। तिनले एल्कानालाई भनिन्, "बालकले जब दूध
खान छोड्छ र ठोस आहार खान थाल्छ, म यसलाई
लिएर शीलोमा जानेछु। तब म बालकलाई परमप्रभुमा
अर्पण गर्नेछु। बालक सधैँलाई शीलोमा नै रहनेछ।"
२३हन्नाका लोग्ने एल्कानाले भने, "तिमीलाई जे
राम्रो लाग्छ त्यही गर बालकले ठोस भोजन गर्नसक्ने
नभइञ्जेल तिमी घरैमा बस। परमप्रभुले तिम्रो वचन*
पूरा गरिदिउन्।" यसर्थ तिनी छोराले आमाको दूध
नछाड़ेसम्म घरैमा बसिन्।

## हन्नाले शमूएललाई शीलोमा एली भएको ठाउँमा लैजान्छिन्

२४जब नानी ठूलो भयो अनि ठोस भोजन खान
थाल्यो हन्नाले नानीलाई परमप्रभुको मन्दिर शीलोमा
लगिन। हन्नाले आफूसँग एउटा तीन वर्षको साँढ़े, चार
पाथी पीठो र एक मसक दाखरस पनि लिएर गइन्।
२५तिनीहरूले परमप्रभुको आराधना गरे। त्यसपछि
साँढ़ेलाई बलि चढ़ाए पश्चात तिनीहरूले नानी पूजाहारी
एलीलाई दिए। २६हन्नाले बालकलाई एलीको अघिल्तिर
लिएर गइन् र भनिन्, "महाशय, मलाई क्षमा गर्नु
होला। म त्यही स्त्री हुँ, जो परमप्रभुलाई प्रार्थना
गर्दागर्दै तपाईंका सामु उभिएकी थिएँ। मैले साचो
भनिरहेको छु। २७मैले बालकको निम्ति प्रार्थना गरेकी
थिएँ अनि परमप्रभुले मलाई बालक दिनुभएर आभारी
तुल्याउनु भयो। २८अब यस बालकलाई परमप्रभुमा
अर्पण गर्दैछु। सारा जीवन नै परमप्रभुको भएर यो यही
रहनेछ।"

तब हन्नाले बालकलाई त्यही छोड़ीदिइन अनि परमप्रभुको
आराधना गरिन्।

## हन्नाले धन्यवाद दिन्छिन्

२ हन्नाले प्रार्थना गरिन्: "परमप्रभुमा, म खुशी छु!
परमप्रभुमा म विजयको अनुभव गर्छु। तपाईंको
मुक्तिमा म खुशी छु अनि मेरो शत्रुहरू माथि धाक
जमाउँछु।
२परमप्रभु जस्तो पवित्र कोही छैन। तपाईं बाहेक
कोही परमेश्वर छैन। हाम्रो परमेश्वर बाहेक यहाँ अरू
कुनै आश्रय छैन।
३अब अहंकार हुदैन! अहंकारपूर्ण वचनहरू अब
छैन कारण परमप्रभु परमेश्वर सर्वज्ञानी हुनुहुन्छ। परमेश्वरले
मानिसका कार्यहरू तौलनु हुन्छ।
४शूरबीर र योद्धाहरूका धनु भाँचिएका छन् अनि
दुर्बलहरू बलिया भएका छन्।
५विगतमा धेरै भोजन प्राप्त गर्नेहरू अब काम नगरी
भोजन नपाउने भएका छन्। तर विगतमा जो भोकभोकै
थिए, तिनीहरू अहिले भोजन खाएर मोटाएका छन्।
आमा बन्ने सौभाग्य नपाएकी स्त्रीहरू अहिले सातवटाकी
आमा बन्न सफल छन्! तर जुन स्त्रीका धेरै सन्तानहरू
थिए, तिनीहरू सबै गएकाले ती स्त्री दुःखी छन्।
६परमप्रभुले कुनै मानिसहरूलाई मृत्युमा पार्नुहुन्छ,
अनि परमप्रभुले नै कुनैलाई जीवन दिनुहुन्छ उहाँले
कोही मानिसलाई तल पातालमा पठाउनुहुन्छ अनि अरू
कोहीलाई जीउनको निम्ति उठाउनुहुन्छ र जीवन दिनुहुन्छ।
७परमप्रभुले मानिसहरूलाई गरीब तुल्याउनु हुन्छ,
अनि उहाँले नै धनी बनाउनुहुन्छ, परमप्रभुले मानिसहरूलाई
तल पार्नु हुन्छ र फेरि उच्च आसनमा बसाउनुहुन्छ।
८परमप्रभुले कंगालहरूलाई धूलोबाट उठाउनुहुन्छ,
अनि दुःख हटाई दिनुहुन्छ। परमप्रभुले कंगालीहरूलाई
राजा संग-संगै बसाउनुहुन्छ। परमप्रभुले कंगालीहरूलाई
सम्मानको सिंहासनमा राख्नुहुन्छ। परमप्रभु उनी हुन
जसले संसारको जग बसाल्नु भयो अनि त्यसमाथि
संसार बनाउनु भयो।
९परमप्रभुले आफ्ना पवित्र मानिसहरूको रक्षा गर्नुहुन्छ,
ठेस लागेर लड्नबाट उनीहरूलाई बँचाउनु हुन्छ, तर
पापीहरू अन्धकारमा नष्ट भएर डुब्ने छन्। तिनीहरूका
शक्ति विजय प्राप्त गर्न सहायक सिद्ध हुनेछैन।
१०परमप्रभुले आफ्ना शत्रुहरूलाई नष्ट पार्नुहुन्छ।
सर्वोच्च परमेश्वर स्वर्गबाट उहाँको दुश्मनहरूका विरुद्ध
गर्जनुहुन्छ। उहाँले सारा पृथ्वीको न्याय गर्नुहुन्छ, परमप्रभुले
आफ्ना राजालाई बलियो पार्नुहुन्छ। उहाँले चुनेका
राजालाई बलियो पार्नुहुन्छ।"
११एल्काना र तिनका परिवारका सदस्यहरू सबै
रामामा आफ्नो घर फर्के, तर त्यो बालकचाहि शीलोमा
नै परमप्रभुको सेवा गर्न पूजाहारीको देखरेखमा रह्यो।

## एलीका दुष्ट छोराहरू

१२एलीका छोराहरू दुष्ट थिए। परमप्रभु प्रति
तिनीहरूको कुनै वास्ता थिएन। १३यसरी तिनीहरूले
मानिसहरूलाई दुर्व्यवहार गर्थे। पूजाहारीहरूको कर्त्तव्य
यो थियो: जब कोही मानिस बलिदान चढ़ाउथ्यो तब
पूजाहारीले एउटा भाँड़ाको उम्लीएको पानीमा मासु
पकाउनु पर्थ्यो। तब पूजाहारीको सेवकले त्रिशूल लिनु
पर्थ्यो। १४पूजाहारीको सेवकले हातमा तिखो त्रिशूल
लिएर भाड़ाको मासुलाई काँटाले घोच्नु पर्थ्यो। सेकहरूले
काँटाले घोचे जतिमात्र मासु पूजाहारीको भाग हुन्थ्यो।

---

**शमूएल** यस शब्दको अर्थ हुन्छ परमेश्वर। तर एउटा पूर्ण हटाइएमा हिब्रुमा अर्थ निस्कन्छ 'माग्नु' कि त 'शाऊल' नाउँ बन्छ। शमूएलमा कतै कतै शाऊल, शामूएल र माग्नुको श्लेष रूप बनेको पाउँछौ।

**परमप्रभुले ... वचन** एल्कनाले जतिसक्दो एलीको आशीर्वाद हन्नाको निम्ति हो भनि देखाए। (पद-१७)

पूजाहारीले उनै इस्राएलीहरूका निम्ति यसो गर्नुपर्थ्यो जो
शीलोमा बलिदान चढ़ाउन आउँथे।
**१५**तर एलीका छोराहरूले यसो गरेनन्। बोसोलाई
वेदीमा जलाउनु अघि नै पूजाहारीका सेवक आएर
बलिदानको पवित्र भेटि यसरी भनेर सोध्ने गर्थ्यो,
"पूजाहारीको लागि पकाउनलाई केहि मासु देऊ, पूजाहारीले
पकाएको मासु ग्रहण गर्दैनन् खाली काँचो मासु मात्र।"
**१६**बलि चढ़ाउने मानिसले भन्थ्यो, "पहिले बोसोलाई
जलाउँ त्यसपछि तिमीलाई चाहिए जति लैजाऊ।" यदि
यस्तो परिस्थितिमा भने पूजाहारीको सेवकले भन्थ्यो,
"होइन, त्यो मलाई अहिले नै मासु दिइहाल, यदि
दिँदैनौ भने म खोसेर लैजानेछु।"
**१७**यस्तो प्रकारले ती दुइ पूजाहारी होप्नी र पीनहासले
परमप्रभु प्रति चढ़ाइएको बलिदानहरूमा श्रद्धा देखाएनन्।
तिनीहरूले परमप्रभुको विरुद्धमा महा पाप गरे।
**१८**तर शमूएलले एउटा सहयोगीको रुपमा परमप्रभुको
सेवा गर्थ्यो। शमूएलले एउटा विशेष प्रकारको मलमलको
पोशाक लगाउथ्यो जसलाई एपोद भनिन्छ। **१९**प्रत्येक
वर्ष शमूएलकी आमाले उसलाई एउटा सानो भोटो
बनाइदिन्थिन्। प्रत्येक वर्ष लोग्नेसित जब बलि चढ़ाउन
शीलो जान्थिन् त्यो भोटो शमूएलाई पुऱ्याइदिन्थिन्।
**२०**एलीले एल्काना र तिनकी पत्नीलाई आशीर्वाद
दिन्थे। एलीले भने, "परमप्रभुले यो बालक जसलाई
तिमीले परमप्रभुको सेवाको लागि माग्यौ यसको ठाउँमा
अरु धेरै नानीहरू परमप्रभु तिनीहरूका साथ अशिष
दिउन्।"
एल्काना र हन्ना घर फर्किए अनि **२१**परमप्रभुको
निगाह हन्ना माथि थियो। तिनले तीन छोरा र दुइ छोरी
जन्माइन्। शमूएल भने परमप्रभुको सामुन्ने बढ्न थाल्यो।

### एलीले दुष्ट छोराहरूलाई तह लगाउन सकेनन्

**२२**एली साह्रै वृद्ध भएका थिए। उसले आफ्ना
छोराहरू बार-बार शीलोमा इस्राएलीहरूसित गरेका
व्यवहार सुने। भेट हुने पालको ढोकामा सेवा गर्ने
स्त्रीहरूसँग तिनीहरूले सहवास गरेको कुरा पनि एलीले
सुने।
**२३**एलीले आफ्ना छोराहरूलाई भने, "तिमीहरूले
गरेका दुष्ट कार्य मानिसहरूले मलाई सुनाउँछन्। त्यस्ता
दुष्ट कार्य किन गर्छौ? **२४**छोरा हो, त्यस्तो खराब कार्य
नगर। परमप्रभुका मानिसहरूले तिमीहरूका बारेमा नराम्रो
कुरा गर्दैछन्। **२५**मानिसले मानिसको विरूद्धमा दुष्ट
कार्य गरेकोमा परमेश्वरले त्यसको न्याय गर्नु हुनेछ।
तर कसैले परमप्रभुको विरुद्धमा पाप गर्छ भने, कसले
उसलाईं परमेश्वरसित सहायता गर्नेछ?" तर एलीका
दुष्ट छोराहरूले पिताका कुरा सुन्न अस्वीकार गरे।
तर परमेश्वरले पहिले नै निर्णय लिइसक्नु भएको
थियो कि तिनीहरू मर्ने थिए।
**२६**बालक शमूएल भने दिन दिनै ठूलो हुँदै गयो।
उसले परमेश्वर र मानिसहरूलाई प्रसन्न पार्थ्यो।

### एलीको परिवारमा डरलाग्दो अगमवाणी

**२७**परमेश्वरका एकजना दास आएर एलीलाई भने,
"परमप्रभु भन्नुहुन्छ, 'म तेरो पिता-पुर्खाहरू मिश्रमा
फिरऊनको दासत्वमा रहेको समयमा म तेरो पिताको
परिवारमा प्रकट भएँ। **२८**इस्राएल भरिका कुलहरू
मध्ये तेरो पिताको कुललाई मेरो पूजाहारीको रुपमा
चुनेको थिएँ। मैले तिनीहरूलाई मेरो वेदीमाथि धूप
बाल्न र मेरो उपस्थितिमा एपोद लाउन छानेको थिएँ।
इस्राएलीहरूले चढ़ाएका बलिको भाग उनीहरूसित मैले
बाँडे। **२९**तर तैले ती बलि र भेटीहरूमा मेरो आदेश
अनुसार आदर गरिनस्। मलाई भन्दा ज्यादा तैले तेरो
छोराहरूलाई सम्मान दिइस्। इस्राएलका मेरा मानिसहरूले
मलाई चढ़ाएको पवित्र बलिको भोजन खाएर तँ
मोटाएकोछस्।' **३०**"परमप्रभु इस्राएलका परमेश्वरले प्रतिज्ञा
गर्नुभयो तँ अनि तेरा पिताको सन्तानले सदा-सर्वदा मेरो
सेवा गर्नेछन्। तर परमप्रभु अब उता यसो भन्नुहुन्छ,
'यस्तो कहिले हुँदैन! मलाई जसले सम्मान गर्छन् म
तिनीहरूको सम्मान गर्छु। तर जसले मेरो अनादर गर्छ
ऊ अपमानित हुनेछ। **३१**समय आउँदैछ जब म तेरो
सन्तानलाई नष्ट गर्नेछु। तेरो परिवारमा कसैले पनि बुढ़ो
भइञ्जेलसम्म जीउने छैनन। **३२**इस्राएलको निम्ति असल
दिन आउने छ, तर तैले घरमा खराब दिन देख्नेछस्।
तेरो परिवारमा कोही पनि बुढ़ो हुञ्जेल बाँच्ने छैन।
**३३**तर तेरा सन्तानको एकजना व्यक्ति मेरो वेदीको
पूजाहारीको रुपमा रहनेछ। उसको आँखाको शक्ति
रहुञ्जेल र शारीरिक शक्ति कम्ती नहुञ्जेल सम्म ऊ
रहनेछ। तेरा सन्तान तरवारले काटिएको उसले
देख्नेछ। **३४**म तँलाई यो चिन्ह दिनेछु जसले गर्दा तैंले
यो साँचो हो भनी जान्नेछस्। तेरा दुवै छोरा होप्नी र
पीनहास एकै दिनमा मर्नेछन्। **३५**म एउटा विश्वासयोग्य
पूजाहारी नियुक्त गर्नेछु, जसलाई मैले आदेश गरे
अनुसार काम गर्नेछ। म त्यस पूजाहारीको परिवारलाई
शक्तिशाली बनाउनेछु। उसले जीवनभरी मैले चुनेको
राजाको सामु सेवा गर्नेछ। **३६**त्यसपछि तेरो परिवारमा
कोही बाँचे भने तिनीहरूले पूजाहारीको अघि आएर
भुक्नेछन् र भन्नेछन्, "दया गरी मलाई पूजाहारीको
रुपमा नियुक्त गर्नुहोस् ताकि म सँग केही खाने चीज
होस्।'"

### परमेश्वरले शमूएललाई बोलाउनु भयो

**३** एलीको अधीनमा रहेर बालक शमूएलले परमप्रभुको
सेवा गर्थे। त्यस बेला परमप्रभु मानिसहरूसंग सिधै
धेरै जस्तो बोल्नुहुन्थेन। उहाँले धेरै मानिसहरूलाई
दर्शनहरू दिनु भएन।

२एली लगभग अन्धा जस्तै भइसकेका थिए। एक
रात तिनी ओछ्यानमा पल्टिरहेका थिए। ३शमूएल चाहि
पवित्र सन्दूक भएको परमप्रभुको मन्दिरमा सुतिरहेका
थिए। परमप्रभुको बत्ती जलिरहेकै थियो। ४परमप्रभुले
शमूएललाई बोलाउनु भयो। "म यहाँ हाजीर छु"
शमूएलले उत्तर दिए। ५शमूएलले सोचे एलीले उसलाई
बोलाएको यसकारण शमूएल हतारीएर एलीकहाँ गए।
शमूएलले आफ्नो उपस्थिति जाहेर गरेर भने, "तपाईंले
मलाई बोलाउनुभयो, म यहाँ छु।"

तर एलीले भने, "मैले तिमीलाई बोलाएको होइन।
आफ्नो ओछ्यानमा गएर सुत"

शमूएल आफ्नो ओछ्यानमा गए। ६परमप्रभुले फेरि
बोलाउनु भयो, "शमूएल!" शमूएल फेरि एलीको
ओछ्यानमा गएर भने, "तपाईंले मलाई बोलाउनु भएको
हो, म यहाँ छु।"

एलीले भने, "मैले बोलाएको छैन मेरो छोरा! जाऊ,
गएर सुत।"

७अहिलेसम्म शमूएलले व्यक्तिगत रूपमा परमप्रभुलाई
चिनेका थिएनन्। परमप्रभुले शमूएल सँग सिधै बातचित
गर्नु भएको थिएन।

८परमप्रभुले शमूललाई तेस्रो चोटि बोलाउनु भयो।
शमूएल उठेर फेरि एलीको छेउ पुगे। शमूएलले भने,
"म यहाँ छु, तपाईंले मलाई बोलाउँनु भयो।"

त्यत्तिबेला भने एलीले बुझे कि परमप्रभुले शमूएललाई
बोलाउँदै हुनुहुन्थ्यो। ९एलीले शमूएललाई भने,
"ओछ्यानमा जाऊ! यदि फेरि बेलाउँनु भयो भने भन्नु,
'परमप्रभु भन्नुहोस्। म तपाईंको दास हुँ र तपाईंले
भन्नु भएको सुन्दैछु।'"

यसकारण शमूएल ओछ्यानमा गए। १०परमप्रभु
त्यहाँ प्रकट हुनुभयो र पहिलेको जस्तै बोलाउनु भयो,
"शमूएल, शमूएल!"

शमूएलले भने, "भन्नुहोस्! परमप्रभु म तपाईंको
दास हुँ अनि सुन्दैछु।"

११परमप्रभुले शमूएललाई भन्नुभयो, "म इस्राएलमा
केही अचम्मको काम गर्नेछु। जसले यस विषयमा
सुन्छ तिनीहरू साहै अचम्मीत हुनेछन्। १२मैले एली र
त्यसको परिवारको विरूद्धमा जे जे गर्छु भनेको थिएँ ती
सब गर्नेछु। म शुरु देखि अन्त्यसम्म सबै गर्नेछु।
१३मैले एलीलाई भनेकै छु कि म त्यसको परिवारलाई
सधैंको लागि दण्ड दिनेछु। म त्यसो यसकारणले गर्दैछु
भनि एलीलाई थाहा छ। त्यसका छोराहरूले परमेश्वरलाई
निन्दा गरे अनि उहाँसित खराब आचरण गरे। तर
उसले तिनीहरूलाई शिक्षा दिएन्। १४यसैकारण मैले
एलीको परिवारलाई श्राप दिएको छु कि बलिभेटी र
अन्नबलिले तिनीहरूलाई पापबाट छुटकारा दिन सक्दैनन्।"

१५बिहानसम्म शमूएल आफ्नो ओछ्यानमै पल्टिरहे
उज्यालो हुन साथ झटपट उठेर परमप्रभुका मन्दिरका
ढोकाहरू खोले। दर्शनको विषयमा एलीलाई भन्न तिनी
डराएका थिए।

१६तर एलीले नै शमूएललाई भने, "शमूएल, मेरो
छोरा।"

शमूएलले जवाफ दिए, "भन्नुहोस्, म यहाँ छु।"

१७एलीले सोधे, "परमप्रभुले तिमीलाई के भन्नु
भयो! मलाई लुकाउने काम छैन। यदि परमेश्वरको
सन्देश सबैलाई नभनेर लुकायो भने परमेश्वरले दण्ड
दिनुहुनेछ।" १८शमूएलले केही पनि नलुकाई सबै
बताए। शमूएलले एलीबाट केही पनि लुकाएनन एलीले
भने, "उहाँ परमप्रभु हुनुहुन्छ। उहाँलाई जे इच्छा लाग्छ
त्यसै गर्नुहुन्छ।"

१९शमूएल अझ ठूलो हुँदै गए। परमप्रभु शमूएलसित
हुनु हुन्थ्यो। परमप्रभुले शमूएलको कुनै सन्देशलाई पनि
झूटो हुने मौका दिनुभएन। २०त्यसबेला सारा इस्राएलका,
(दान देखि बेर्शेबा सम्मका) मानिसहरूले शमूएल
परमप्रभुका साँचो अगमवक्ता भएको चाल पाए।
२१शीलोमा परमप्रभु शमूएलकहाँ प्रकट हुनु भयो।
उहाँ आफै शमूएलको अघि परमप्रभुको वचन जस्तै
प्रकट हुनु भयो।

**४** इस्राएलभरी शमूएलको विषयमा समाचार फैलिन
थाल्यो। तर एली भने साह्रै बुढ़ो भइसकेका
थिए। तर उनका छोराहरूले भने अझै पनि परमप्रभुका
अघि दुष्ट कार्य गरिनै रहे।*

### पलिश्तीहरूले इस्राएलीहरूलाई हराए

त्यस समय, इस्राएलीहरू पलिश्तीहरूका विरूद्धमा
युद्ध गर्नको निम्ति तयार भए। इस्राएलीले एबेन-एजेरमा
छाउनी हाले अनि पलिश्तीहरूले अपेकमा छाउनी
हाले। २पलिश्तीहरू इस्राएलीहरू माथि हमला गर्न
तयार भए।

पलिश्तीहरूले इस्राएलीहरूलाई हराए। पलिश्तीहरूले
इस्राएलका ४,००० सैनिकहरू मारिदिए। ३बाँकी
इस्राएली सैनिकहरू फर्केर छाउनीमा पुगे। इस्राएलका
बूढ़ा प्रधानले सोधे, "परमप्रभुले पलिश्तीहरूद्वारा हामीलाई
किन हराउन दिनुभयो? हामीले शीलोबाट परमप्रभुका
करारको सन्दूक उठाएर ल्याऊ। यसो गरेपछि परमेश्वर
हामीसँग युद्ध भूमिमा जानुहुनेछ र हामीलाई हाम्रो
शत्रुबाट बचाउँनु हुनेछ।"

४त्यसकारण तिनीहरूले शीलोमा मानिसहरू पठाए।
सर्वशक्तिमान परमप्रभुको करारको सन्दूक लिएर मानिसहरू
आए। सन्दूक माथि करूब स्वर्गदूत विराजमान थिए
अनि तिनीहरू त्यस्तो प्रकारले बसेका छन् जसमाथि
परमप्रभुले आसन लिनुहुन्थ्यो। एलीका छोरा होप्नी र

---

**तर एली … गरिनै रहे** यो यूनानी उल्थामा पाइएको तर हिब्रूमा होइन्।

पीनहास जो सन्दूकको रेखदेख गर्दथे तिनीहरू पनि उक्त सन्दूकसँगै आए।

५जब परमप्रभुको करारको सन्दूक छाउनी भित्र ल्याइयो, इस्राएलीहरूले ठूलो हल्ला गरे। त्यस हल्लाले भूमि नै हल्लियो। ६पलिश्तीहरूले पनि इस्राएलीहरूका हल्ला सुने। तिनीहरूले सोधे, "हिब्रूहरूका छाउनीमा यति साह्रो हल्ला किन हुँदैछ?"

पछि पलिश्तीहरूलाई थाहा भयो कि इस्राएलीहरूका छाउनीमा करारको सन्दूक आएको छ। ७पलिश्तीहरू डराएर भने, "परमेश्वर नै तिनीहरूका छाउनीमा आए! अब हाम्रो के हुने हो। यस्तो पहिले कहिले भएको थिएन। ८हामी चिन्तित भयौ यस्तो बलियो देवताबाट अब हामीलाई कसले बचाउँछ? यी तिनै देवता हुन् जसले मिश्रीहरूलाई जंगलमा महामारी र भंयकर रोगहरू दिएका थिए। ९पलिश्तीहरू हो सहासी बन! मर्द झैं काम गर, नत्र ता विगतमा हिब्रूहरू हाम्रा दास थिए, भने अब लडेनौ भने तिमीहरू उनीहरूका दास हुनेछौ।"

१०पलिश्तीहरूले वीरताका साथ लड़े र इस्राएलीहरूलाई परास्त पारे। प्रत्येक इस्राएली सेना भागेर आफ्ना छाउनीमा लुक्न पुगे। इस्राएलको यो साह्रै नराम्रो पराजय थियो। जम्मा ३०,००० इस्राएली सैनिकहरू मारिएका थिए। ११पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूक हात पारे र एलीका दुवै छोरा, होप्नी र पीनहासलाई मारे।

१२त्यस दिन बिन्यामिनी कूलका एकजना मानिस युद्ध भूमिबाट भागेर हारेको शोक प्रकट गर्न शरीरका बस्त्रहरू च्यातेर टाउकोभरी धूलै-धूलो खन्याए र शीलोमा पुगे। १३त्यस समय एली शहरको फाटकहरूको मूल बाटोमा आफ्नो आसनमा बसिरहेका थिए। तिनी परमेश्वरको पवित्र सन्दूकको विषयमा ज्यादै चिन्तित थिए र समाचारको प्रतिक्षा गरिरहेका थिए। त्यो बिन्यामीनहरूले आए र दु:खी समाचार शहरलाई दियो। अनि सबै शहरवासी जोड़ले रून थाले। १४-१५एली अन्ठानब्बे वर्षका बूढ़ा थिए अनि तिनी अन्धा थिए। जब एलीले रोएको स्वर सुने तिनले सोधे, "मानिसहरू किन यसरी चिच्याइ-चिच्याइ रोईरहेका?"

उनै बिन्यामिनी मानिस एलीका सामुने पुगेर सारा घटना बताए। १६तिनले भने, "म युद्धभूमिबाट भागेर आएको हुँ!"

एलीले फेरि सोधे, "के भयो हँ छोरा?"

१७बिन्यामिनी मानिसले सारा वृत्तान्त बताए, "इस्राएलीहरू पलिश्तीहरूका अघि टिक्न नसकेर भागे इस्राएली पक्षका धेरै सेना युद्धमा मारिए। तपाईंका दुवै छोरा, होप्नी र पीनहास पनि मारिए अनि परमेश्वरको पवित्र सन्दूक पनि पलिश्तीहरूले कब्जामा पारेका छन्।"

१८जब बिन्यामिनी मानिसले परमेश्वरको पवित्र सन्दूकको घटना बताए, एली ऊ बसेको कुर्सीबाट पछिल्तिर लड़े, र तिनको मुन्टो भाँचियो, कारण एली साह्रै बूढ़ा थिए र साह्रै मोटा थिए, उनी त्यही मरे। एलीले चालिस् वर्षसम्म इस्राएलाई अगुवाइ गरेका थिए।

### महिमाको अन्त भयो

१९एलीकी बुहारी, पीनहासकी पत्नी त्यस समय गर्भवती थिईन्। तिनीको नानी जन्माउने समय पुगिसकेको थियो, परमेश्वरको पवित्र सन्दूक कब्जा गरेको घटना साथै ससुरा र लोग्नेको पनि मृत्यु भएको खबर सुन्नेबित्तीकै प्रसववेदना शुरू भयो, यसकारण उसले घुँड़ा टेकी र तत्कालै एउटा छोरा जन्माईन्। २०जब तिनी मर्नै लागेकी थिईन्, तिनलाई स्याहार्ने आइमाईहरूले तिनलाई भने, "नडराऊ! तिम्रो एउटा छोरा भयो।"

तर एलीकी बुहारीलाई त्यस सुखको खबरले कुनै असर गरेन। २१तर इस्राएलको महिमा हराएको सुनेर तिनले छोराको नाउँ ईकावोद राखिन्, अर्थ "इस्राएलो महिमा लगियो!" यसले यो नाउँ राखी परमेश्वरको पवित्र सन्दूक लुटिएको र आफ्ना ससुरा अनि लोग्नेको मृत्यु भएको कुरा संकेत गराउँछ। २२तिनले भनिन्, "इस्राएलको महिमा हरायो।" कारण पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूक कब्जा गरे।

### पवित्र सन्दूक पलिश्तीहरूका निम्ति समस्या बन्यो

५ पलिश्तीहरूले परमेश्रको पवित्र सन्दूकलाई एबेन-एजेरबाट अश्दोद पुऱ्याए। २पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूकलाई दागोनको मन्दिरमा लगेर दागोनकै मूर्तिको छेउमा राखे। ३भोलिपल्ट बिहान अश्दोदवासीहरूले दागोनको मूर्ति घोप्टो परेर परमेश्वरको पवित्र सन्दूक अघि भूईमा लड़िरहेको देखे। अश्दोदका मानिसहरूले फेरि त्यो मूर्ति त्यसको ठाउँमा उभ्याए।

४अश्दोदवासीहरूले दागोनको मूर्तिलाई फेरि त्यहि ठाउँमा राखे। तर फेरि अर्को बिहान अश्दोदवासीहरूले दागोनको मूर्ति त्यसरी नै परमेश्वरको पवित्र सन्दूक अघिल्तिर लड़िरहेको भेटे। यस बेला दागोनको टाउको र हातहरू भाँचिएर सँधारको अघि लड़िरहेको र जीउ मात्र त्यँही लड़िरहेको भेटियो। ५त्यही व्यवहार आजसम्म चल्दैछ कि अश्दोदमा दागोनका पुरोहित र मन्दिरभित्र पस्नेहरू कसैले पनि दागोनको सँधारमा पाइला राख्दैनन्।

६परमप्रभुले अश्दोदका मानिसहरू साथै छिमेकीहरूका जीवन पनि कष्ट पूर्ण बनाइदिनुभयो। परमप्रभुले तिनीहरूलाई असाध्यै दु:ख दिनुभयो। गिर्खाको रूढ़ी फैलाइ दिनुभयो। हुलका हुल मूसाहरू पठाउँनुभयो। मूसाहरू जहाज र जमिन जताततै दगुरिरहन्थे। शहरवासीहरू सबै डराउन थाले। ७जब अश्दोदवासीहरूले यो देखे

तिनीहरूले भने, "इस्राएलको परमेश्वरको सन्दूक यहाँ
राख्न सकिन्न। परमेश्वरले हाम्रा देवता दागोनलाई मात्र
होइन तर उहाँले हामीलाई पनि पूरा दण्ड दिनुभयो।"
८अश्दोदका मानिसहरूले पश्लितीका सबै
शासकहरूलाई बोलाए। अश्दोदवासीहरूले ती
शासकहरूलाई सोधे, "हामीले इस्राएलका परमेश्वरको
पवित्र सन्दूकलाई अब के गर्नु पर्ने हो?"
शासकहरूले भने, "इस्राएलका परमेश्वरको पवित्र
सन्दूकलाई अब गात शहरमा पुर्‍याइयोस्।" यसरी
पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूक हटाए।
९फेरि परमेश्वरको पवित्र सन्दूक जब गातमा पुग्यो
तब देखि नै परमप्रभुले त्यस शहरलाई सजाय दिन
थाल्नुभयो। मानिसहरूमा खैलाबैला भयो। परमप्रभुले
के बालक के वृद्ध सबलाई दुःख दिनथाल्नु भयो।
परमेश्वरले गातवासीहरूमा गिर्खाको रूढ़ी फैलाइ दिनुभयो।
१०यसकारण पलिश्तीहरूले परमेश्रको सन्दूकलाई एक्रोन
पठाए।
जति बेला परमेश्वरको सन्दूक एक्रोन आइपुग्यो
मानिसहरू कराउन थाले, "इस्राएलका परमेश्वरको
सन्दूक किन हाम्रो शहर एक्रोनमा ल्याएको? के
तिमीहरूले हामीलाई र हाम्रा मानिसहरूलाई मार्न चाहन्छौ?"
११एक्रोनका मानिसहरूले पलिश्ती शासकहरूलाई
एकसाथ बोलाएर भने, "इस्राएलका परमेश्वरको
सन्दूकलाई छिट्टो भन्दा छिट्टो आफ्नै ठाउँमा पठाइदिनु
होस्। नत्र भने यसले हामीहरूलाई नष्ट पार्नेछ।"
एक्रोनका मानिसहरू साह्रै डराएका थिए। परमेश्वरले
त्यस शहरवासीहरूको जीवन कष्टमय बनाइदिनु भयो।
१२मानिसहरू धेरै संख्यामा मरे। जो मरेका थिएनन्
तिनीहरूलाई गिर्खाको रूढ़ीले सताउन थाल्यो र एक्रोनका
मानिसहरूको रोदन स्वर्गसम्मै पुग्यो।

## परमेश्वरको पवित्र सन्दूक फेरि घर लगियो

६ पलिश्तीहरूले पवित्र सन्दूकलाई आफ्नो देशमा
सात महीनासम्म राखे। २पलिश्तीहरूले आफ्ना
पुरोहितहरू र ज्योतिषीहरूलाई बोलाएर भने, "हामीले
परमप्रभुको पवित्र सन्दूकलाई के गर्नु पर्ने हो?
सुझावदिनुहोस्, कसरी सन्दूकलाई फेरि यसको आफ्नै
घरमा पठाउन सकिन्छ?"
३पुरोहितहरू र ज्योतिषीहरूले सुझाव दिए, "यदि
तिमीहरूले इस्राएलका परमेश्वरको पवित्र सन्दूकलाई
पठाउनु भयो भने सौगात नराखी नपठाऊ। तिमीहरूले
केही उपहार चढ़ाउनै पर्छ, जसले तिमीहरूको पाप
मोचन हुनेछ। त्यसपछि तिमीहरू स्वस्थ्य र पवित्र
हुनेछौ। तिमीहरूले यसो गर्नैपर्छ अनि मात्र परमेश्वरले
तिमीहरूलाई दण्डित हुनबाट बचाउँनु हुनेछ।"
४पलिश्तीहरूले सोधे, "इस्राएलका परमेश्वरलाई कस्तो
प्रकारका भेटीहरू दिएमा हामीलाई क्षमा मिल्ने छ?"
पुरोहितहरू र ज्योतिषीहरूले भने, "यहाँ पलिश्तीहरूका
शहरका एक-एकजना प्रमुख गरेर जम्मा पाँचजना
प्रमुख छन्। तिमी जस्तै तिम्रो सबै प्रमुखहरूले एउटै
बिमार भोग्नु परिरहेछ। यसर्थ तिमीहरूले पाँचवटा
सुनका गिर्खाको नमूना तयार गर। त्यसरी नै पाँचवटा
सुनका मूसाको नमूना पनि तयार गर। ५गिर्खाहरू र
मूसाका नमूनाहरू बनाऊ त्यसले देशलाई नष्ट गरिरहेको
छ। इस्राएलका परमेश्वरलाई ती सुनका नमूनाहरू
भुक्तानीको रूपमा प्रदान गर। त्यसपछि यो हुन सक्ला
इस्राएलका परमेश्वरले तिमीहरू, तिमीहरूका देवता र
तिमीहरूको देशमा दण्ड दिन बन्द गर्नु हुनेछ। ६फिरऊन
र मिश्रीहरू जस्तै हठी स्वभावका नबन। परमेश्वरले
मिश्रीहरूलाई दण्ड दिनुभयो। यसो गर्दा मात्र मिश्रीहरूले
इस्राएलीहरूलाई मिश्र छोड्नदिए।
७"तिमीहरूले एउटा गाड़ा बनाउनु पर्छ र कहिले
खेत नजोतेका दुइवटा दुहुना गाई बन्दोबस्त गर्नुपर्छ। ती
दुइवटा गाईलाई गाड़ा तान्ने गरी नारेर त्यसका बाछाहरूलाई
भने गोठभित्र थुनिदिनुपर्छ। त्यसो गर्दा बाछाले माऊलाई
पछ्याउँन पाउँदैनन्। ८परमप्रभुको पवित्र सन्दूकलाई
त्यस गाड़ा भित्र राखिदिनु। त्यसैको छेउमा नमूनाको
थैलो पनि राखि दिनु। त्यो नमूना चाँहि तिम्रो पाप
मोचनका निम्ति परमेश्वरलाई भेटी हो। बन्द गाड़ालाई
सोझो बाटो लगाई देऊ। ९त्यसपछि गाड़ा कता जान्छ
ख्याल राख। यदि गाड़ा बेत-शेमेशपट्टि अघि बढ़ेर
इस्राएलको भूमितिर गयो भने त्यसले यो संकेत दिन्छ,
परमप्रभुले नै हामीलाई त्यस्तो ठूलो रोग दिनुभएको हो।
तर गाई बेत-शेमेश तिर गएन भने हामीले बुझ्नेछौं कि
त्यो दण्ड स्वरूप भनिएको देशान इस्राएलका परमेश्वरबाट
भएको होइन। हामीले त्यो बिमार आफै फैलिएको हो
भनेर जान्नुपर्‍यो।"
१०पलिश्तीहरूले पूरोहित र ज्योतिषीहरूले भने झैं
गरे। पलिश्तीहरूले भरखरै ब्याएका दुइवटा गाई खोजेर
ल्याए। गाड़ामा ती गाईहरू नारे र बाछाहरूलाई गोठमा
थुनिदिए। ११त्यसपछि पलिश्तीहरूले गाड़ामा परमप्रभुको
पवित्र सन्दूक राखे। सुनका मूसाहरू र गिर्खाको
नमूनाहरू हालेको थैलो गाड़ामा (सन्दुको छेउमा) राखे।
१२गाई गाड़ा तान्दै सोझै बेत-शेमेशतिर लगे। गाईहरू
कराउँदै सड़कदेखि दाहिने देब्रे कतै नताकी अघि
बढ़िरहे। पलिश्ती शासकहरू पनि बेत-शेमेशको सीमासम्म
पछि-पछि गए। १३बेत-शेमेशका मानिसहरू बेंसीमा
धमाधम गहूँको फसल काटिरहेका थिए। तिनीहरूले
शिर उठाएर हेर्दा पवित्र सन्दूक देखे। तिनीहरूले त्यस
सन्दूकलाई फेरि देख्दा साह्रै रमाए र दौडेर लिन गए।
१४-१५गाड़ा सोझै बेत-शेमेशका यहोशूको खेतमा
एउटा ठूलो चट्टान अगाड़ि रोकियो।
बेत-शेमेशका मानिसहरूले त्यो गाड़ा टुक्रा-टुक्रा
पारे। गाईहरूलाई मारेर परमप्रभुलाई बलिको रुपमा

चढ़ाए। लेवी कुल समूहका मानिसहरूले परमप्रभुको
पवित्र सन्दूक उठाए। तिनीहरूले सन्दूक र सुनका
नमूनाहरू राखिएका थौला उठाएर त्यो चट्टानमाथि
राखे। त्यस दिन बेत-शेमेशका मानिसहरूले परमप्रभुलाई
होमबलि चढ़ाए।

१६पलिश्ती शासकहरूले बेत-शेमेशमा घटेका सम्पूर्ण
घटना हेरेर त्यही दिन एक्रोनतिर लागे।

१७यस प्रकार पलिश्तीहरूले आफूले गरेका पापबाट
क्षमा पाउनलाई परमप्रभुमा गिर्खाको सुनको नमूना
उपहार स्वरूप पठाए। तिनीहरूले पाँचवटा सुनका
गिर्खाको नमूना प्रत्येक पलिश्ती शहरमा एक एकवटा
पठाए। ती शहरहरू हुन् अश्दोद, गाजा, अश्कलोन,
गात र एक्रोन। १८पलिश्तीहरूले सुनका मूसाहरूको
नमूना पनि पठाए। सुनका मूसाहरूको नमूना पनि त्यति
नै संख्यामा थियो जति ती पाँचै पलिश्ती शासकहरूको
शहरको संख्या थियो। ती शहरहरूका वरिपरि पर्खालहरू
थिए अनि प्रत्येक शहरका वरिपरि बस्तीहरू थिए।
बेत-शेमेशका मानिसहरूले परमप्रभुको पवित्र
सन्दूकलाई जुन चट्टानमा राखे, त्यो चट्टान अहिले पनि
बेत-शेमेशका यहोशूको खेतमा छ। १९जब बेत-शेमेशका
मानिसहरूले परमप्रभुको पवित्र सन्दूक देखे त्यो हेरचाह
गर्न तिनीहरूलाई सिकाउने त्यहाँ कुनै पूजाहारी थिएन।
यसकारणले बेत-शेमेशेका सत्तरीजना मानिसहरूलाई
परमेश्वरले मार्नुभयो। परमप्रभुले कठोर दण्ड दिनुभयो
भनेर बेत-शेमेशका मानिसहरूले अलाप विलाप गर्न
थाले। २०यसैले बेत-शेमेशका मानिसहरूले भने, "यस
पवित्र सन्दूकलाई हेरचाह गर्ने पूजाहारी कहाँ छन्? अब
यहाँबाट सन्दूक कता लैजाने हो?"

२१किर्यात्-यारीममा एकजना पूजाहारी छन्। बेत-
शेमेशका मानिसहरूले किर्यात्-यारीमका मानिसहरू भएतिर
दूत पठाए। दूतले गएर भने, "पलिश्तीहरूले परमप्रभुको
पवित्र सन्दूक फिर्ता गरिदिए। तल आएर तपाईंहरूले
त्यो आफ्नो शहरमा लानु होस।"

७ किर्यात्-यारीमका मानिसहरू आए र परमप्रभुको
पवित्र सन्दूक लिएर गए। तिनीहरूले परमप्रभुको
सन्दूकलाई पहाड़मा भएको अबीनादाबको घरमा लगे।
तिनीहरूले अबीनादाबको छोरा एलाजारलाई परमप्रभुको
सन्दूकको रक्षा गर्ने तयारीको सम्बन्धमा एउटा विशेष
उत्सव मनाए। २किर्यात्-यारीमा उक्त सन्दूक बीस
वर्षसम्म रह्यो।

## परमप्रभुले इस्राएलीहरूलाई रक्षा गर्नुहुन्छ

इस्राएलका मानिसहरूले परमेश्वरको निम्ति चाहना
गरे र फेरि परमप्रभुकै अनुशरण गर्न शुरु गरे।
३शमूएलले इस्राएलका मानिसहरूलाई भने, "यदि तिमीहरू
साँचो हृदयले परमप्रभुको शरणमा फर्कन्छौ भने तिमीहरूका
माझबाट विदेशी देवताहरूलाई फ्याकी दिनुपर्छ। तिमीहरूले
अश्तारोतका मूर्ति फ्याँकि देऊ। परमप्रभुमा सम्पूर्ण
रूपले समर्पित गर्नुपर्छ। तिनीहरूले परमप्रभु कै मात्र
सेवा गर्नुपर्छ! त्यसपछि परमप्रभुले तिमीहरूलाई
पलिश्तीहरूका हातबाट बचाउँनु हुनेछ।"

४यसरी इस्राएलीहरूले बाल अनि अश्तारोतका मूर्तिहरू
फ्याकिदिए। इस्राएलीहरूले परमप्रभुकै मात्र सेवा
गर्नथाले।"

५शमूएलले भने, "सबै इस्राएलका मानिसहरूलाई
मिस्पामा भेला गर। म तिमीहरूका निम्ति परमप्रभुसँग
प्रार्थना गर्छु।"

६इस्राएलका मानिसहरू मिस्पामा भेला भए। तिनीहरू
परमप्रभुको सामु पानी खन्याएर चोखिए। यसरी तिनीहरूले
आफ्नो पाप स्वीकार गरे अनि दिनभरी उपवास बसेर
तिनीहरूले भने, "हामीले परमप्रभुका विरूद्धमा पाप
काम गर्‍यौं।" यसरी शमूएल इस्राएलको न्यायकर्त्ता र
नायक भए।

७पलिश्तीहरूले इस्राएलीहरू मिस्पामा भेला हुँदैछन्
भन्ने कुरो थाहा पाए। पलिश्ती शासकहरू र इस्राएलीहरू
विरूद्ध युद्ध लड्न गए। इस्राएलीहरू पनि पलिश्तीहरू
आउँदैछन् भन्ने सुनेर डराउन थाले। ८इस्राएलीहरूले
शमूएललाई भने, "परमप्रभु हाम्रा परमेश्वरसित प्रार्थना
गर्नुहोस्। हामीहरूलाई पलिश्तीहरूबाट रक्षा गर्नुहोस्
भनि परमप्रभुसित भन्नुहोस्।"

९शमूएलले एउटा भेड़ाको पाठो लिए। उनले
परमप्रभुलाई होमबलि अर्पण गर्दै भेड़ाको पाठोलाई पूर्ण
रूपले जलाई दिए। शमूएलले इस्राएलका परमप्रभुलाई
प्रार्थना चढ़ाए। परमप्रभुले शमूएलको प्रार्थनाको जवाफ
दिनुभयो। १०जब शमूएलले होमबलि अर्पण गर्दैथिए
पलिश्तीहरू युद्ध गर्न अघि बढ़े। तर परमप्रभुले
पलिश्तीहरूका छेवैमा प्रचण्ड गर्जन उत्पन्न गराउनुभयो।
पलिश्तीहरूले बुझ्नै सकेनन्। त्यस गर्जनले पलिश्तीहरू
डराए र तितर-बितर भए। तिनीहरूका शासकले पनि
त्यो अवस्थालाई नियन्त्रण गर्न सकेनन्। यसरी
इस्राएलीहरूले पलिश्तीहरूलाई हराए। ११इस्राएलका
मानिसहरूले मिस्पाबाट पलिश्तीहरूलाई खेद्दै गए।
तिनीहरूले पलिश्तीहरूलाई आक्रमण गरे अनि बेत-
करसम्मै खेदे। बाटै भरी तिनीहरूले पलिश्ती सैनिकहरूलाई
मारे।

## इस्राएलमा शान्ति फर्कियो

१२त्यस पछि शमूएलले एउटा विशेष ढुंङ्गालाई
स्मारकको रूपमा मिस्पा र शेनको गाऊँको बीचमा
राखे र "सहायताको चट्टान"* नाउँ दिए। शमूएलले
भने, "परमप्रभुले यस ठाउँसम्म बाटोभरी नै हामीलाई
सहायता गर्नुभयो।"

---

**सहायताको चट्टान** को अर्थ "एबेन-एजेर" हो!

१३पलिश्तीहरूको पूरै हार भयो। तिनीहरूले फेरि
इस्राएलका भूमिमा प्रवेश गरेनन्। शमूएलको जीवनभरी
नै परमप्रभु पलिश्तीहरूको विरूद्धमा रहनुभयो।
१४पलिश्तीहरूले इस्राएलका शहरहरू लिएका थिए।
एक्रोन देखि गातसम्मका शहरहरू र त्यसका छेउ
छाउका क्षेत्रहरू पनि फिर्ता लिए।

त्यहाँ अमोरीतास र इस्राएली बीच पनि शान्ति थियो।

१५शमूएलले आफ्नो सम्पूर्ण जीवनभरी नै
इस्राएलीहरूलाई मार्गदर्शन दिए। १६शमूएलले इस्राएलका
एक ठाउँ देखि अर्को ठाउँ सम्मका सम्पूर्ण मानिसहरूलाई
न्याय दिलाए। प्रत्येक वर्ष देशको एक कूनादेखि अर्को
कुनासम्म यात्रा गरे। उनी गिलगान, बेतेल र मिस्पाको
फेरो मार्थे। यसरी शमूएलले इस्राएलमा कुशल र न्याय
पूर्वक शासन गरे। १७शमूएलको घर भने रामामा
थियो। यसर्थ तिनी संधै त्यहाँ जान्थे। शमूएलले त्यस
शहर देखि नै इस्राएलको न्याय र शासन गर्थे।
परमप्रभुका निम्ति शमूएलले रामामा एउटा वेदी बनाए।

## इस्राएलीहरूले राजाको माग गरे

८ शमूएल जब वृद्ध भए, तिनले आफ्ना छोराहरूलाई
इस्राएलका न्यायकर्त्ता नियुक्त गरे। २शमूएलका
जेठा छोराको नाउँ योएल थियो। माहिला छोराको नाउँ
चाहिँ अबियाह थियो। योएल र अबियाह बेर्शेबामा
न्यायकर्ता थिए। ३तर शमूएलका छोराहरू बाबुको
चालमा हिड़ेनन् योएल र अबियाहले घूस खाने गर्थे।
चुपचाप घूस लिएर न्यायलयमा अन्याय गर्थे। ४यसर्थ
इस्राएलका सबै बूढ़ा-प्रधानहरू शमूएललाई भेट्न रामामा
भेला भए। ५बूढ़ा-प्रधानहरूले शमूएललाई भने, "तपाईं
बूढ़ा हुनुभयो, तपाईंका छोराहरू तपाईं जस्ता ठीक
बाटामा छैनन्। अब, हामीलाई शासन अनि न्याय गर्न
अरु देशहरूको जस्तै राजा दिनुहोस्।"

६यसरी बूढ़ा-प्रधानहरूले तिनीहरूलाई मार्ग दर्शन
गर्ने एउटा राजा मागे। शमूएलले ठाने यो युक्ति गलत
छ। यसर्थ शमूएलले परमप्रभुमा प्रार्थना गरे। ७शमूएललाई
परमप्रभुले भन्नुभयो, "मानिसहरूले जसो भन्छन् त्यसै
गर। तिनीहरूले तँलाई अस्वीकार गरेका छैनन्। बरू
मलाई अस्वीकार गर्दैछन्। तिनीहरूले मलाई तिनीहरूको
राजा हुन अस्वीकार गरिरहेका छन्। ८तिनीहरूले सधैं
जे गर्थे त्यही गर्दैछन्। मैले तिनीहरूलाई मिश्रबाट
बाहिर ल्याएँ। तर तिनीहरूले आज मलाई छाड़ेर अन्य
देवताहरूको सेवा गरे। तिनीहरूले तँलाईं पनि त्यस्तै
गर्दैछन्। ९यसर्थ मानिसहरूका कुरा सुनेर तिनीहरूले
भने भैं गर। तर तिनीहरूलाई एउटा चेतावनी भने
दिनू। तिनीहरूलाई भनिदिनु राजाले तिनीहरूलाई के
गर्छ। एउटा राजाले मानिसहरूलाई कसरी शासन गर्छन्।"

१०ती मानिसहरूले एउटा राजाको माग गरे। यसकारण
परमप्रभुले भन्नु भएका सम्पूर्ण कुराहरू शमूएलले
मानिसहरूलाई बताए। ११शमूएलले भने, "यदि तिमीहरू
तिमीहरूमाथि शासन गर्ने राजा चाहान्छौ भने राजाले
यसो गर्नेछन्। उसले तिमीहरूको छोराहरूलाई लाने छन्
अनि उसको सेवा गर्न तिनीहरूलाई विवश
पार्नेछन। राजाले तिमीहरूका छोराहरूलाई सैनिक बनाएर
उनका रथ सँगसँगै दौड़न लगाउँने छन् र घोड़चढ़ी
बनाएर आफ्नो सैनिकमा राख्नेछन्। तिमीहरूका
छोरालाई आफ्ना रथको अघि दौडने रक्षक बनाउने
छन्। १२राजाले तिम्रो छोराहरूलाई सैनिक बन्न वाध्य
गराउने छन्। त्यसमध्ये कोही १,००० मानिसहरूका
अधिकारी बन्ने छन अनि अरु ५० जना भन्दा ज्यादा
मानिसका।

राजाले तिम्रा छोरालाई उनको खेत जोत्न र फसल
काट्न बाध्य गराउनेछन्। कतिलाई फेरि युद्धको निम्ति
हातहतियार बनाउन लाउनेछन्। कतिलाई रथको चीजहरू
बनाउँन लाउँनेछन्।"

१३"राजाले तिमीहरूका छोरीहरूलाई पनि लानेछन्।
तिनीहरूमध्ये कतिलाई खाना पकाउन र रोटी पकाउन
विवश गर्नेछन्। अनि कसैलाई अत्तर बनाउन बाध्य
गर्नेछन्।

१४"राजाले तिमीहरूको सबभन्दा असल खेतहरू,
दाखको बगैचा र भद्राक्षका रुखहरू लानेछन्। अनि
तिनीहरूलाई उसको सेवकहरूको हातमा सुम्पिदिनेछन्।
१५तिमीहरूको अन्न र दाखको फसलको दशौ भाग
राजाले लिनेछन्। अनि अधिकारीहरू अनि
सेवकहरूको हातमा सुम्पिदिनेछन् १६राजाले
तिमीहरूका कमारा-कमारीहरूलाई पनि लैजाने छन्।
उनले असल जातका पशु र गधाहरू पनि
तिमीहरूबाट लिनेछन्। यी सबै लगेर आफ्नै
उपयोगमा लगाउँने छन्। १७तिमीहरूका भेड़ा
बाख्राको दशौ भाग पनि तिनले लिनेछन्।

"अनि तिमी आफै पनि राजाको दास बनिनेछौ।
१८तब तिनीहरू आफूले चुनेको राजाबाट छुटकाराको
निम्ति रुनेछौ। तर त्यस समय परमप्रभुले कुनै जवाफ
दिनुहुने छैन।"

१९तर मानिसहरूले शमूएलको कुरा सुन्दैसुनेन्।
तिनीहरूले भने, "होइन! हामीलाई शासन गर्ने एउटा
राजा नै चाहिन्छ। २०तब हामी पनि अरु देश सरह
हुनेछौ, हामीलाई नेतृत्व दिने, हाम्रो अघि युद्ध लड़ने,
हाम्रा निम्ति युद्ध गर्ने हाम्रा राजा हुनेछन्।"

२१शमूएलले मानिसहरूको भनाइ सुने पछि शमूएलले
परमप्रभुलाई तिनीहरूका कुरा दोहोर्याइदिए। २२परमप्रभुले
जवाफ दिनु भयो, "तिनीहरूले चाहे जस्तै! तिनीहरूलाई
एउटा राजा देऊ।"

तब शमूएलले इस्राएलका मानिसहरूलाई भने, "ठीकै
छ! तिमीहरूले एउटा राजा पाउँने भयौ। अहिले सबै
तिमीहरूको शहरमा जाऊ।"

### शाऊलले पिताका गधाहरूको खोजी गर्छ

**९** कीश बिन्यामिनी कुलका एकजना महत्वपूर्ण मानिस थिए। कीश अबीएलका छोरा थिए। अबीएल जरोरका छोरा थिए। जरोर बकोरतका छोरा थिए। बकोरत, बिन्यामीन परिवारका मानिस ओपीहकका छोरा थिए। २कीशका एकजना शाऊल नाउँ गरेका छोरा थिए। शाऊल अत्यन्तै सुन्दर थिए। त्यहाँ शाऊल जस्तो सुन्दर कोही पनि थिएनन्। उभिदा शाऊल इस्राएलमा अन्य मानिसहरू भन्दा अग्ला थिए।

३एक दिन शाऊलका पिता कीशले आफ्ना गधाहरू हराए। यसकारण कीशले आफ्ना छोरा शाऊललाई भने, "एकजना नोकरलाई साथमा लिएर गधा खोज्न जा।" ४शाऊलले गधाहरू खोज्न शुरु गरे। शाऊल एप्रैमका पहाड़ी देश हुदै शलीशको इलाकातिर पुगे। तर शाऊल र नोकरले कीशका गधाहरूको पत्तो लगाउन सकेनन्। ती दुइजना गधाहरू खोज्दै शालेमका चारैतिर घुमे। तर त्यहाँ पनि गधाहरू थिएन। यसकारण तिनीहरूले बिन्यामिनीको प्रदेशमा पनि गधा खोज्दै यात्रा गरे तर त्यहाँ पनि गधाहरू भेट्टाउन सकेनन्।

५अन्त्यमा, शाऊल र उनका नोकर सूप नाउँका शहरमा पुगे। शाऊलले आफ्ना नोकरलाई भने, "हामीहरू फर्कौं। अब पिताजीलाई गधाहरूको भन्दा हाम्रो चिन्ता ज्यादा भइसक्यो होला।"

६तर नोकरले भन्यो, "यस शहरमा परमेश्वरका एकजना मानिस हुनुहुन्छ। मानिसहरूले उहाँलाई धेरै मान्छन्। उहाँले जे भन्नुहुन्छ त्यो पुग्छ। यसकारण हामीहरू शहरमा जाऔं। हुनसक्छ परमेश्वरका मानिसले हामीलाई अब कता जानुपर्ने हो भनिदिनुहुन्छ होला।"

७शाऊलले आफ्ना नोकरलाई भने, "ठीकै हो, हामी शहरमा जानसक्छौं। तर हामीले त्यस मानिसलाई के दिनसक्छौ र? हामीले बोकेका थैलाका भोजन पनि त सकिसक्यो। हाम्रोमा परमेश्वरका मानिसलाई दिने केहीभेंटी पनि छैन। हामी सँग दिने लायकको के छ र!"

८फेरि पनि त्यस नोकरले शाऊललाई भन्यो, "हेर्नुहोस्, मसँग अलिकति धनको रूपमा चाँदीको एक चौथाइ शेकेल छ। यही हामीले ती परमेश्वरका मानिसलाई चढ़ायौं भने उहाँले हामीलाई कता जानुपर्ने हो बताउनुहुन्छ।"

९-१०शाऊलले आफ्ना नोकरलाई भने, "त्यो असल सुझाव हो! हामी जाऔं!" यसरी तिनीहरू शहरमा गए जहाँ परमेश्वरका मानिस थिए।

११शाऊल र तिनका नोकर पहाड़ उक्लँदै शहरतिर जाँदै थिए। तिनीहरूले केही जवान स्त्रीहरूलाई बाटोमा भेंटे जो पानी भर्न आएका थिइन्। शाऊल र तिनका नोकरले ती ठिटीहरूलाई सोधे, "के दर्शी घरैमा हुनुहुन्छ?" (प्राचीन समयमा अगमवक्तालाई "दर्शी" भन्थे।)

१२ठिटीहरूले जवाफ दिए, "ज्यू, उहाँ हुनुहुन्छ। उहाँ तपाईंहरू भन्दा अघि जादै हुनहुन्छ। उहाँ आजै शहरमा आउँनुभयो। मानिसहरूले भेला भएर उच्च स्थानहरूमा मेलबलि चढ़ाउने भएका छन्। १३कृपया जानुहोस् र उहाँलाई शहरमा भेट्नुहुन्छ। यदि तपाईंहरूले चाँड़ो गर्नुभयो भने उहाँ दर्शीलाई आराधनालयमा खान जानुभन्दा पहिले भेटिहाल्नुहुन्छ। किनभने दर्शीले बलिदानलाई आशीर्वाद दिनुपर्छ। मानिसहरूले उहाँ त्यहाँ नपुग्ज्जेल भोजन ग्रहण गर्दैनन्। यसकारण चाड़ो जानुहोस्।"

१४शाऊल र तिनका नोकर शहर पुग्न पहाड़को बाटो उक्लन थाले। जस्तो तिनीहरू शहरभित्र पस्दै थिए, त्यस्तै शमूएल उनीहरूका अघिल्तिर देखा परे। शमूएल आराधना स्थानतिर जानलाग्दै थिए।

१५एक दिन अगाड़ि परमप्रभुले शमूएललाई भन्नुभएको थियो, १६"भोलि म यही समय पारेर एउटा मानिसलाई तँ कहाँ पठाउनेछु। यो मानिस बिन्यामिनी कुलको सदस्य हो। तैले त्यसलाई अभिषेक गरिदिनुपर्छ। त्यसपछि त्यो मानिस मेरा इस्राएली मानिसहरूका प्रमुख हुनेछ। त्यस मानिसले हाम्रा मानिसहरूलाई पलिश्तीहरूबाट बचाउँने छ। मैले मेरा मानिसहरूको कष्ट देखे र रोदन सुनेकोछु।"

१७शमूएलले शाऊललाई देखे अनि परमप्रभुले भन्नु भयो, "मैले तँलाई भनेको मानिस यही हो। यसैले नै मेरो मानिसहरूलाई शासन गर्नेछ।"

१८शाऊलले मूल-द्वारमा शमूएल कहाँ आएर भने, "कृपया दर्शी कहाँ हुनुहुन्छ, बताइ दिनुहुन्छ कि?"

१९शमूएलले भने, "म नै दर्शी हुँ। म भन्दा पहिले नै आराधनाको ठाउँमा जाऊ। तिमी र तिम्रा सेवकले आज मसित खाना खानेछौ। म तिमीलाई भोलि बिहान घर जानदिनेछु र जे सोध्नु छ बिहानै सोध्नु। २०ती गधाहरूको चिन्ता नगर जो तीन दिन पहिले हराएका थिए। ती गधाहरू फेला परिसकेका छन्। अब तिमीलाई सारा इस्राएलले नै खोजिरहेकोछ। तिनीहरूले तिमी र तिम्रा पिताका परिवारलाई नै चाहान्छन्।"

२१शाऊलले जवाफ दिए, "तर म त बिन्यामिनी कुलको सदस्य हुँ। हाम्रो परिवार इस्राएलको सबै भन्दा सानो परिवार समूह हो। त्यस माथि पनि बिन्यामिनी कुलभित्र पनि हाम्रो परिवार समूह सबैभन्दा सानो छ। तपाई किन भन्नुहुन्छ कि इस्राएलले मलाई चाहन्छ?"

२२त्यसपछि शमूएलले शाऊल र तिनका नोकरलाई भोजनालयतिर लिएर गए। लगभग तीस जना मानिसहरू एकसाथ खाना खान र बलिदानमा भाग गर्न निम्त्याइएका थिए। शमूएलले शाऊल र तिनका नोकरलाई महात्वपूर्ण स्थानमा बसाए। २३शमूएलले भान्सेलाई भने, "जो मैले तिमीलाई दिएको थिए त्यो मासु ल्याउनु। त्यो मासुको अंश मैले तिमीलाई सुरक्षित राख्न भनेंको थिए।"

२४भान्सेले फिला ल्यायो अनि शाऊलको अघि
टेबलमा राख्यो। शमूएलले भने, "यो त्यही मासु हो
जुन मैले तिम्रो निम्ति सुरक्षित राखेको थिएँ। यो खाऊ
कारण यो यस्तै विशेष दिनको निम्ति तिम्रो सम्मानको
लागि सुरक्षित राखेको थियो।" यसरी त्यस दिन शाऊलले
शमूएलसंगै खाना खाए।

२५खाना खाइसके पछि आराधनालयबाट झर्दै तिनीहरू
शहरतिर लागे। शमूएलले शाऊलका निम्ति कौसीमा
ओछ्यान लगाए शाऊल त्यहीं सुते।

२६भोलिपल्ट बिहानै शमूएलले शाऊललाई उठाउँदै
भने, "उठ, म तिमीलाई बाटो देखाइदिन्छु।" शाऊल
उठे अनि शमूएलकासाथ घरबाट बाहिरिए।

२७शहरको किनारतिर शाऊल, तिनका नोकर र
शमूएल अघि बढ्दै थिए। शमूएलले शाऊललाई भने,
"तपाईंको नोकरलाई हामी भन्दा अघि हिड्नु
भन्नुहोस। मैले तपाईंलाई परमेश्वरको संदेश सुनाउन
बाँकी नै छ।" नोकर तिनीहरू भन्दा केही अघि हिड्न
थाल्यो।

## शमूएलले शाऊललाई अभिषेक गरिदिए

१० शमूएलले एक ढुँग्रो विशेष तेल लिए र
शाऊलको टाउकोमा खन्याई दिए। शमूएलले
म्वाई खाँदै भने, "परमप्रभुले तपाईंलाई आफ्ना
मानिसहरूका अगुवाको रूपमा अभिषेक गर्नुभएको छ।
तपाईंले परमप्रभुका मानिसहरूलाई शासन गर्नुहुनेछ
तपाईंले तिनीहरूलाई चारैतिरका शत्रुबाट रक्षा गर्नुपर्छ।
परमप्रभुले तपाईंलाई आफ्नो मानिसहरूको शासकको
रूपमा अभिषेक गर्नुभएको हो। यहाँ एउटा संकेत छ
त्यसले यो सत्य हो भनि प्रमाण दिइने छ। २आज
तपाईंले मबाट बिदा भएर जानु भएपछि बिन्यामिनीको
सिमानामा भएको राहेलको चिहाननेर सेलमहमा दुइजना
मानिसहरू भेट्टाउनु हुनेछ। ती दुइजना मानिसहरूले
भन्नेछन्, 'तपाईंले खोजिरहनु भएको गधाहरू कसैले
पाएको छ। तपाईंका पिता गधाहरूबारे चिन्तित हुन
छाड़ेर तपाईंको निम्ति सुर्ता गर्दै भन्दै हुनुहुन्छ, अब म
मेरो छोराको लागि के गरूँ?'"

३तब शमूएलले भने, "तपाईंहरू ताबेरमा बज्राठको
रूख नआइञ्जेलसम्म अघि बढ्नुहोस। त्यहाँ तीनजना
मानिसहरू भेट्नुहुनेछ। तिनीहरू बेतलमा परमेश्वरको
आराधना गर्न गइरहेका हुनेछन्। ती मध्येको पहिलोले
तीनवटा पाठा बोकेको हुनेछ। दोस्रोले तीनवटा रोटी र
तेस्रोले एक मशक दाखरस बोकेको हुनेछन्। ४ती तीनै
जना मानिसले तपाईंलाई अभिवादन गर्नेछन्। तिनीहरूले
दुइवटा रोटी दिनेछन्। ती दुइवटै रोटी तपाईंले स्वीकार
गर्नुपर्छ। ५त्यहाँबाट तपाईं गिबियत एलोहिम जानुपर्छ।
त्यहाँ पलिश्तीहरूको एउटा चौकी छ। जब तपाईं त्यस
शहरमा पुग्नुहुन्छ केही अगमवक्ताहरू निक्लदै गरेको
भेट्नु हुनेछ। ती अगमवक्ताहरू आराधनास्थानबाट झर्दै
गरेका हुनेछन्। तिनीहरूले अगमवाणीहरू बोलिरहेका
हुनेछन्। तिनीहरूले खैजड़ी, ढोलक, बाँसुरी र वीणा
बजाउँदै गरेका हुनेछन्। ६त्यति बेला परमप्रभुको आत्मा
तपाईंमाथि उत्रनुहुनेछ र तपाईंलाई शक्ति दिनुहुनेछ,
तपाईं परिवर्तन हुनुहुनेछ। तपाईं भिन्न मानिस हुनुहुनेछ।
तपाईं पनि ती अगमवक्ताहरूसितै अगमवाणी बोल्न
सक्ने हुनुहुन्छ। ७यी घटनाहरू घटिसके पछि तपाईं जे
चाहनुहुन्छ गर्न सक्नुहुन्छ। किन? किनकी परमेश्वर
तपाईंसित हुनुहुनेछ।

८"म भन्दा पहिले गिलगाल जानुहोस्। त्यसपछि म
तपाईं भएकोमा आउने छु। म त्यहाँ होमबलि र
मेलबलि चढ़ाउँनेछु। तर तपाईंले सात दिन पर्खनु
पर्नेछ। तब म आउनेछु अनि तपाईंले के गर्नुपर्छ म
बताँउनेछु।"

## शाऊल अगमवक्ताको रूपमा

९जब शाऊल शमूएलबाट बिदा लिन फर्के, परमेश्वरले
शाऊलको जीवन नै अर्कै बनाइदिनुभयो। त्यही दिन यी
सबै घटनाहरू घटे। १०शाऊल र तिनको नोकर
गिबियथ एलोहिम गए। त्यहाँ शाऊलले अगमवक्ताहरूको
एक समूहलाई भेटे। परमेश्वरको आत्मा शक्तिसाथ
शाऊलमाथि तुरुन्तै उत्रियो अनि शाऊलले पनि ती
अगमवक्ताहरूको समूहमा अगमवाणी गर्नुभयो।
११ति-जसले शाऊललाई पहिले देखि चिन्थे उनीहरूले
शाऊललाई अगमवाणी गरेका देखे। यसर्थ तिनीहरूले
एक अर्कासित प्रश्न गर्न थाले, "कीशको
छोरालाई के भयो? के शाऊल पनि अगमवक्ताहरू
मध्ये एउटा हो?"

१२गिबियथ एलोहिमका एकजनाले भने, "हो! यस्तो
देखिँदैछ, ऊ नै तिनीहरूका गुरु हुन्।" यसैकारण यो
भनाइ प्रचलित छ: "के शाऊल पनि एउटा अगमवक्ता
नै हो?"

## शाऊल घर पुग्छन्

१३शाऊलले अगमवाणी बोल्न छोड़ेपछि घरकै छेउको
स्थानमा आराधना गर्न गए।

१४शाऊलका काकाले शाऊललाई र त्यस नोकरलाई
भने, "कता गएका थियौ?"

शाऊलले भने, "हामी गधाका खोजीमा थियौ। जब
हामीहरूले तिनीहरूलाई पाउँन सकेनौ त्यसपछि हामी
शमूएललाई भेट्न गयौं।"

१५शाऊलका काकाले भने, "मलाई भन त, शमूएलले
के-के भने?"

१६शाऊलेले भने, "शमूएलले हामीलाई गधाहरू
पाइसकेको छ भने।" शाऊलले प्रत्येक कुराहरू बताएनन्।
राज्यको बारेमा शमूएलले भनेको कुरा बताएनन्।

### शमूएलले शाऊललाई राजा घोषित गर्छन्

१७शमूएलले सबै इस्राएलका मानिसहरूलाई मिस्पामा परमप्रभुकहाँ भेला हुन बोलाए। १८शमूएलले इस्राएलका मानिसहरूलाई भने, “परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, ‘मैले इस्राएललाई मिश्रबाट बाहिर ल्याए। मैले तिमीहरूलाई मिश्रको अधीनबाट बचाएँ र अन्य राष्ट्रहरूबाट पनि बचाएँ जसले तिमीहरूलाई चोट पुर्‍याउन चाहन्थे।’ १९तर आज तिमीहरूले आफ्नो परमेश्वरलाई अस्वीकार गर्‍यौ। तिमीहरूका परमेश्वरले तिमीहरूलाई सबै दुःख र कष्टहरूबाट बचाउनुभयो। तर तिमीहरू भन्छौ, ‘होइन, हामीलाई शासन गर्ने एउटा राजा चाहिन्छ।’ यसैकारणले अब परमप्रभुको अगाड़ि परिवारका सदस्यहरू र परिवार समूहहरू लिएर उपस्थित होऊ।”

२०शमूएलले इस्राएलका सबै परिवार समूहलाई उपस्थित गराए। त्यसपछि शमूएलले नयाँ राजा छान्न थाले। पहिलो बिन्यामिनी कुल समूह चुनियो। २१शमूएलले बिन्यामिनी कुलसमूहका प्रत्येकलाई एक-एकजना गरेर अगाड़ि जानु भने। त्यसपछि मन्त्रीको परिवारलाई चुनियो। त्यसपछि त्यही मन्त्री परिवारको प्रत्येकलाई एक एकजना गरेर अगाड़ि जानु भने। यसरी कीशका छोरा शाऊललाई चुनियो।

जब मानिसहरूले शाऊललाई खोजे, त्यहाँ शाऊललाई भेट्टाएनन्। २२अनि तिनीहरूले परमप्रभुसित सोधे, “शाऊल यहाँ अझै आइपुगेकै छैनन्?”

परमप्रभुले भन्नुभयो, “त्यो त्यहाँ भेटी चढ़ाइएका सामानहरूको पछि लुकेकोछ।”

२३मानिसहरूले शाऊललाई सामानहरूको पछाड़िबाट खोजेर निकाले। शाऊल मानिसहरूका माझमा खड़ा भए। त्यहाँ शाऊल अरु भन्दा अग्ला थिए।

२४शमूएलले सबै मानिसहरूलाई भने, “परमप्रभुले चुन्नु भएको मानिसलाई हेर। मानिसहरूमा शाऊल जस्तो मानिस अर्को कोही छैन।”

त्यसपछि मानिसहरूले नारा लगाए, “हाम्रा राजा दीर्घायु रहुन्।”

२५शमूएलले राज्यका नियमहरू मानिसहरूलाई बुझाए। यो एउटा पुस्तकमा पनि लेखे र यस व्यवस्थाको पुस्तकलाई परमप्रभुको अघि राखे। तब तिनले मानिसहरूलाई घर जानु भने।

२६शाऊल पनि गिबामा आफ्ना घर गए। अनि केही वीरपुरुषहरू शाऊलसित गए। अनि परमेश्वरले यी वीर पुरुषहरूको हृदय छुनुभयो। २७तर कोही बदमाशहरूले भने, “यो मानिसले हामीलाई कसरी रक्षा गर्छ?” तिनीहरूले शाऊलको विरूद्धमा नराम्रो भन्न थाले र उपहार नदिनेभए। तर शाऊलबाट कुनै प्रतिक्रिया भएन।

### अम्मोनीहरूका राजा नाहाश

अम्मोनीका राजा नाहाशले गाद र रुबेन कुल समूहरूलाई सताईरहेका थिए। नाहाशले प्रत्येक पुरूषको एउटा दाहिने आँखा निकाल्न लगायो। नाहाशले तिनीहरू कसैलाई पनि सहायता गर्न दिएनन्। अम्मोनीका राजा नाहाशले यर्दन नदीको पूर्वतिर बस्ने प्रत्येक इस्राएली मानिसहरूको दाहिने आँखा निकाले। तर ७,००० इस्राएली मानिसहरू अम्मोनीबाट भागेर याबेश गिलाद आए।

**११** झण्डै एक महिना पछि अम्मोनी नाहाश र तिनका सेनाहरूले याबेश गिलादलाई चारैतिरबाट घेरे। याबेशका सबै मानिसहरूले नाहाशलाई भने, “यदि तपाईंले हामीसँग सन्धि गर्नुभयो भने हामी तपाईंका प्रजा बन्न तयार छौ।”

२तर अम्मोनी नाहाशले भने, “यदि मैले जम्मै इस्राएलीहरूका दाहिने आँखा धोचेर निकाल्न सकें भने म तिमीहरूसित सन्धि गर्नेछु। तब मात्र सारा इस्राएलको बेइज्जत हुनेछ।”

३याबेशका प्रमुखले भने, “हामीलाई सात दिनको समय दिनुहोस्। सारा इस्राएलमा हामी दूत पठाउँछौ। यदि कोही पनि सहायता गर्न आएनन् भने हामी आएर तपाईंको अघि समर्पित हुनेछौ।”

### शाऊलले याबेश गिलादलाई बचाउँछन्

४ती दूतहरू गिबामा आए जहाँ शाऊल बस्थे। तिनीहरूले मानिसहरूलाई समाचार दिए। मानिसहरू समाचार सुनेर रून थाले। ५शाऊल आफ्ना खेतबाट गाईहरू लिएर फँर्कदै थिए। शाऊलले खेतको अघि आउँदा मानिसहरू रोइरहेका सुने। शाऊलले भने, “मानिसहरूलाई के कष्ट भयो? किन रोइरहेकाछन्।”

मानिसहरूले याबेशका दूतहरूले जे खबर ल्याएका थिए शाऊललाई बताए। ६शाऊले ध्यान दिएर सबै सुने। त्यति नै बेला शाऊलमाथि परमेश्वरको आत्मा उत्रिनुभयो। शाऊल साहै रिसाए। ७शाऊलले एक जोड़ी गाई ल्याए अनि टुक्रा-टुक्रा पारे। अनि ती मासुका टुक्राहरू सबै ती खबर ल्याउने दूतहरूलाई दिए। तिनले ती सबै मासुको टुक्राहरू इस्राएलभरी पुर्‍याउन दूतहरूलाई आदेश दिए। यो सन्देश इस्राएलीहरूलाई दिनुभनि तिनीहरूलाई भने, “आऊ अनि शाऊल र शमूएललाई अनुशरण गर। यदि कसैले यसो गर्दैन भनि तिनीहरूलाई पनि उसको गाईलाई गरेको व्यवहार गरिनेछ!”

परमप्रभुबाट मानिसहरूमा ज्यादै डर पस्यो। यसकारण मानिसहरू एकसाथ सबै एउटै मानिसजस्ता भई निस्के। ८शाऊलले सबै मानिसहरूलाई बेजेकमा एकसाथ भेला गराए। त्यहाँ इस्राएलका ३,००,००० र यहूदाका ३०,००० मानिसभेला भए।

९शाऊल र तिनका सैनिकहरूले याबेशका दूतहरूलाई भने, “गिलादमा याबेशका मानिसहरूलाई भन भोलि मंध्याह्नभित्र तिमीहरूको उद्धार हुनेछ।”

दूतहरूले शाऊलको सु-सन्देश याबेशका मानिसहरूलाई दिए। याबेशका मानिसहरू अतिनै खुशी भए। १०त्यसपछि याबेशका मानिसहरूले अम्मोनी नाहाशलाई भने, “भोलि हामी तपाईंकहाँ आउनेछौं। तपाईंलाई जे इच्छा लाग्छ हमीलाई त्यही गर्नुहोस्।”

११भोलिपल्ट शाऊलले आफ्ना सैनिकहरूलाई तीन खण्डमा बाँड़े। सूर्योदयको समयपछि शाऊल र तिनका सैनिकहरू अम्मोनीहरूको छाउनी भित्र पसे। जब शाऊलले आक्रमण गरे यो रातमा बस्ने रक्षक दलको अदला-बदली गर्ने समय थियो, शाऊल र तिनका सैनिकहरूले अम्मोनीहरूलाई मध्याह्न भन्दा पहिले नै हराए। सबै अम्मोनी सैनिकहरू तितर-वितर भए। दुइजना अम्मोनी सैनिक एकसाथ हुने मौका कतै पाएनन्।

१२तब मानिसहरूले शमूएललाई भने, “ती मानिसहरू कहाँ छन् जसले शाऊललाई राजाको रूपमा शासन गरेको हेर्न चाहेनन्। ती मानिसहरू हाम्रा सामु झिकाईउन्। हामी तिनीहरूलाई मार्छौं।”

१३तर शाऊलले भने, “होइन, आज कसैलाई मार्नु हुँदैन। आज परमप्रभुले इस्राएलको रक्षा गर्नु भएको छ।”

१४त्यसपछि शमूएलले मानिसहरूलाई भने, “आऊ, हामी गिलगाल जाऔँ। गिलगालमा हामी शाऊललाई फेरि राजाकोरूपमा घोषणा गरौं।”

१५यसरी सबै गिलगाल गए। त्यहाँ परमप्रभुको अगाड़ि शाऊललाई मानिसहरूले राजा बनाए। तिनीहरूले परमप्रभुलाई मेलबलि पनि चढ़ाए। शाऊल र सबै इस्राएलीहरूले ठूलो हर्षमा उत्सव मनाए।

## शमूएलले राजाबारे बताए

**१२** शमूएलले सबै इस्राएलीहरूलाई भने: “तिमीहरूले भनेको प्रत्येक कुरा मैले गरे। तिमीहरू माथि राजा नियुक्त गरे। २अब तिमीहरूलाई अगुवाई गर्नको निम्ति राजा हुनुहुन्छ। म बुढ़ो भएँ तर मेरा छोराहरू तिमीहरूसित छन्। जब म एउटा ठीटो थिएँ, त्यस बेला देखि तिमीहरूका अगुवा भएर आएँ। ३अहिले म यहाँ छु। यदि मैले कुनै भूलचुक गरेको भए परमप्रभुको अघि अनि परमप्रभुले चुन्नु भएको राजाअघि तिमीहरूले भन्नुपर्छ। के मैले कसैको गाई अथवा गधा चोरेँ? कसैलाई ठगे वा कष्ट पुर्‍याएँ? के मैले पैसा अथवा एक जोड़ी जुत्ता कहिले घुस लिएकोछु? यदि मैले यस्तो केही गरेको भए त्यसलाई म सच्याउनेछु।”

४सबै इस्राएलीहरूले जवाफ दिए, “होइन! तपाईंले हामी कसैलाई पनि केही नराम्रो गर्नुभएन। हामीलाई कहिले पनि ठग्नुभएन र केही पनि लिनुभएन।”

५शमूएलले इस्राएलीहरूलाई भने, “परमप्रभु र उहाँले चुन्नु भएको राजा गवाही हुनुहुन्छ। तिमीहरूले जे-जे भन्दैछौ उहाँ दुइजनाले सुन्दैहुनुहुन्छ। उहाँहरूलाई पनि थाहा भयो तिमीहरूले मलाई कुनै दोष दिएनौ।” सबै मानिसहरूले एकसाथ जवाफ दिए, “साँच्चै हो! परमप्रभु नै गवाही हुनुहुन्छ!”

६तब शमूएलले मानिसहरूलाई भने, “हो परमप्रभु हाम्रो गवाही हुनुहुन्छ। परमप्रभुले नै मोशा र हारूनलाई चुन्नुभयो। अनि उहाँ नै हुनुहुन्छ जसले तिम्रा पिता-पुर्खाहरूलाई मिश्रबाट बाहिर ल्याउनु भयो। ७अब तिमीहरू त्यहाँ खड़ा होऊ, म तिमीहरूलाई परमप्रभुले तिम्रा पिता-पुर्खाहरू र तिमीहरूका लागि गर्नुभएका ती राम्रा अर्थहरू बताउँछु। ८याकूब मिश्र गए पछि मिश्र बासीहरूले उसका सन्तानहरूको जीवनलाई धेरै कष्टमय बनाए। यसर्थ तिनीहरूले परमप्रभुलाई सहायताको निम्ति रोइकराइ गरे। परमप्रभुले मोशा र हारूनलाई पठाउनु भयो। मोशा र हारूनले तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रबाट बाहिर लिएर आए अनि यही ठाउँमा बस्ने व्यवस्था मिलाई दिए।

९“तर तिम्रा पिता-पुर्खाहरूले परमप्रभु परमेश्वरलाई त्यागे। यसकारण परमप्रभुले तिनीहरूलाई सीसराका दास हुन दिनुभयो। सीसरा हासोरका सेनाका सेनापति थिए। त्यसपछि परमप्रभुले तिनीहरूलाई पलिश्ती र मोआबका राजाका हातमा सुम्पिदिनुभयो। तिनीहरू सबै तिम्रा पिता-पुर्खाहरूको विरूद्ध लड़े। १०तर तिमीहरूका पिता-पुर्खाहरूले रूँदै परमप्रभुलाई सहायता मागे। तिनीहरूले भने, ‘हामीले पाप गर्‍यौं। हामीले परमप्रभुलाई छाड़ेर झूटो देवता बाल र देवी अश्तारोतको सेवा गर्‍यौं। अब हामीलाई हाम्रा शत्रुहरूबाट बचाउनुहोस्, हामी तपाईंका सेवक बन्नेछौं।’

११“यसकारण परमप्रभुले यरूब्बाल, बाराक, यिप्तह अनि शमूएललाई त्यहाँ पठाउनुभयो। परमप्रभुले तिमीहरूको चारैतिरका शत्रुहरूबाट तिमीहरूलाई रक्षा गर्नुभयो यसकारण तिमीहरू सुरक्षित रह्यौ। १२त्यस समयमा पनि अम्मोनीको राजा नाहाश तिमीहरूको विरूद्ध लडन आएको देख्यौ। तिमीहरूले भन्यौ, ‘होइन, हामीहरूमाथि शासन गर्ने राजा नै चाहिन्छ।’ तिमीहरूले यही भन्यौ यद्यपि परमप्रभु तिमीहरूका परमेश्वर नै राजा हुनुहुन्थ्यो। १३अब तिमीहरूले चुनेका राजा यहाँ छन्। परमप्रभुले तिमीहरूमाथि राजालाई नियुक्ति गर्नुभयो। १४यदि तिमीहरूले उहाँलाई सम्मान गर्‍यौ भने परमप्रभुले तिमीहरूको रक्षा गर्नु हुन्छ। तर तिमीहरूले परमप्रभुको डर राख्दै सम्मान गर्नु पर्नेछ। आदेश पालनगर्दै सेवा गर्नुपर्ने छ। उहाँको विरूद्धमा जाने छैनौ। तिमीहरूका

साथै तिमीहरूलाई शासन गर्ने राजाले पनि परमप्रभु
तिमीहरूका परमेश्वरको अनुसरण गर्नुपर्छ। यदि
तिमीहरूलाई भनेका कुराहरू पालन गर्छौ भने परमेश्वरले
तिमीहरूलाई रक्षा गर्नुहुनेछ। १५तर यदि परमप्रभुले
भनेका तिमीहरूले मानेनौ र उहाँको विरूद्धमा गयौ
भने, उहाँ पनि तिमीहरू र तिमीहरूका शासकको
विरुद्धमा जानुहुनेछ। १६अब अझै चुपचाप उभिएर त्यो
अचम्मको कामलाई हेर, जुन परमप्रभुले तिमीहरूका
आँखा अगाड़ि गर्नुहुनेछ। १७यो गहुँको फसल काट्ने
समय हो। म परमप्रभुसँग प्रार्थना गर्नेछु। म उहाँसँग
बिजुली चम्कँदै पानीपार्ने बिन्ती गर्नेछु। तब तिमीहरूलाई
यो थाहा लाग्ने छ कि तिमीहरूले परमप्रभुको विरुद्धमा
राजा मागेर भूल काम गरेका छौ।"

१८यसकारण शमूएलले परमप्रभुसँग प्रार्थना गरे।
त्यही दिन परमप्रभुले मेघ गर्जनसित पानी बर्साउनु
भयो। यसकारणले गर्दा मानिसहरू परमप्रभु र शमूएलसंग
साह्रै डराए। १९सबै मानिसहरूले शमूएललाई भने,
"दया गरेर परमप्रभु तपाईंका परमेश्वरलाई हाम्रो निम्ति
प्रार्थना गरिदिनु होस, तपाईंका सेवकहरूका निम्ति
हामीहरूलाई नष्ट हुन नदिनु होस्। हामीले धेरै चोटी
पाप गरेका छौ। हामीले राजा मागेर फेरि अर्को पाप
थपेका छौं।"

२०शमूएलले जवाफ दिए, "नडराऊ! यो सत्य हो!
तिमीहरूले त्यस्ता नराम्रा कामहरू गर्‍यौ। तर परमप्रभुलाई
पछ्याउन नछोड़। हृदय देखि नै परमप्रभुको सेवा गर।
२१देवताका मूर्तिहरू केवल मूर्ति मात्र हुन्। त्यसले
तिमीहरूलाई सहायता गर्दैन। यसर्थ त्यसको पूजा नगर।
देवताका मूर्तिहरूले न त तिमीहरूलाई सहायता गर्न
सक्छ न त रक्षा नै तिनीहरू केहि होइनन्। २२तर
परमप्रभुले आफ्ना मानिसहरूलाई छोड़्नु हुँदैन। परमप्रभु
तिनीहरूलाई आफ्नो मानिस बनाएर प्रसन्न हुनुहुन्थयो।
यसर्थ उहाँले आफ्नो नाउँको खातिर तिनीहरूलाई त्याग्नु
हुनछैन। २३अनि म तिमीहरूका निम्ति प्रार्थना गर्न
छोड़ने छैन्। यदि मैले तिमीहरूका लागि प्रार्थना गरिनँ
भने परमप्रभु विरुद्ध मेरो पाप हुनेछ। म तिमीहरूलाई
शिक्षा दिइरहन्छु ताकि तिमीहरूले राम्रो र सही जीवन
जिउनेछौ। २४तर तिमीहरूले परमप्रभुको डर अनि
आदर गर्नैपर्छ। तिमीहरूको सम्पूर्ण हृदयले परमप्रभुको
सेवा हुनुपर्छ। उहाँले तिमीहरूका निम्ति गर्नुभएको
अचम्मका कार्यहरूलाई सम्झौ। २५तर यदि तिमीहरूले
हठी र लगातार दुष्ट कार्य गरिरह्यौ भने: परमेश्वरले
तिमीहरू र तिमीहरूका राजालाई नष्ट गर्नु हुनेछ।"

### शाऊलले पहिलो भूल गर्छन्

१३ त्यसबेला शाऊलले राजाको रूपमा एक वर्ष
बिताइसकेका थिए। जब इस्राएलमा शासन
गरेको दुइ वर्ष भएको थियो, २तिनले इस्राएलबाट
३,००० पुरूषलाई छाने। त्यसमध्ये २,००० पुरूष
मिकमाशमा बेतेलको पहाड़ी प्रदेशमा रहनथाले। त्यहाँ
१,००० मानिसहरू बिन्यामीनको अन्तरगत गिबामा
जोनाथनसित रहनथाले। बाँकी रहेका सैनिकहरूलाई घर
पठाइदिए।

३जोनाथन गिबामा गए र पलिश्तीहरूलाई तिनीहरूकै
छाउनीमा हराए। पलिश्तीहरूले यो सुने। तिनीहरूले
भने, "हिब्रूहरूले विद्रोह गरे।"

शाऊलले मानिसहरूलाई सारा इस्राएल भरी तुरही
फुक्न आज्ञा गरे र भने, "जे भएको छ हिब्रूहरूले
सुनोस्।" ४सबै इस्राएलीहरूले यो खबर सुने। तिनीहरूले
भने, "शाऊलले पलिश्तीका अगुवाहरूलाई मारे। अब
भने पलिश्तीहरूले साँच्चै इस्राएलीहरूलाई घृणा गर्नेछन्।"

इस्राएलीहरूलाई शाऊलसँग भेट्नका निम्ति गिलगालमा
बोलाइयो। ५पलिश्तीहरू इस्राएलसित लड़नलाई भेला
हुनथाले। पलिश्तीहरूसँग ३,००० रथ र ६,०००
घोड़सवारी थिए। बालुवाका कण किनारमा थुप्रिए झैं
पलिश्ती सैनिकहरू थुप्रिएका थिए। मिकमाशमा
पलिश्तीहरूले छाउनी हालेका थिए। (मिकमाश बेत-
आवेनको पूर्वतिर पर्छ।)

६इस्राएलीहरूले बुझे कि तिनीहरू खतरामा थिए।
तिनीहरूलाई पलिश्तीहरूले घेरा हालेका थिए अनि
तिनीहरू गुफा चर्कीएको चट्टानमा दगुरेर गए कुवा र
अरु दुलोहरू तिर लुके। ७कोही हिब्रूहरू त यर्दन नदी
पार गरेर गाद अथवा भागेर गिलाद तिर पुगे। शाऊल
भने गिलगालमा नै थिए। तिनका सम्पूर्ण सैनिकहरू
डरले कामिरहेका थिए।

८शमूएलले भने उनी शाऊलसित गिलगालमा भेट्ने
छन्। शाऊलले सात दिनसम्म पर्खे। तर शमूएल
गिलगाल जाँदै गएनन् यसर्थ शाऊललाई सैनिकहरूले
छोड्न शुरू गरे। ९त्यति बेला शाऊलले भने, "मेरो
निम्ति होमबलि र मेलबलि जुटाइदेऊ।" त्यसपछि
शाऊलले होमबलि चढाए। १०तब शाऊलले बलि भेटी
चढ़ाईन सके, शमूएल पनि त्यहाँ आइपुगे। शाऊल
तिनीलाई भेट्न गए।

११शमूएलले सोधे, "तपाईंले यो के गर्नुभयो?"

शाऊलले जवाफ दिए, "धमाधम सैनिकहरूले मलाई
छोड्नलागे। तपाईं पनि यहाँ हुनुहुन्न थियो, अनि
पलिश्तीहरू मिकमाशमा भरिएका थिए। १२मैले सोचें,
पलिश्तीहरू यहाँ गिलगालमा आएर मलाई आक्रमण
गर्नेछन्। मैले अहिलेसम्म परमप्रभुलाई सहायताको निम्ति
बिन्ती पनि गरिन। अन्त्यमा बाध्य भएर मैले होमबलि
चढ़ाएँ।'"

१३शमूएलले भने, "तपाईंले मूर्खता पूर्ण काम
गर्नुभयो। तपाईंले परमप्रभु तपाईंका परमेश्वरको आदेशको
पालन गर्नुभएन! यदि तपाईंले परमेश्वरको आदेशको
उलंघन नगरेको भए परमेश्वरले तपाईंको परिवारलाई

सदाको निम्ति इस्राएलको शासन दिनुहुन्थ्यो। १४अब तपाईंको शासन अझ अघि बड़ने छैन। परमप्रभुले यस्तो मानिस खोज्नु भएको थियो जसले उहाँको आदेश पालन गर्छ। परमप्रभुले उहाँले चाहेको जस्तो मानिस भेट्ट्याउनु भएको छ र परमप्रभुले त्यही मानिसलाई आफ्ना मानिसहरूको प्रमुख बनाउँनु हुनेछ। तपाईंले परमप्रभुको आदेश पालन गर्नु भएन यसकारण उहाँले अर्को नया राजा छान्नु हुनेछ।" १५त्यसपछि शमूएल उठे र गिलगाल छाड़ेर गए।

## मिकमाशको युद्ध

शाऊल र उसका केही बचेका सैनिकहरूले गिलगाल छोड़े। तिनीहरू बिन्यामीनको गिबातिर गए। शाऊलले अहिलेसम्म आफ्ना साथ नछोड़ने मानिसहरूको गन्ती गरे। तिनीहरू प्रायः ६०० जति रहेछन्। १६शाऊल, तिनका छोरा जोनाथन र उनीसित भएका सैनिकहरू बिन्यामीन कहाँ गिबामा गए।

पलिश्तीहरूले मिकमाशमा छाउनी हालेका थिए। १७पलिश्तीहरूले त्यहाँ रहेका इस्राएलीहरूलाई दण्ड दिने निश्चय गरे। तिनीहरूका शक्तिशाली सैनिकहरूले आक्रमण शुरू गरे। पलिश्ती सैनिकहरू तीन भागमा बाँडिएका थिए। पहिलो दल उत्तरतिरको ओप्रा जाने सड़कबाट शूआल तर्फ लागे। १८दोस्रो दल दक्षिण पूर्व बेथ-होरोन जाने सड़क तर्फ लागे तेस्रो दल चाहि पूर्वतिरको सीमासम्म पुग्ने सड़कतिर लागे। यो सड़क सबोइमको बेंसीमा मरुभूमि तर्फ फैलिएर गएको थियो।

१९इस्राएलका मानिसहरूले फलामका हात हतियार बनाउन जान्दैनथे। त्यस समय इस्राएलमा लोहार पाइँदैन्थ्यो। पलिश्तीहरूले इस्राएलीहरूलाई फलामको हात हतियार बनाउन सिकाएनन् कारण इस्राएलीहरू आफैले फलामको हात हतियार बनाए भने पलिश्तीहरूलाई खतरा हुन्छ। २०पलिश्तीहरूले मात्र हात हतियारमा उध्याउँथे। यदि इस्राएलीहरूलाई आ-आफ्ना हात हतियार जस्तै, फाली, कोदालो, बञ्चरो र हँसियामा उध्याउँनु पर्‍यो भने तिनीहरू पलिश्तीहरू भएको मै जानुपर्थ्यो। २१पलिश्ती लोहारहरूले फाली र कोदालोमा साँध लगाउन शेकेलको दुइ-तिहाई चाँदी लिन्थे भने बञ्चरो र गोरू धपाउने अँङ्कुसे मिलाउनलाई शेकेलको एक-तिहाई लाग्थ्यो। २२यसर्थ युद्धका दिनहरूमा शाऊलका सैनिकसित न त फलामको तरवार थियो न त भाला नै। खालि शाऊल र तिनका छोरा जोनाथनसित फलामको हतियार थियो।

२३पलिश्तीहरूको एक दल सैनिकले मिकमाशको बेंसीलाई पूर्ण सुरक्षित तुल्याइरहेका थिए।

## जोनाथनले पलिश्तीहरूमाथि आक्रमण गर्छन्

१४ एक दिन शाऊलका छोरा जोनाथनले तिनका हतियार बोक्ने युवकलाई भने, "हिंड़र बेंसीको पल्लो पट्टि पलिश्तीहरूको छाउनीमा जाऔं।" तर जोनाथनले यो कुरा आफ्ना पितालाई भनेन।

२शाऊल पहाड़को किनारा मिग्रोनमा एउटा अनारको रूखमुनि बसिरहेका थिए। छेवैमा खला पनि थियो। शाऊलसँग प्राय ६०० मानिसहरू थिए। ३एकजनाको नाउँ अहियाह थियो। अहिया ईकाबोदका भाइ अहीतूबका छोरा थिए। ईकाबोद पीनहासका छोरा थिए। पीनहास एलीका छोरा थिए। अहिले एली शीलोमा परमप्रभुको पूजाहारी थिए। अहियाह पूजाहारी थिए अनि तिनले एपोद लगाएका थिए। यी मानिसहरूले जोनाथन गइसकेको कुरा चाल पाएनन्।

४वाटोको दुवै पट्टि ठूला-ठूला चट्टानहरू थिए। जोनाथनले त्यही बेंसीको बाटो भएर पलिश्तीहरूको छाउनीमा पुग्ने निश्चय गरे। बाटोको एकापट्टि बोसेस नाउँ भएको एउटा ठूला चट्टान थियो र अर्को तर्फ सेन नाउँ गरेको अर्को चट्टान थियो। ५एउटा ठूलो चट्टान भने उत्तरतिर मिकमाशलाई हेरिरहे भैं देखिन्थ्यो। अर्को चट्टानले भने दक्षिणतिर गिबालाई हेरिरहे भैं देखिन्थ्यो।

६जोनाथनले आफ्नो हतियार बोक्ने युवा सहयोगीलाई भने, "आऊ, ती विदेशीहरूको छाउनीमा जाऔं। हुन सक्छ, परमप्रभुले तिनीहरूलाई डराउनको निम्ति हामीलाई उपयोग गर्नुहुनेछ। हाम्रोसँग ज्यादा सैनिक होस कि नहोस् परमप्रभुलाई कसैले रोक्न सक्दैन।"

७जोनाथनको हतियार बोक्ने युवकले भन्यो, "तपाईंलाई जे राम्रो लाग्छ त्यहि गर्नुहोस्। म त तपाईंको साथमा छँदैछु।"

८जोनाथनले भन्यो, "जाऔं! त्यो बेंसीबाट भएर सिधै पलिश्ती रक्षकहरू भएतिर जाऔं। हामी तिनीहरूले देख्ने गरी अघि बढ़ौं। ९यदि तिनीहरूले हामीलाई, 'तिमीहरू त्यही उभिनू जबसम्म हामी त्यहाँ आइपुग्दैनौं भन्छन भने हामी जहिंतहीं उभिनेछौं। हामी अघि बढ्दैनौं। १०तर यदि पलिश्तीहरूले हामीहरूलाई 'अगाड़ि बढ़' भने, हामी तिनीहरू भएसम्म चढ़छौं। किनभने यो परमेश्वरको चिन्ह हो यो चिन्हको अर्थ हुनेछ परमप्रभुले तिनीहरूलाई हराउनु हुनेछ।"

११यसर्थ जोनाथन र तिनका सहयोगी पलिश्तीहरूले देख्ने गरी उभिए। पलिश्ती रक्षकहरूले भने, "हेर! हिब्रूहरू लुकेको खाल्टोबाट निस्केर आउँदैछन्।" १२किल्लाको रक्षक पलिश्तीहरूले जोनाथन र तिनका सहायकलाई कराएर भने, "यहाँ आऊ, तिमीहरूलाई हामी पाठ सिकाउँने छौं।"

जोनाथनले आफ्नो सहयोगीलाई भन्यो, "पहाड़ चढ्दा मेरो पछि आउनु, परमेश्वरले यसरी मिलाउनु भएको छ कि इस्राएलीहरूले पलिश्तीहरूलाई हराउने छ।"

१३-१४जोनाथन हात खुट्टा टेकेर पहाड़माथि उग्ले। तिनका सहायक पनि पछि लागे। जोनाथन र तिनका

सहायकले पलिश्तीहरूलाई आक्रमण गरे। पहिलो आक्रमणमा तिनीहरूले बीसजना पलिश्तीहरूलाई आधा एकर जमीनमा मारे। जोनाथनले उसको अघाड़ि आएकाहरूसित लड़ाई गरिनै रहे। पछाड़िबाट तिनका सहायक आए अनि घाईतेहरूलाई मारे।

**१५**मैदान, छाउनीमा र किल्लामा भएका सबै पलिश्ती सैनिकहरू डराउन थाले। यहाँसम्म भयो कि पलिश्तीहरूका वीरभन्दा वीर सैनिक पनि डराए। जमीन काम्यो र पलिश्ती सैनिकहरू साह्रै नै डराए।

**१६**शाऊलका रक्षकहरूले बिन्यामीन देशको गिबामा भएका पलिश्ती सैनिकहरू चारै दिशातिर भाग-भाग गरेको देखे। **१७**शाऊलले आफ्ना छेवैमा भएका सैनिकहरूलाई भने, "सैनिकहरूको गन्ती गर। म यो जान्न चाहन्छु कि कसले छाउनी छोड़े।"

तिनीहरूले गन्ती गरे। छाउनीमा जोनाथन र तिनका सहायक थिएनन्।

**१८**शाऊलले अहियाहलाई भने, "परमेश्वरको पवित्र सन्दूक ल्याऊ!" त्यस समय सन्दूक इस्राएलीहरूसँग नै थियो। **१९**शाऊल पूजाहारी अहियाहसँग कुरा गर्दैथिए। शाऊलले परमेश्वरको सुझाव पर्खिरहेका थिए। तर पलिश्तीहरूको छाउनीमा होहल्ला र अशान्ती अझै बढ्दै थियो। शाऊलको धैर्य खतम भइसकेको थियो। अन्त्यमा पूजाहारी अहियालाई शाऊलले भने, "अब भयो प्रार्थना गर्न बन्द गर, हात तल झार।"

**२०**शाऊलले आफ्ना सैनिकहरूलाई एकत्रित पारे र युद्धको निम्ति निस्किए। पलिश्ती सेनाहरू साँच्चै नै अलमल्ल पारिरहेका थिए। तिनीहरूले एक-अर्कामा तिनीहरूको तरवार लिएर झगड़ा गर्न शुरु गरे। **२१**केही हिब्रूहरू पनि पलिश्तीहरूसित तिनीहरूका नोकरहरू जस्तै त्यही छाउनीमा थिए। तिनीहरूले पनि पलिश्तीहरूलाई आक्रमण गरे। तिनीहरू पनि इस्राएली शाऊल र जोनाथनसित मिले। **२२**पलिश्ती सैनिकहरू भाग्दै छन् भन्ने खबर एप्रैमका पहाड़ी प्रदेशमा लुकेका सबै इस्राएलीहरूले सुने। यसैले ती इस्राएलीहरू पनि युद्धमा सामेल भएर पलिश्तीहरूलाई खेद्दन थाले।

**२३**यसरी परमप्रभुले इस्राएलीहरूलाई त्यस दिन रक्षा गर्नुभयो। तिनीहरूले बेत-आवेनको पारिसम्मै लड़ाइलड़े। सबै सैनिकहरू शाऊलका साथ थिए त्यहाँ झण्डै १०,००० पुरूष थिए। एप्रैमका पहाड़ी देशको प्रत्येक शहरमा युद्ध फैलियो।

## शाऊलले दोस्रो चोटि भूल गर्छन्

**२४**त्यस दिन शाऊलले ठूलो भूल गरे। इस्राएलीहरू भोका र थकित थिए, कारण शाऊलले शपथ खान लगाएका थिए, शाऊलको शपथ थियो, साँझ अघि कसैले केही खाने छैन। "अथवा मैले मेरो शत्रुहरूलाई पराजित नगरून्जेलसम्म खानेकुरा खाए त्यसलाई दण्ड दिइनेछ।" यसर्थ कुनै इस्राएली सैनिकले केही खाएनन्।

**२५-२६**युद्धको कारणले मानिसहरू जंगलमा गए। तिनीहरूले भुईमा महको चाको देखे। मह भएसम्म तिनीहरू पुगेर पनि मह खाएनन्। शपथ तोड़िने हुनाले डराए। **२७**तर जोनाथनलाई शपथ बारे केही थाह थिएन। जोनाथनले आफ्ना पिताले जबरदस्ती मानिसहरूलाई शपथ खुवाएको कुरा सुनेका थिएनन्। एउटा लट्ठी जोनाथनसँग थियो। उनले महको चाकामा लट्ठी घुसारे र लठ्ठीमा मह ल्याएर केही मह खाए र फूर्तिलो अनुभव गरे।

**२८**एउटा सैनिकले जोनाथनलाई भन्यो, "तपाईंका पिताले मानिसहरूलाई एउटा शपथ खान लगाए। तपाईंका पिताले मानिसहरूलाई केही खाएमा दण्डित गरिने शपथ ख्वाए। यसैले मानिसहरू भोकभोकै छन्। यसैले गर्दा मानिसहरू कमजोरी भए।"

**२९**जोनाथनले भने, "मेरो पिताले देशलाई समस्यामा हाल्नुभयो। हेर त मैले अलिकति मह चाखे को मात्र थिएँ कस्तो फूर्तिलो भएँ। **३०**आज मानिसहरूले शत्रु पक्षबाट जे-जे भोजन ल्याएका थिए, ती सब खान पाएका भए कति राम्रो हुन्थ्यो। हामीले अझ धेरै पलिश्तीहरूलाई मार्न सक्थ्यौं।"

**३१**त्यस दिन इस्राएलीहरूले पलिश्तीहरूलाई हराए। तिनीहरू मिकमाश देखि अय्यालोन सम्मका बाटोभरी लड़े। यसैले मानिसहरू थकित र भोका थिए। **३२**तिनीहरूले पलिश्तीहरूबाट भेडा, गाई र बाछाहरू खोसेका थिए। त्यस बेला इस्राएलका मानिसहरू यति भोका थिए कि तिनीहरूले ती पशुहरूलाई त्यही जमिनमा मारे र खाए। जबसम्म पशुहरूमा रगत थियो।

**३३**शाऊललाई एउटा मानिसले भन्यो, "हेर्नुहोस्! मानिसहरूले परमप्रभुको विरूद्धमा पाप गर्दैछन्। तिनीहरूले रगतै समेत मासु खाँदैछन्!"

शाऊलले भने, "तिमीहरूले पाप गर्दैछौ। यहाँ एउटा ठूलो ढुङ्गालाई पल्टाऊ।" **३४**फेरि शाऊलले भने, "मानिसहरूलाई गएर भन कि प्रत्येक मानिसले साँढे र भेड़ा लिएर मकहाँ आओस। यहाँ तिनीहरूले आफ्ना साँढे र भेड़ा मार्नुपर्छ। परमप्रभु विरूद्ध पाप काम नगर! रगतै समेतको मासु नखाओ।"

त्यस रात प्रत्येकले आ-आफ्नो पशुहरू ल्याएर त्यहाँ मारे। **३५**शाऊलले परमप्रभुको निम्ति वेदी बनाए। शाऊल आफैले वेदी बनाउन शुरू गरे।

**३६**शाऊलले भने, "आज राती हामी पलिश्तीहरूलाई लखट्ने छौ। हामीले तिनीहरूबाट प्रत्येक बस्तु खोस्ने छौ। हामीले तिनीहरू सबैलाई मार्ने छौं।"

सैनिकहरूले जवाफ दिए, "तपाईंलाई जे राम्रो लाग्छ, त्यही गर्नुहोस्।"

तर पूजाहारीले भने, "परमेश्वरलाई सोध।"

३७यसकारण शाऊलले परमेश्वरलाई सोधे, "के म पलिश्तीहरूलाई पछ्याउँदै खेदौं? के मलाई पलिश्तीहरूलाई हराउन दिनुहुन्छ?" तर परमेश्वरबाट कुनै जवाफ आएन।

३८यसले गर्दा शाऊलले भने, "सबै नेताहरूलाई मेरो समक्ष बोलाउनु, आज कसले पाप काम गर्‍यो, बुझौ। ३९म इस्राएलको रक्षा गर्ने परमप्रभुको शपथ खाँदै यो प्रतिज्ञा गर्छु, यहाँ सम्म कि मेरो छोरा जोनाथनले नै पाप गरेको छ भने पनि छोड़िने छैन उ मर्ने छ।" तर कसैले पनि उनलाई केही भनेनन्।

४०यसकारण शाऊलले सबै इस्राएलीहरूलाई भने, "तिमीहरू सबै एकतिर उभिनु। म र मेरो छोरा जोनाथन अर्कोतिर उभिन्छौ।"

सबै सैनिकले भने, "तपाईंको जो इच्छा हजुर।"

४१तब शाऊलले प्रार्थना गर्न लागे, "परमप्रभु, इस्राएलको परमेश्वर, तपाईंले तपाईंको दासलाई आज किन जवाफ दिनुभएन, यदि मैले अथवा मेरो छोरा जोनाथनले कुनै पाप गरेको भए परमप्रभु इस्राएलका परमेश्वर ऊरीम दिनुहोस्। यदि तपाईंका इस्राएली मानिसहरूले पाप गरेका भए तुम्मीम दिनुहोस्।"

यस प्रकारले शाऊल र जोनाथन चुनिएका थिए अन्य मानिसहरू चुनिएका थिएनन्। ४२शाऊलले भने, "अब म र मेरो छोरामा कसलाई दोष दिनु पर्ने हो? को दोषी हो?" जोनाथन चुनिएका थिए।

४३शाऊलले जोनाथनलाई भने, "मलाई भन्, तैले के गरिस्।"

जोनाथनले शाऊललाई भन्यो, "मैले अलि कति लट्ठीमा लागेको मह चाखे। यत्तिले नै म मर्नु पर्ने?"

४४शाऊलले भने, "यदि मैले गरेको प्रतिज्ञा पूरा गरिनँ भने परमेश्वरले मलाई खूबै नराम्रो गर्नुहुनेछ। यसर्थ जोनाथन मर्ने पर्छ।"

४५तर सबै सैनिकाहरूले भने, "आज जोनाथनले इस्राएललाई विजयी गरायो। के जोनाथन मर्नै पर्ने? होइन! हामी जीवित परमेश्वरको नाउँमा शपथ खान्छौ कि जोनाथनलाई कसैले हानि गर्न सक्दैन, उसको शिरको एउटा केशसम्म कसैले हल्लाउन सक्ने छैन। परमेश्वरले आज पलिश्तीहरूसँगको युद्धमा जोनाथनलाई सहायता गर्नुभएको छ।" यसरी मानिसहरूले जोनाथनलाई बचाए। तिनलाई मृत्युदण्ड दिइएन।

४६शाऊलले पलिश्तीहरूलाई खेदेनन्। पलिश्तीहरू आफ्नै ठाउँमा फर्किए।

## शाऊल इस्राएलका शत्रुसँग लड़े

४७शाऊलले इस्राएलमा पूरा अधिकार जमाए। शाऊल इस्राएल वरिपरिका शत्रुहरूसित लड़े। शाऊल मोआबी, अम्मोनी, एदोमी, सीबाका राजा र पलिश्तीहरूसंग लड़े। जहाँ-जहाँ गएर लड़े शाऊलले इस्राएलका शत्रुहरूलाई हराए। ४८शाऊल अत्यन्तै सहासी थिए। शाऊलले इस्राएलका मानिसहरूबाट सामान चीज-बीज खोस्न खोज्नहरूको हातबाट पनि इस्राएलीहरूलाई बचाए, शाऊलले यहाँ सम्म कि अमालेकीहरूलाई पनि हराए।

४९शाऊलको छोराहरू जोनाथन, यिश्वी र मल्कीशूअ थिए। शाऊलकी जेठी छोरीको नाउँ मेराब र कान्छी छोरीको नाउँ मीकल थियो। ५०शाऊलकी पत्नीको नाउँ अहीनोम थियो। अहीनोमचाहि अहीमासकी छोरी थिइन्।

शाऊलका सेनापति नेरका छोरा अबनेर थिए। नेरचाहिँ शाऊलका काका थिए। ५१शाऊलका पिता कीश र अबनेरका पिता नेरचाहि अबीएलका छोराहरू थिए।

५२शाऊल जीवनभरी नै सहासी थिए। पलिश्तीहरू विरूद्ध कठिन युद्ध लड़े। जहिले पनि कुनै वीरलाई देखेमा शाऊलले आफ्नो सैनिक दलमा त्यसलाई सामेल गर्थे र आफ्नो छेवैमा राखेर राजाको रक्षक बनाउँथे।

## शाऊलले अमालेकीहरूलाई नष्ट गरे

**१५** एक दिन शमूएलले शाऊललाई भने, "परमप्रभुले मलाई उहाँका इस्राएली मानिसहरूको राजाको रूपमा तिमीलाई अभिषेक गर्न पठाउनु भएको थियो। अब परमप्रभुको भनाइ सुन। २सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, 'जब इस्राएलीहरू मिश्रबाट बाहिर आए तब अमालेकीहरूले तिनीहरूलाई कनान जानलाग्दा रोक्ने चेष्टा गरे। अमालेकीहरूले जे गरे मैले देखे। ३अब गएर अमालेकीहरूसित युद्ध गर। अमालेकीहरूसित जे जति छ सम्पूर्ण रूपले नष्ट गर। कसैलाई जिउँदो नछाड़। तिमीहरूले ती सबलाई मार्नु पर्छ, लोग्ने मानिसहरू होस कि स्त्रीहरू केटा-केटीहरू होस् कि काखका नानी। सबलाई मार गाई-गोरू, भेड़ा ऊँट गधा केही बाँकी नराख।'"

४शाऊलले सबै सेनाहरूलाई तेलैममा भेला गराए। त्यहाँ २,००,००० पैदल सेना र १०,००० अन्य मानिसहरू थिए। यसमा यहूदाका मानिसहरू पनि थिए। ५त्यसपछि शाऊल अमालेक शहरतिर लागे र बेंसीमा पर्खेर बसे। ६शाऊलले केनीहरूलाई भने, "तिमीहरू सबैले अमालेकीहरूलाई छोड़ी देऊ। म तिमीहरूलाई अमालेकीहरूसित मार्दिन। कारण तिमीहरूले मिश्रबाट आउँदा इस्राएलीहरूलाई दया गरेका थियौ।" यसपछि केनीहरूले अमालेकीहरूलाई छोड़े।

७शाऊलले अमालेकीहरूलाई हराए, तिनले हवीलाबाट शूरतक मिश्रको सीमानासम्म अमालेकीहरूलाई खेद्दै गए। ८शाऊलले अमालेकीहरूका राजा अगागलाई जिउँदै पक्रे र अगागका सबै सैनिकलाई मारे। ९शाऊल र इस्राएली सैनिकहरूले सम्पूर्ण कुराहरू नष्ट गर्दा नराम्रो मन गरे। यसर्थ तिनीहरूले अगागलाई मारेनन् र बलिया गाईहरू राम्रा जातका भेड़ा र पाठाहरू पनि

बचाएर राखे। राख्न योग्यका सामानहरू राखेर काम
नलाग्ने जति नष्ट गरे।

### शमूएलले शाऊलबाट भएको पाप बताइदिए

**१०**शमूएलले परमप्रभुबाट खबर पाए। **११**परमप्रभुले
भन्नुभयो, "शाऊलले मलाई पछ्याउन छोड़ीदियो। यसर्थ
म शाऊललाई राजा बनाएर आफै दु:खी छु। म जे
भन्छु त्यसले त्यो गर्दैन।" शमूएल धेरै रिसाए र रातभरी
परमप्रभुसित प्रार्थना गरे।

**१२**शमूएल भोलिपल्ट बिहान चाँडै नै उठे र शाऊललाई
भेट्न गए। तर मानिसलहरूले शमूएललाई भने, "शाऊल
यहूदाको कर्मेल भन्ने ठाउँमा गएका छन्। शाऊल
त्यहाँ उसको सम्मानमा एउटा स्मारक स्थापित गर्न
गएका छन्। त्यसपछि धेरै ठाउँ भ्रमण गरेर तिनी
अन्त्यमा गिलगाल जानेछन्।"

त्यसपछि शमूएल शाऊल भएको ठाउँमा गए।
अमालेकीहरूबाट लिएका चीजबिजको पहिलो अंश
शाऊलले भेंटीको रूपमा चढ़ाए, शाऊलले तिनीहरूलाई
परमप्रभुको अघि एउटा होमबलि जस्तै चढ़ाए।* **१३**शमूएल
शाऊलको नजिक गए। शाऊलले स्वागत जनाएर भने,
"परमप्रभुको आशीर्वाद तपाईंमा रहोस्। मैले परमप्रभुको
आज्ञा पालन गरें।"

**१४**शमूएलले भने, "त्यसो हो भने म यो के सुन्दैछु।
किन मैले भेड़ा र पशुहरूको आवाज सुनेको?"

**१५**शाऊलले भन्यो, "सैनिकहरूले अमालेकीहरूबाट
पशुहरू लिए। सैनिकहरूले राम्रा भेड़ा र पशुहरू
परमप्रभु तपाईंको परमेश्वरमा बलिचढ़ाउन भनेर बचाए।
तर हामीले अरु सबै चीज नष्ट पाऱ्यौ।"

**१६**शमूएलले शाऊललाई भने, "चुप लाग! हिजो
राती परमप्रभुले मलाई के भन्नुभयो त्यो म तपाईंलाई
बताउनेछु।"

शाऊलले भने, "ठीक छ, के भन्नु भयो भन्नुहोस्।"

**१७**शमूएलले भने, "विगतमा, तपाईंले आफैलाई
तुच्छ सम्झनु हुन्थ्यो। तर त्यसपछि तपाईं इस्राएलका
कुलहरूका अगुवा हुनुभयो। इस्राएलको राजाको रूपमा
परमप्रभुले तपाईंलाई चुन्नुभयो। **१८**परमप्रभुले तपाईंलाई
एउटा विशेष सेवाकार्यको निम्ति पठाउनु भयो। परमप्रभुले
भन्नुभयो, 'अमालेकीहरूकहाँ जाऊ, अनि तिनीहरूलाई
नष्ट पार किनभने तिनीहरू खराब मानिस हुन्। जबसम्म
सम्पूर्णरूपले सकिँदैनन् लड़िबस्नु।' **१९**तर तपाईंले
परमप्रभुको कुरा सुन्नु भएन। किन? तपाईंले ती
चीजहरू राख्न चाहनुहुन्छ। तपाईंको यो परमप्रभुको
इच्छा विरूद्ध कार्य भयो।"

**२०**शाऊलले भने, "तर मैले त परमप्रभुको सबै
कुरा माने मलाई जहाँ पठाउनु भयो त्यही गए। मैले
अमालेकीहरू सबैलाई नष्ट गरे। मैले खाली साथमा
एकजना मानिस ल्याएँ तिनीहरूका राजा अगाग।
**२१**गिलगालमा परमप्रभु तपाईंका परमेश्वरलाई बलि
चढ़ाउन भनेर। सैनिकहरूले राम्रा-राम्रा भेड़ा र पशुहरू
लिए।"

**२२**शमूएलले जवाफ दिए, "परमप्रभुलाई के ले
खुशी पार्छ होमबलि र बलिदानहरू चढ़ाएर कि उहाँको
आज्ञालाई पालन गरेर? उहाँलाई बलि भेट दिएर भन्दा
उहाँको प्रत्येक आदेशलाई पालन गर्नु राम्रो हो। भेड़ाको
बोसो चढ़ाउनु भन्दा पहिले परमेश्वरको वचन सुन्नु नै
राम्रो हो। **२३**आज्ञा पालन नगर्नु चाहि तन्त्रमन्त्रको पाप
जस्तै हो। हठी स्वभावको हुनु र आफ्नै इच्छानुसार
हिड़नुचाहि मूर्ति पूजा गरे झै पाप हो। तपाईंले
परमप्रभुको आज्ञा मान्न इन्कार गर्नुभयो। यही कारणले,
अब परमप्रभुले पनि तपाईंलाई राजाको रूपमा इन्कार
गर्नुभयो।"

**२४**शाऊलले शमूएललाई भने, "मैले पाप गरे। मैले
परमप्रभुको आज्ञा तपाईंले भन्नु भए जस्तै गरिन। म
मानिसहरूसित साह्रै डराएँ अनि तिनीहरूले जे भने
माने। **२५**अब म बिन्ती गर्दछु यो पाप गरेको निम्ति
मलाई क्षमा गरिदिनुहोस्। मतिर फर्किनु होस्, यसकारण
म परमप्रभुको आराधाना गर्न सकौं।"

**२६**तर शमूएलले शाऊललाई भने, "म तपाईंसँग
जाँदिन। तपाईंले परमप्रभुको वचनलाई उलंघन गर्नुभयो
अनि अहिले परमप्रभुले पनि राजा अस्वीकार गरिदिनुभएको
छ।"

**२७**जब शमूएले शाऊललाई छोड़ेर हिँडन खोजे,
शाऊलले शमूएलको खास्टोको किनार समाते र त्यो
च्यातियो। **२८**शमूएलले शाऊललाई भने, "जसरी तपाईंले
मेरो खास्टो च्याति दिनुभयो। यसरी नै परमप्रभुले आज
इस्राएलको राज्य तपाईंबाट च्यात्नु भएकोछ। परमप्रभुले
इस्राएलको राज्य तपाईंको साथीहरू मध्ये एकजनालाई
दिनुभयो। त्यो मानिस तपाईं भन्दा असल छ। **२९**परमप्रभु
इस्राएलका परमेश्वर हुनुहुन्छ। परमप्रभु शाश्वत हुनुहुन्छ।
परमप्रभु न त झूट्टो बोल्नु हुन्छ न त विचार बदल्नु
हुन्छ। परमप्रभु मानिस जस्तै छिन छिनमा विचार बदल्ने
हुनुहुन्न।"

**३०**शाऊलले भने, "ठीक छ, मैले पाप गरे। दया
गरी मसित आइदिनुहोस्। इस्राएलका नेताहरू र
मानिसहरूका अघि मेरो केही इज्जत राखिदिनु होस्।
मसित आइदिनु होस्। ताकि म परमप्रभु तपाईंको
परमेश्वरलाई आराधना गर्न सकूँ।" **३१**शमूएल
शाऊलसँग गए अनि शाऊलले परमप्रभुलाई आराधना
गरे।

**३२**शमूएलले भने, "अमालेकीहरूका राजा अगागलाई
मेरो सामु ल्याऊ।"

---

**शाऊलले … चढ़ाए** यो उहिलेको यूनानी भाषामा उल्था गरिएको हो। यो हिब्रू पाठमा छैन्।

अगागलाई शमूएलको अघि ल्याइयो। साङ्लाले बाँधिएको अगागको मनमा थियो, "मलाई निश्चय पनि मार्दैनन् होला भनेर।"

**३३**तर शमूएलले अगागलाई भने, "तेरो तरवारले नानीहरूलाई आमाको काखबाट खोस्यो। त्यसकारण अब तेरो आमाले तिनका छोरा-छोरीहरू गुमाउने छन्।" यति भनेर गिलगालमा परमप्रभुको अघि शामूएलले अगागलाई टुक्रा-टुक्रा बनाएर काटिदिए।

**३४**त्यसपछि शमूएल त्यहाँबाट हिँडे र रामा गए। शाऊल चाहि गिबामा आफ्नो घर फर्के। **३५**त्यसपछि शमूएलले शाऊललाई जीवनभरी कहिले भेटेनन्। शमूएल शाऊलसँग साह्रै दुःखी थिए। परमप्रभु पनि शाऊललाई इस्राएलका राजा बनाएकोमा दुःखी हुनुहुन्थ्यो।

## शमूएल बेतलेहेम जान्छन्

**१६** परमप्रभुले शमूएललाई भन्नुहुन्छ, "कति दिन शाऊलको निम्ति दुःखीत भइरहन्छस्? शाऊललाई मैले इस्राएलको राजापदबाट हटाइसके तरै पनि त्यसको दुःख मानिरहन्छन्। तँसित भएको सिङ्गा तेलले भर र बेतलेहेम जा। म तँलाई बेतलेहेमको यिशै नाउँको मानिसकहाँ पठाउँदैछु। यिशै बेतलेहेममा बस्छ। मैले त्यसकै एकजना छोरालाई नयाँ राजाको रूपमा चुनें।"

**२**शमूएलले भने, "यदि म गएँ भने यो समाचार शाऊलले सुन्ने छ र मलाई मार्ने छ।"

परमप्रभुले भन्नुभयो, "बेतलेहेममा जा साथमा एउटा बाछा पनि लानु र भन्नु, 'परमप्रभुलाई बलि चढ़ाउन आएको।' **३**यिशैलाई बलि चढ़ाउन बोलाउनु। त्यसपछि म तँलाई के गर्नु पर्छ भन्ने छु। तैले त्यस मानिसलाई अभिषेक गर्नु जुन म तँलाई देखाउँनेछु।"

**४**शमूएलले त्यसै गरे जो परमप्रभुले तिनलाई गर्नु भन्नु भएको थियो। शमूएल बेतलेहेम गए। बेतलेहेमका बूढ़ा-प्रधानहरू डरले कामे। तिनीहरूले शमूएललाई भेटे र सोधे, "के तपाईं शान्ति पूर्वक आउँनु भयो?"

**५**शमूएलले भने, "ज्यू, म शान्ति पूर्वक आएँ। म परमप्रभुलाई बलिदान चढ़ाउन आएको हुँ। तपाईंहरू पनि पूजाका निम्ति तयार भएर बलिदान चढ़ाउन मसित आउनु होस।" शमूएलले यिशै र तिनका छोराहरूलाई तयार पारे। त्यस पछि शमूएलले तिनीहरूलाई बलिदान चढ़ाउन बोलाए।

**६**जब यिशै र तिनका छोराहरू आइ पुगे, शमूएलले एलीआबलाई देखे। शमूएलले सोचे, "निश्चय पनि परमप्रभुले छान्नु भएको मानिस यिनै हुनु पर्छ।"

**७**तर परमप्रभुले शमूएललाई भन्नु भयो, "एलीआब अग्लो र सुन्दर छ। तर यस्तो विचार गर्नु हुदैन। परमेश्वरले ती चीजहरू हेर्नु हुन्न हो मानिसहरूले हेर्छन्। मानिसले बाहिरी रूप मात्र हेर्छ; तर परमप्रभुले उसको हृदय हेर्नुहुन्छ। एलीआब त्यो ठीक मानिस होइन।"

**८**त्यसपछि यिशैले तिनका दोस्रो छोरा अबीनादाबलाई बोलाए। अबीनादाब शमूएलकै छेउ भएर हिँडे। तर शमूएलले भने, "होइन, यसलाई पनि परमप्रभुले चुन्नु भएको छैन।"

**९**त्यसपछि यिशैले शम्मालाई शमूएलको छेउमा बोलाए। तर शमूएलले भने, "होइन, यसलाई पनि परमप्रभुले चुन्नु भएको होइन।"

**१०**यिशैले सातौ छोरा देखाए। तर शमूएलले यिशैलाई भने, "परमप्रभुले यिनीहरू मध्ये कसैलाई पनि चुन्नु भएको छैन।"

**११**शमूएले यिशैलाई सोधे, "के तपाईंका छोराहरू यति नै हुन्?"

यिशैले भने, "होइन अर्को छोरा छ सब भन्दा कान्छो, तर अहिले भेड़ा चराउँदैछ।"

शमूएलले भने, "उसलाई यहाँ तुरून्तै लिन पठाऊ। उ नआइञ्जेल सम्म हामी खान बस्ने छैनौ।"

**१२**यिशैले कान्छो छोरा लिन तुरुन्तै कसैलाई पठाए। त्यो छोरा हेर्दै राम्रो थियो, रातो वर्णको युवक। उ साँच्चै सुन्दर थियो।

परमप्रभुले शमूएललाई भन्नु भयो, "उठेर उसलाई अभिषेक गर। त्यहि एउटा हो।"

**१३**शमूएलले सीङबाट तेल निकालेर यिशैको कान्छा छोराको शिरमा दाजूहरूका अगाड़ी खन्याई दिए। परमप्रभुको आत्मा एकदमै शक्तिको साथ दाऊदमाथि त्यस दिन देखि उत्रियो। त्यस पछि शमूएल रामा घरतिर फर्के।

## शाऊललाई दुष्ट आत्माले सताउन थाल्यो

**१४**परमप्रभुको आत्माले शाऊललाई त्यागि दियो। परमप्रभुले दुष्ट आत्मा शाऊल कहाँ पठाउँनु भयो। त्यसले शाऊललाई साह्रै सतायो। **१५**शाऊलको नोकरले भन्यो, "परमेश्वरद्वारा पठाउँनु भएको दुष्ट आत्माले तपाईंलाई साह्रै दुःख दियो। **१६**हामीलाई आदेश दिनुहोस हामीले कुनै त्यस्तो व्यक्ति खोज्न सकौं जसले वीणा बजाउन सक्छ। यदि परमप्रभुबाट आएको त्यस दुष्ट आत्माले तपाईंलाई सताउन थालेछ भने त्यस मानिसले वीणा बजाउन थाल्नेछ र तपाईंलाई आराम अनुभव हुनेछ।"

**१७**शाऊलले नोकर-चाकरहरूलाई भने, "एउटा मानिसलाई मेरो निम्ति खोज जसले असल तरिकाले संगीत बजाउँछ। त्यसलाई म कहाँ ल्याऊ।"

**१८**एउटा नोकरले भन्यो, "एउटा यिशै नाउँका मानिस छन्। बेतलेहेममा बस्छन्। मैले देखेको छु यिशैको छोरा। उसले कसरी वीणा बजाउनु पर्छ जान्दछ। उ साह्रै वीर र युद्ध गर्न जान्दछ। उ साह्रै

फुर्तिलो र सुन्दर छ। परमप्रभु पनि उसैको साथ हुनुहुन्छ।"

१९यसकारण शाऊलले समाचार दिने मानिसलाई यिशैकहाँ पठाए। तिनीहरूले यिशैलाई भने, "तिम्रो दाऊद नाउँको छोरा छ। जसले तिम्रा भेड़ाहरू चराउँछ। उसलाई मकहाँ पठाऊ।"

२०यिशैले शाऊलका निम्ति उपहारको बन्दोबस्त गऱ्यो। यिशैले उपहारको रूपमा एउटा गधा, केही रोटी, एक मशक दाखरस र एउटा बाख्राको पाठो तयार पाऱ्यो। यिशैले ती चीजहरू दाऊदका साथ लगाएर शाऊल कहाँ पठायो। २१यसरी दाऊद शाऊल कहाँ गयो र तिनका अगाड़ि हाजिर भयो। शाऊलले दाऊदलाई धेरै प्रेम गरे। दाऊद शाऊलको अस्त्र बोक्ने सहयोगी भए। २२शाऊलले यिशैलाई खबर पठाए, "दाऊद बसेर मेरो सेवा गरोस्। उ मलाई असाध्यै मन पऱ्यो।"

२३जब परमेश्वरले पठाएको दुष्ट आत्माले शाऊललाई दुःख दिन थाल्थ्यो, दाऊदले हातमा वीणा लिएर बजाउँन थाल्दथे र दुष्ट आत्माले शाऊललाई छोडि हाल्थ्यो र शाऊल असल हुन्थे।

## गोल्यतको इस्राएली माथि चुनौती

**१७** पलिश्तीहरूले आफ्ना सैनिकहरूलाई युद्धको निम्ति भेला गराए। तिनीहरू यहूदा स्थित सोकोहमा भेला भए। तिनीहरूको छाउनी सोकोह र अजेकाको बीचमा एपेसदम्मीम नाउँका शहरमा थियो।

२शाऊल र इस्राएली सैनिकहरू पनि एक ठाउँमा भेला भए। तिनीहरूको छाउनी एला बेंसीमा थियो। शाऊलका सैनिकहरूले पंक्ति बाँधि पलिश्तीहरूसित युद्ध गर्न तयार थिए। ३पलिश्तीहरू एउटा पहाड़ माथि थिए, र इस्राएलीहरू अर्को पहाड़ माथि थिए। दुवै पक्षका बीचमा बेंसी थियो।

४पलिश्तीहरूको गोल्यात नाउँ भएको एउटा वीर योद्धा थियो। गोल्यात गात निवासी थियो। गोल्यात झण्डै नौ फीट अग्लो थियो। गोल्यत पलिश्तीहरूका छाउनीबाट बाहिरियो। ५शिरमा काँसाको टोपी लगाएको थियो। शरीरमा माछाको कत्ला जस्तै कवच कोट लगाएको थियो। त्यो रक्षा कवच काँसाको नै थियो यसको ओजन ५,००० शेकेलको थियो। ६गोल्यतले खुट्टातिर पनि काँसाकै कवच लगाएको थियो। काँसाकै भाला पिठ्युमा बोकेको। ७भालाको लट्टी जुलाहाको लुगा बुन्ने डण्डा जत्रो थियो। भालाको ओजन ६०० शेकेलको थियो। गोल्यतको हात-हतियार बोक्ने तिनको अघि-अघि हिँड़थ्यो।

८प्रत्येक दिन गोल्यत बाहिर निस्कन्थ्यो र इस्राएली सैनिकहरूलाई चुनौती दिन्थ्यो। उसको चुनौति थियो, "किन तिमीहरूले युद्धको निम्ति पंक्ति कसेको? तिमीहरू शाऊलका नोकर हौ म त पलिश्ती हुँ। एउटा मानिस छानेर मेरो विरुद्धमा लड़नलाई पठाऊ। ९यदि त्यस मानिसले मलाई माऱ्यो भने तब हामी सबै पलिश्तीहरू तिमीहरूका दास बन्नेछौ। तर यदि मैले त्यस मानिसलाई मारे भने मैले जितेको हुनेछ र तिमीहरू हाम्रो दास हुनेछौ। तिमीहरूले हाम्रा सेवा गर्नुपर्छ।"

१०पलिश्तीले यसो पनि भन्यो, "आज म इस्राएली सेनाहरूलाई गिल्ला गर्छु। एउटा मानिस पठाइदेऊ ताकि म त्यससित लड़न सकुँ।"

११शाऊल र इस्राएली सैनिकहरूले पलिश्तीले भनेको यी सब सुन्थे र साह्रै डराउँथे।

## दाऊद रणभूमिमा जान्छन्

१२दाऊद यिशैका छोरा थिए। यिशै इफ्रातीका छोरा थिए जो बेतलेहेमको, यहूदाका थिए। यिशैका आठजना छोराहरू थिए। शाऊलका समयमा यिशै बूढ़ा भइसकेका थिए। १३यिशैका जेठा, माहिला र साहिला छोराहरू शाऊलसित रणभूमिमा गएका थिए। जेठा छोराको नाउँ एलीआब थियो। माहिला छोराको नाउँ अबीनादाब र साँहिला छोराको नाउँ शम्मा थियो। १४दाऊद चाहिँ कान्छो छोरा थिए। जेठा, माहिला र साँहिला चाहिँ शाऊलको सेनामा थिए। १५कान्छा छोरा दाऊद शाऊलको छाउनी र बेतलेहेममा आफ्ना पिताका भेड़ाहरू हेरचाह गर्न आउने जानेगर्थे।

१६त्यो पलिश्ती गोल्यत प्रत्येक दिन बिहानै बेलुकी इस्राएलीहरूका छाउनीमा आएर ठठ्ठा गर्थ्यो। ४० दिनसम्म त्यसले सधैं त्यस्तै गर्थ्यो।

१७एक दिन यिशैले दाऊदलाई भने, "यस फुर्लुङ्मा चार पाथी (एक एपा) चिउरा र दशवटा रोटी छन् तिम्रा दाज्यूहरूलाई छाउनीमा लगि देऊ। १८यो १० टुक्रा पनीर पनि लिए जाऊ। तिम्रा दाज्यूहरूको १,००० सेनाको समूहलाई आदेश गर्ने अधिकारीलाई देऊ। दाज्यूहरूले के गर्दै छन् हेर। दाज्यूहरू ठीक-ठाक नै छन् भन्ने प्रमाण पनि लिएर आउनु। १९तिम्रो दाज्यूहरू र सबै इस्राएली सैनिकहरू शाऊलसित एला बेंसीमा छन्। तिनीहरू त्यहाँ पलिश्तीहरूसँग लड्दैछन्।"

२०बिहानै दाऊदले अर्को एउटा गोठालोलाई भेड़ाहरू जिम्मा लगायो। दाऊदले भोजन लियो र यिशैले भने अनुसार हिँड्यो। दाऊदले गाड़ा सोझै छाउनीमा लिएर गयो। सैनिकहरू युद्ध पंक्तिमा गएका थिए अनि युद्ध गर्न लागे झैं हल्ला गरिरहेका थिए। २१इस्राएली र पलिश्ती दुवैतिरका सैनिकहरू युद्ध गर्न तयार रहे।

२२दाऊदले भोजन र सामानहरू भण्डारेको हातमा सुम्पियो र इस्राएली सैनिकहरू भए तिर अगाड़िको पंक्तिमा दगुऱ्यो अनि आफ्नो दाजूहरूको विषयमा सोध्यो। २३जस्तो दाऊदले आफ्ना दाज्यूहरूसँग कुरा गरेको बेला त्यो श्रेष्ठ योद्धा पलिश्ती गोल्यत पलिश्ती

सैनिकबाट निस्केर आयो। गोल्यतले सधैं झैं इस्राएललाई
गाली दिन थाल्यो। दाऊदले पनि गोल्यातले भनेको
कुरा सुन्यो। २४इस्राएली सैनिकहरू त गोल्यतलाई देखे
पछि भाग्न थाले। सबै नै भयभित थिए। २५एकजना
इस्राएलीले भने, "त्यसलाई देख्यौ त्यसले के गरिरहेछ
राम्ररी हेर? त्यो गोल्यत घरि-घरि आएर इस्राएलीहरूलाई
यसरी नै गाली गर्छ। जसले यसलाई मार्छ त्यो धेरै धनी
हुनेछ। राजा शाऊलले धेरै सम्पत्ति दिनुहुनेछ। शाऊलले
उसकी छोरी पनि विवाह गर्न दिनेछन् जसले त्यसलाई
मार्न सक्छ। शाऊलले उसको परिवारलाई इस्राएलमा
स्वतन्त्र बनाउनेछ।"

२६दाऊदले छेवैका मानिसलाई सोध्यो, "त्यसले के
भन्यो? यदि कसैले यो पलिश्तीलाई मार्छ अनि इस्राएलको
इज्जत बचाउँछ भने एउटा विदेशी मात्र त हो, उसले
के इनाम पाउनेछ? यो गोल्यत के हो र? गोल्यत
एकजना पलिश्ती भन्दा बढ़ी केही होइन। त्यसले यो
के सोचिरहेछ? उसले जीवित परमेश्वरका सैनिकहरूलाई
धम्काउन सक्छ।"

२७यसैले इस्राएलीहरूले गोल्यतलाई मार्नेको इनामबारे
दाऊदलाई बताउँछन्। २८दाऊदका जेठा दाज्यू एलीआबले
दाऊद सैनिकहरूसित बात गर्दै गरेको सुने। एलीआब
दाऊदसँग रिसाउँछ। एलीआबले दाऊदलाई भन्ने, "तँ
यहाँ किन आइस्? भेड़ाहरू मरुभूमिमा कसलाई छोड़ेर
आइस? तँ यहाँ आउनुको कारण मैले जाने। तँलाई जे
गर्न पठाइएको हो त्यो गर्न तँ चाहँदैनस्। तँ यहाँ खालि
युद्ध हेर्नलाई मात्र आउन चाहन्थिस्।"

२९दाऊदले भन्यो, "मैले त्यस्तो के गरे र? मैले
कुनै नराम्रो काम गरिन म खालि कुरा गर्दै थिएँ।"
३०दाऊद चारैतिर दौड़िएर अरु सेनाहरूसित त्यही
प्रश्नहरू सोध्न थाल्यो। तिनीहरूले पनि दाऊदलाई
त्यही पहिले कै जस्तो उत्तर दिए।

३१केही मानिसहरूले दाऊदलाई कुरा गर्दै गरेको
सुने। तिनीहरूले दाऊदलाई शाऊल कहाँ पुर्‍याएर
दाऊदले गरेको कुरा सबैलाई सुनाए। ३२दाऊदले
शाऊललाई भन्यो, "त्यस पलिश्ती गोल्यतको कारण
तपाईं हतास नहुनुहोस्। म तपाईंको सेवक हुँ। त्यस
पलिश्तीसँग म लड़ने छु।"

३३शाऊलले भने, "तिमी गएर त्यस पलिश्तीसँग
लड्न सक्ने छैनौ। तिमी सैनिक पनि त होइनौ। तिमी
सानै छौ तर गोल्यत सानै देखि युद्धभूमिमा लड्दै
आएको हो।"

३४तर दाऊदले शाऊललाई फेरि भन्यो, "म, तपाईंको
सेवक हुँ र मेरो पिताको भेड़ा पनि चराउने गर्छु।
भेड़ाका बथानबाट सिंह र भालू आएर भेड़ा लैजान्थे।
३५म त्यस्ता जंगली पशुहरूलाई खेद्दै जान्थे र तिनीहरूका
मुखबाट भेड़ा खोसेर ल्याउँथे। यदि जंगली जन्तुले
मलाई आक्रमण गरे त्यसको मुख मुनिको भुत्ला
समात्थें र त्यसलाई हिर्काउथें। ३६मैले सिंह र भालू
मारेको छु। म त्यस विदेशी गोल्यतलाई त्यसरी नै
मार्नेछु। गोल्यत मर्नु नै पर्छ किनकि त्यसले जीवित
परमेश्वरका सेनाहरूको ठट्टा गरेको छ। ३७परमप्रभुले
मलाई सिंह र भालूहरूबाट बचाउनु भएको छ।
परमप्रभुले यी पलिश्ती गोल्यतबाट पनि बचाउनु हुनेछ।"

शाऊलले दाऊदलाई भने, "ठीक छ जाऊ? परमप्रभु
तिम्रो साथमा रहून्।" ३८शाऊलले दाऊदलाई आफ्नै
पोशाक पहिराइ दिए। शाऊलले काँसाको टोपी दाऊदको
शिरमा अनि आफ्नो हातहतियर शरीरमा लगाइ दिए।
३९दाऊदले तरवार भिरेर यताउता हिडने चेष्टा गर्‍यो।
यसरी शाऊलको पोशाकले दाऊदलाई साह्रै असजिलो
बनायो। यस्तो पोशाकको अभ्यास दाऊदलाई थिएन।

दाऊदले शाऊललाई भन्यो, "म यसरी लड्न सक्दिन
मैले तिनीहरूको प्रयोग गरेको छैन।" यसर्थ दाऊदले
सबै फूकाले। ४०दाऊदले हातमा एउटा टेकने लौरो
लियो र खोलाबाट चिल्लो पाँचवटा ढुङ्गा टिप्यो।
गोठालाको झोलाभित्रको थैलीमा उक्त पाँचवटा ढुंगा
हाल्यो र घुयेत्रो हातमा बोक्यो। त्यसपछि त्यो पलिश्ती
गोल्यतलाई हाक दिन बढ्यो।

## दाऊदले गोल्यतलाई मार्छन

४१पलिश्ती गोल्यत विस्तारै दाऊदकहाँ आयो।
गोल्यतको सहायक अघि-अघि ढाल बोकेर हिंड्दै
थियो। ४२गोल्यतले दाऊदलाई हेर्‍यो र हाँस्यो। गोल्यतले
सोच्यो यो सैनिक होइन, खालि सुन्दर र रातोवर्णको
केटो हो। ४३गोल्यतले दाऊदलाई भन्यो, "यो लौरो
केको निम्ति हो? कुकुरलाई जस्तै मलाई खेद्न चाहन्छौ?"
अनि गोल्यतले आफ्ना देवताहरूको नाउँ उच्चारण गरेर
दाऊदलाई सराप्न थाल्यो। ४४गोल्यतले दाऊदलाई
भन्यो, "यता आइज, म तेरो मासु चराहरू र जंगली
जनावरहरूलाई खुवाउँनेछु।"

४५दाऊदले पलिश्ती गोल्यतलाई भन्यो, "तँ मकहाँ
तरवार, बर्छा र भाला प्रयोग गर्न आइस्। तर म तँ
कहाँ इस्राएलका सेनाहरूका परमेश्वर सर्वशक्तिमान
परमप्रभुका नाउँ मात्र लिएर आएको छु। तैंले उहाँको
विरूद्धमा नराम्रो वचन बोलीस्। ४६आज परमप्रभुले
मलाई तँमाथि विजय दिलाउनु हुन्छ! म तँलाई मार्छु।
आज तेरो टाउको काटेर चरा र जंगली
जनावरहरूलाई खुवाउँछु। हामी अन्य पलिश्तीहरूलाई
पनि यसै गर्छौं। त्यसपछि संसारले नै बुझ्नेछ इस्राएलमा
परमेश्वर हुनुहुन्छ भनेर। ४७यहाँ जम्मा भएका सबै
मानिसहरूले बुझ्ने छन् कि परमप्रभुलाई आफ्ना
मानिसहरूलाई बचाउँनका निम्ति तरवार र भाला
चांहिदैन भनेर। युद्ध परमप्रभुको हो अनि तिमी
पलिश्तीहरूलाई हराउनमा परमप्रभुले हामीलाई सहायता
गर्नुहुन्छ।"

४८पलिश्ती गोल्यत दाऊदलाई आक्रमण गर्न सुरियो। र बिस्तारै दाऊद अघि बढ्न थाल्यो। त्यत्ति नै बेला दाऊद दौडिएर लड्न चाडै अघि सर्‍यो। ४९दाऊदले आफ्नो झोलाबाट एउटा ढुङ्गा निकाल्यो र घुँयेत्रोमा राखेर मच्चायो। घुयेत्रोको ढुङ्गा गएर गोल्यतको आँखा बिच निधारमा लाग्यो। गोल्यत घोप्टो परेर भूईंमा लड्यो।

५०यसरी दाऊदले पलिश्तीलाई घुँयेत्रोको ढुङ्गाले हिर्काएर हरायो। उसले ढुङ्गाले हिर्कायो अनि पलिश्तीलाई मार्‍यो। दाऊदसंग तरवार थिएन। ५१यसर्थ उ दौडिएर पलिश्तीको छेउमा गयो। त्यसपछि दाऊदले गोल्यतकै म्यानबाट तरवार झिकेर गोल्यतको टाउको छिनायो। यसरी दाऊदले गोल्यतलाई मार्‍यो।

जब अरू पलिश्तीले उनीहरूको वीर नै मरेको देखे अनि डरले भाग्न थाले। ५२इस्राएल र यहूदाका सैनिकहरूले जयघोषणा गर्दै दगुर्दै पलिश्तीहरूलाई खेद्न थाले। इस्राएलीहरूले पलिश्तीहरूलाई खेद्दै-खेद्दै गातको सिमाना र एक्रोनको ढोकासम्म पुर्‍याए र धेरै संख्यामा पलिश्तीहरू मारे। पलिश्तीहरूको लाश गात र एक्रोनको शारेमसम्म सड़कभरी छरपष्ट थियो। ५३पलिश्तीहरूलाई खेदैं सिमाना कटाए पछि इस्राएलीहरू फर्केर पलिश्तीहरूका छाउनीमा पसे र त्यहाँ धेरै सामानहरू फेला पारे। ५४दाऊदले पलिश्तीको टाउको यरूशलेममा नै पुर्‍यायो। पलिश्तीको हात-हतियार पनि आफ्नै पालमा राख्यो।

### शाऊल दाऊद सँग डराउन थाल्छन्

५५शाऊलले दाऊदलाई गोल्यतसँग लड्न गएको देखेका थिए। शाऊलले सेनाका सेनापति अबनेरसँग सोधे, "अबनेर, त्यस केटोको बाबु चाहिँ को हुन्?"

अबनेरले भने, "मेरो राजा, शपथ लिएर भन्दैछु, मलाई थाहा छैन।"

५६राजा शाऊले भने, "त्यसको बाबुको चाहिँको रहेछ खोजी गर।"

५७जब दाऊद गोल्यतलाई मारेर फर्के, अबनेरले उसलाई शाऊल कहाँ लग्यो। दाऊदको हातमा अझै पनि त्यस पलिश्तीको टाउको झुण्डिरहेको थियो।

५८शाऊलले उसलाई सोधे, "युवक, तिम्रो बाबु को हुन्?"

दाऊदले जवाफ दिए, "म तपाईं कै सेवक बेतलेहेमका यिशैको छोरा हुँ।"

### दाऊद र जोनाथनको घनिष्ट मित्रता

१८ दाऊदले शाऊलसँग कुरा गरिसके पछि जोनाथन र दाऊदको बीचमा मित्रता शुरु भयो। जोनाथनले दाऊदलाई त्यति नै प्रेम गर्थ्यो जति उसले आफूलाई गर्थ्यो।

२शाऊलले दाऊदलाई त्यस दिनदेखि आफूसँगै राख्न थाल्यो। शाऊलले दाऊदलाई आफ्नो बाबुको घर जान दिएन।

३जोनाथनले दाऊदलाई असाध्यै प्रेम गरको हुनाले उसले दाऊदसित एउटा विशेष सन्धि गर्‍यो। ४आफूले लगारहेको कोट फुकालेर जोनाथनले दाऊदलाई दियो। जोनाथनले आफ्नो वर्दिसमेत धनु, तरवार र पेटी दाऊदलाई दियो।

### दाऊदको सफलतामा शाऊलको ध्यान

५शाऊलले दाऊदलाई अरू धेरै युद्धहरूमा पठाए। प्रत्येक युद्धमा दाऊदले नै सफलता पाए। त्यसपछि शाऊलले दाऊदलाई सैनिकहरूको जिम्मा दिए। यसो हुँदा सबै खुशी भए, यहाँ सम्म शाऊलका सबै अधिकारी पनि खुशी भए। ६दाऊद पलिश्तीहरू विरुद्ध युद्ध लड्न जाने गर्थ्यो। युद्ध भूमिबाट घरतिर फर्कदा दाऊदलाई इस्राएलको प्रत्येक शहरबाट स्त्रीहरू स्वागत जनाउन आउँथे। ती स्त्रीहरू नाँच्थे, गाउँथे,सितारा र ढोलक बजाउँथे। तिनीहरूले शाऊलकै छेउमा यसो गरे। ७स्त्रीहरूले यसरी गाउँथे,

"शाऊलले हजार शत्रुहरू मारे
तर दाऊदले दश हजार मारे।"

८ती स्त्रीहरूका गीतले शाऊललाई खिन्न बनाउँथ्यो र तिनी रिसाउँथे। शाऊलले सोचे, "ती स्त्रीहरूले भन्छन् दाऊदले दश हजार शत्रु मार्‍यो र मैले खालि हजार मात्र मारे।" ९त्यसपछि शाऊलले दाऊदको गतिविधिलाई धेरै नजिकबाट ख्याल राख्न थाले।

### शाऊल दाऊदसँग भयभीत भए

१०अर्को दिन परमेश्वरले पठाउनु भएको दुष्ट आत्माले शाऊललाई पकर्‍यो। शाऊलले आफ्नै घरमा अगमवाणी गर्दै थिए। दाऊदले सधैं झै वीणा बजाए। ११तर शाऊलको हातमा भाला थियो। शाऊलले सोचे, "म दाऊदलाई भित्तैमा टँसाई दिन्छु।" शाऊलले दुइ पल्ट भाला हाने तर दाऊद दुवै चोटि तर्किए।

१२परमप्रभु दाऊदसित हुनुहुन्थ्यो अनि परमप्रभुले शाऊललाई त्याग्नु भएको थियो। यसकारण शाऊल दाऊद सँग भयभीत थिए। १३शाऊलले दाऊदलाई आफू देखि पर गर्न चाहे र १,००० सैनिकका सेनापति बनाइ दिए। दाऊदले आफ्नो सैनिकलाई युद्धमा अगुवाई गरे। १४परमप्रभु दाऊदसित हुनुहन्थ्यो यसकारण दाऊद प्रत्येक कुरामा सफल भए। १५शाऊलले बुझे दाऊद सफल र योग्य थिए जसको कारण शाऊल दाऊदसित झन् ज्यादा भयभीत हुनथाले।

१६तर इस्राएल र यहूदाका सबै मानिसहरूले दाऊदलाई प्रेम गर्थे किनभने उसले तिनीहरूलाई युद्धमा डोर्‍याए अनि तिनीहरूको निम्ति युद्ध गरे।

### शाऊलले आफ्नी छोरीको विवाह दाऊदसँग गरिदिन चाहे

१७तर शाऊलले दाऊदलाई मार्नै चाहन्थे, शाऊलले दाऊदलाई एउटा जालमा पार्ने योजना सोचे। शाऊलले दाऊदलाई भने, "म मेरी जेठी छोरी मेराबको विवाह तिमीसित गरिदिने छु। त्यस पछि तिमी एउटा शक्तिशाली सैनिक हुनेछौ। तिमी मेरो छोरा जस्तै छौ। त्यस पछि तिमीले परमप्रभुको युद्धहरूमा सैनिक भएर लड्ने छौ।" यो खालि धुर्त्याइँ मात्र थियो। शाऊलले साँच्चै सोच्दै थिए, "अब मैले दाऊदलाई मार्नु पर्दैन। म उसलाई मेरो निम्ति पलिश्तीहरूलाई मार्न लगाउँछु।"

१८तर दाऊदले भने, "म कुनै महत्वपूर्ण सन्तानबाटको अनि महत्वपूर्ण व्यक्ति होइन। म राजाकी छोरीलाई विवाह गर्न सक्दिन।"

१९जब शाऊलकी छोरी मेराबको विवाह दाऊदसँग गर्ने दिन आयो तब दाऊदले महोलका अद्रीएलसँग मेराबको विवाह गरिदिए।

२०शाऊलकी अर्की छोरी मीकलले दाऊदसँग प्रेम गर्थी। केही मानिसहरूले शाऊललाई मीकल र दाऊदको प्रेम विषयमा सुनाए। यस खबरले शाऊल आनन्दीत भए। २१शाऊलले सोचे, "म दाऊदलाई फसाउन मीकाललाई लगाउँनेछु। म दाऊदलाई मीकलसँग विवाह गर्न दिनेछु। त्यस पछि पलिश्तीहरूद्वारा उसलाई मार्नेछु।" यसर्थ शाऊलले दाऊदलाई दोस्रो पल्ट भने, "आज नै तिमीले मेरी छोरीसँग विवाह गर्न सक्छौ।"

२२शाऊलले आफ्ना अधिकारीहरूलाई आदेश दिएर भने, "दाऊदलाई एकान्त पारेर भन्नु, 'हेर! राजाले तिमीलाई साह्रै मन पराउँनु हुन्छ। उहाँका अधिकारीहरूले पनि तिमीलाई मन पराउँछन्। तिमीले उहाँकी छोरीलाई विवाह गर्नु पर्छ।'"

२३शाऊलका अधिकारीहरूले दाऊदलाई त्यही भने। तर दाऊदले जवाफ दिए, "के तपाईंहरू सोच्नुहुन्छ राजाको ज्वाइँ बन्न सजिलो छ? मेरो त्यत्ति धन छैन, जो म राजाकी छोरीलाई दिऊँ। म त एउटा साधारण गरीब मानिस मात्र हुँ।"

२४अधिकारीहरूले राजालाई दाऊदको सबै कुरा बताइदिए। २५शाऊलले फेरि भने, "दाऊदलाई भन, 'दाऊद, राजाले उसका छोरीका निम्ति तिमीबाट दुलहीको दाम लिन चाहनु हुन्न, तर राजा आफ्ना शत्रुहरूसित बदला लिन चाहनुहुन्छ। यसर्थ राजाले रुपियाँको सट्टा एक सय पलिश्तीहरूका खलड़ी मात्र तिमीसँग माग्नुहुन्छ।'" यो शाऊलको षड्यन्त्र धुर्त थियो। शाऊलले सोच्थे पलिश्तीहरूले दाऊदलाई मार्ने छन भनेर।

२६अधिकारीहरूले दाऊदलाई सबै कुरो बताए। दाऊद खुशी भए। राजाको ज्वाइँ हुने यो राम्रो अवसरलाई छोपेर दाऊदले त्यो कार्य गरे। २७दाऊद र अरु मानिसहरू पलिश्तीहरूसँग युद्ध गर्न हिंड़े। तिनीहरूले २०० पलिश्तीहरूलाई मारे। दाऊदले पलिश्तीहरूका खलड़ी शाऊल कहाँ पुर्‍याए। राजाका ज्वाइँ हुनलाई दाऊदले यस्तो गरे।

शाऊलले मीकलको विवाह दाऊदसँग गराए। २८शाऊलले बुझे कि परमप्रभु दाऊदसँग हुनुहुन्छ। शाऊलले यो पनि बुझे, छोरी मीकलले दाऊदलाई प्रेम गर्थिन। २९यसर्थ शाऊल झन् झन् दाऊदसँग डराउन थाले। शाऊल सधैं दाऊदको विरोधी भए।

३०पलिश्ती सेनापतिले बारबार इस्राएलीहरू माथि लड़ाई गर्थे। तर प्रत्येक पल्ट नै दाऊदले तिनीहरूलाई हराइदिन्थे। दाऊद शाऊलका अधिकारीहरू मध्ये सबैभन्दा सफल अधिकारी थिए यसैले दाऊद प्रसिद्ध भए।

### जोनाथनले दाऊदलाई सहायता गरे

१९ शाऊलले आफ्ना छोरा जोनाथन र उसका सबै अधिकारीहरूलाई दाऊदको हत्या गर्नु भने। तर जोनाथनले दाऊदलाई एक्दमै प्रेम गर्थे। २-३जोनाथनले दाऊदलाई होसियार गराए, "सावधान बस! शाऊलले तिमीलाई मार्ने मौका खेज्दैछन्। बिहानै खेतमा गएर लुक्नु। म मेरो पितासँग खेतमा आउँछु। हामीहरू तिमी लुकेकै छेउको खेतमा उभिने छौं। म पितासँग तिम्रो बारेमा चर्चा गर्छु। त्यसपछि जे थाहाँ पाउँछु तिमीलाई बताउँछु।"

४जोनाथनले आफ्ना पिता शाऊलसँग कुरा गरे। जोनाथनले दाऊदको राम्रो पक्षको चर्चा गरे। जोनाथनले भने, "तपाईं राजा हुनुहुन्छ। दाऊद खालि तपाईंको सेवक मात्र हो। दाऊदले तपाईंलाई कुनै रीतिले हानि गरेको छैन। तपाईंले पनि उसको हानि गर्नुहुँदैन। दाऊदले सधै तपाईंको पक्षमा काम गरे। ५पलिश्ती गोलियतलाई मार्दा पनि दाऊदले आफ्नो जीवन खतरामा हालेका थिए। परमप्रभुले सबै इस्राएललाई महान विजय दिलाउनु भयो। यो सब देखेर तपाईं खुशी हुनुभयो। अब दाऊदलाई किन मार्न चाहनुहुन्छ! दाऊद निर्दोष छ। दाऊदको हत्या गर्ने कुनै कारण नै छैन्।"

६शाऊलले जोनाथनको कुरा सुन्यो। शाऊलले शपथ खाए, "परमप्रभु जीवित रहनु भए झैं दाऊद मारिने छैन।"

७यसर्थ जोनाथनले दाऊदलाई बोलाए र सबै कुरा सुनाए। त्यसपछि जोनाथनले दाऊदलाई शाऊल कहाँ लगे। यस पछि शाऊल र दाऊद पहिलेको जस्तै भए।

### शाऊलले फेरि दाऊदलाई मार्न चाहे

८युद्ध फेरि शुरु भयो अनि दाऊद पलिश्तीहरूसँग लड्न गए। दाऊदले पलिश्तीहरूलाई परास्त गरे र तिनीहरू भागे। ९परमप्रभुबाटको दुष्ट आत्माले शाऊलमा प्रवेश गर्‍यो। शाऊल घरैमा बसिरहेका थिए। शाऊलको हातमा भाला थियो। दाऊदले वीणा बजाउँदै थिए।

१०शाऊलले भाला हानेर दाऊदलाई भित्तैमा उनिदिने प्रयास गरे। तर दाऊद उफ्रिएर बाँचे। भाला गएर भित्तामा गाड़ियो। त्यही रात दाऊद त्यहाँबाट भागे।

११शाऊलले दाऊदको घरमा मानिस पठाए! मानिसहरूले दाऊदको घरलाई पहरा दिए। तिनीहरू रातभरी त्यही बसे। बिहानी पख दाऊदलाई मारौला भने। तर दाऊदकी पत्नी मीकलले उसलाई सावधानी गराउँदै भनिन्, "आज राती भाग्नु होस् र आफ्नो ज्यान बचाउँनु होस्। यदि भाग्नु भएन भने भोलि विहान तपाईं मारिनु हुनेछ।" १२त्यसपछि मीकलले झ्यालबाट झरेर भाग्न लगाईन्। १३मीकलले एउटा परिवारिक मूर्तिलाई ओध्यानमा सुताएर टाउकोमा बाख्राको रौ राखेर लुगाले ढाकिदिईन्।

१४शाऊलले दाऊदलाई बन्दी बनाउनलाई दूत पठाए। तर मीकलले भनी, "दाऊद बिरामी हुनुहुन्छ।"

१५शाऊलले दूतलाई फेरि दाऊद पछि पठाए र भने, "दाऊदलाई यहाँ ल्याउन यदि तिमीले उसलाई आफ्नो आछ्यानमा सुतिरहेको अवस्थामा ल्याऊ ताकी म उसलाई मार्न सकूँ।"

१६ती दूत फेरि दाऊदको घर गए। तिनीहरू दाऊदलाई पक्रन भनेर भित्र गए। तर त्यहाँ गएर देखे ओछ्यानमा त एउटा मूर्तिको कपाल बाख्राको रौ पो रहेछ।

१७शाऊलले मीकललाई सोधे, "तैले मलाई यसरी धोका किन दिइस्? तैंले मेरो शत्रुलाई भगाइस्। दाऊद भाग्यो।"

मीकलले शाऊललाई भनी, "यदि मैले दाऊदलाई भाग्नमा सहायता गरिन भने मलाई नै मार्छु भन्यो।"

## दाऊद भागेर रामा डेरामा पुगे

१८दाऊद भागेर शमूएल भएको ठाउँ रामामा पुगे। दाऊदले तिनी माथि शाऊलले गरेको प्रत्येक कुरा शमूएललाई सुनाए। त्यसपछि दाऊद र शमूएल दुवै अगमवक्ताहरू बसेका डेरामा पुगे। दाऊद त्यही बस्नथाले।

१९शाऊलले सुने कि दाऊद रामाको एउटा डेरामा बस्दैछ। २०शाऊलले दाऊदलाई पक्रिन मानिस पठाए। तर त्यस डेरामा मानिसहरूले अगमवक्तहरू अगमवाणी गरिरहेका देखे। त्यस दलको माझमा उभिएर शमूएलले नेतृत्व दिँदै थिए। परमेश्वरको आत्मा शाऊलका दूतहरूमा उत्रियो र तिनीहरूले पनि अगमवाणी गर्नथाले।

२१शाऊलले यो खबर पनि सुने र अरू दूतहरू पठाए। तर तिनीहरूले पनि अगमवाणी गर्न थाले। तेस्रो चोटि पनि शाऊलले दूतहरू पठाए तर तिनीहरूले पहिलो तरिका अप्नाए अनि अगमवाणी गर्न लागे। २२अन्त्यमा, शाऊल आफै रामा गए। शाऊल सेकूको खलाको छेऊमा एउटा ठूलो कूवा भएतिर आइपुगे र "शमूएल र दाऊद कहाँ छन्" भनी सोधे।

मानिसहरूले जवाफ दिए, "रामाको छाउनी छेऊमा।"

२३त्यसपछि शाऊल रामाको त्यस डेरामा पुगे। परमेश्वरको आत्मा पनि शाऊलमा उत्रियो। शाऊलले पनि अगमवाणी गर्न थाले। शाऊलले बाटोदेखि रामाको डेरा सम्मै अगमवाणी बोले। २४त्यसपछि शाऊलले आफ्नो लुगाहरू खोल्न थाले। शमूएलको अघि पनि शाऊलले अगमवाणी गरिरहे। शाऊल त्यहाँ दिन रात नाङ्गै लड़िरहे।

यही कारणले मानिसहरू भन्ने गर्छन्, "के शाऊल पनि अगमवक्ताहरू मध्ये कै एकजना हो?"

## दाऊद र जोनाथनले एउटा सन्धि गर्छन्

२० रामाको छेऊ डेराबाट दाऊद दगुर्दै जोनाथनकहाँ गए। दाऊदले जोनाथनलाई भने, "मैले के भूल गरे? मेरो दोष के हो? तिम्रा पिताले मलाई किन मार्न चाहनु हुन्छ?"

२जोनाथनले भने, "त्यो सत्य हुन सक्दैन। तिमी मारिने छैनौ। मेरो पिताले मलाई नबताई कुनै काम पनि गर्नु हुँदैन। उहाँले मलाई मुख्य अनि साधारण सूचना भन्नुहुन्छ। यसकारण मेरो पिताले र यदि तिमीलाई मार्ने योजना बनाएको भए मलाई किन भन्नुहुन्न र? यो हुनै सक्दैन।"

३तर दाऊदले भने, "म तिम्रो मित्र हुँ, भन्ने कुरा तिम्रो पितालाई राम्ररी थाह छ। तिम्रा पिताले सायद सोच्नुहुन्छ होला, 'जोनाथनले यो कुरा थाह पाउँनु हुँदैन। यदि त्यसले थाहा पायो भने दाऊदलाई भन्छ।' परमप्रभु र तपाईं जीवित रहेसम्म, नै यो सत्य हो मेरो मृत्यु नजिकै छ।"

४जोनाथनले भने, "तपाईंले मलाई जसो भन्नुहुन्छ म त्यसैगर्छु।"

५त्यसपछि दाऊदले भने, "हेर भोलि औंसीको चाड़ छ। मैले राजासँग खाना खानुपर्छ। तर साँझ सम्म मलाई खेतमा लुकेर बस्न देऊ। ६यदि तिम्रा बुबाले म यहाँ उपस्थित छैन भन्ने थाहाँ पाउनुभयो भने, त्यत्तिबेला तिमीले भन्नु, 'दाऊद बेतलेहेम घरमा जान चाहन्थ्यो। तिनका परिवारले नै मासिक बलि चढ़ाउने कुरा छ। यसकारण दाऊदले मलाई बेतलेहेम झर्न र परिवारसँग भेटन देऊ भने।' ७यदि तिम्रा पिताले ठीक छ 'भन्नु भयो भने म बाँचे। तर रिसाउनु भयो भने बुझ्नुहोस कि उहाँले मलाई घात गर्न चाहनुहुन्छ। ८म माथि दया गर जोनाथन, म तिम्रो सेवक हुँ। परमप्रभुको अगाड़ि तिमीले मसँग सम्झौता गरेका छौ। यदि म दोषी छु भने तब तपाईंले नै मलाई मार्नु होस्। तर मलाई तिम्रा बुबा कहाँ नलैजाऊ।"

९जोनाथनले भने, "त्यसो त कहिले पनि होइन। यदि मेरा पिताले तिमीलाई घात गर्न खोज्नु, भएको मैले थाह पाएँ भने म तिमीलाई सावधान गराउनेछु।"

१०दाऊदले भने, "यदि तपाईंलाई तपाईंका पिताले
गाली गरे भने मलाई सावधान कसले गराउँछ?"
११तब जोनाथनले भने, "हिँड़ खेततिर जाऔं।"
त्यसपछि दुवैजनासँगै खेततिर लागे।
१२जोनाथनले दाऊदलाई भने, "म इस्राएलका परमेश्वर
परमप्रभुको अगाड़ि प्रतिज्ञा गर्छु। मेरा पिताको तपाईंको
बारेमा कस्तो सोचाइ छ म त्यो थाह गर्ने प्रतिज्ञा गर्छु।
साँच्चै खराबै सोच्नु भएको छ कि असल सोच्नु
भएको छ तीन दिनभित्र म तपाईंलाई खेतमा खबर
पठाउँछु। १३यदि मेरा पिताले तपाईंलाई चोट पुर्‍याउन
चाहनुभएको हो भने म तपाईंलाई भन्नेछु म यहाँबाट
तपाईंलाई सुरक्षित जानदिनेछु। प्रतिज्ञा गरेको काम मैले
गरिन भने परमप्रभुले मलाई सजाय दिनुहुन्छ। परमप्रभु
तिमीसँग रहून् जसरी उहाँ मेरा पितासँग हुनुहुन्छ।
१४जबसम्म म जीवित रहन्छु मलाई दया गर्नु अनि म
मरेपछि १५मेरा सन्तान माथि दया गर्न नछोड़। परमप्रभुले
पृथ्वीमा भएका तपाईंका सबै शत्रुहरूलाई नष्ट गर्नुहुनेछ।
१६त्यस समय यदि जोनाथनको परिवार दाऊदबाट
अलग्गै हुन्छ भने पनि हबस्। परमप्रभुले चाहिँ दाऊदका
शत्रुहरूलाई सजाय दिउन्।"
१७त्यसपछि जोनाथनले दाऊदलाई तिनीहरूको बीचमा
भएको प्रेमको प्रतिज्ञालाई नवीकरण गर्नु भनि सोधे
किनकी जोनाथनले दाऊदलाई आफू भन्दा ज्यादै प्रेम
गर्थे।
१८जोनाथनले दाऊदलाई भने, "भोलि औंसीको चाड़
हो। तपाईंको ठाउँ रित्तो देखेर मेरा पिताले तपाईं कहाँ
जानुभयो भनि सोच्नुहुनेछ। १९तेस्रो दिनमा पनि तपाईं
जानुहोस् अनि त्यही ठाउँमा लुक्नु जहाँ तपाईं पहिला
लुक्नु भएको थियो जब यो समस्या शुरु हुन्छ त्यही
पहाड़को छेउमा पर्खिन्छु। २०तेस्रो दिन म त्यही
पहाड़मा निशान हान्ने बहनामा आउनेछु र म काँड़
हान्ने छु। २१म एउटा केटालाई काँड़ खोज्न पठाउँनेछु।
यदि सबै ठीकठाक छ भने म केटोलाई भन्ने छु, 'हेर
काँड़ नजिकै छ! तँ धेरै पर गइस्। मेरो नजिक काँड़
खोज। त्यस बेला लुकेको ठाउँबाट तिमी निस्कन
सक्छौ। शपत खाएर भन्छु कि जसरी परमप्रभु सत्य र
जीवित हुनुहुन्छ, तिमी सुरक्षित छौ। त्यहाँ कुनै खतरा
हुनेछैन। २२तर यदि स्थिति ठीक छैन भने म केटोलाई
भन्नेछु 'काँड़ धेरै पर पुगेको छ। उता गएर खोजेर
आइज्।' यदि मैले यसो भनेर अह्राएँ भने तिमी भाग्नै
पर्छ। परमप्रभुले नै तिमीलाई टाढ़ा पठाउनु भएको हो।
२३दया गरेर तिम्रो र मेरो बीचको सम्झौता चाहि
नभुल्नू। परमप्रभु सँधै भरी हाम्रो साक्षी हुनुहुन्छ।"
२४त्यसपछि दाऊद खेतमा लुक्न गए।

## उत्सवमा शाऊलको मनोभाव

औंसीको चाड़ आयो। अनि राजा भोजनको निम्ति
आफ्ना आसनमा बसे। २५राजा पर्खाल कै छेउमा सधैं
झैं बसे। उनको ठीक अगाड़ि जोनाथन बसे। अबनेर
राजाको अलिक उता बसे र दाऊदको ठाउँ चाहि रित्तो
थियो। २६त्यस दिन शाऊलले केही पनि भनेनन्।
उनले सोचे, "दाऊदलाई केही भयो होला अथवा
रीतिपूर्वक शुद्ध छैन होला।"
२७तर भोलिपल्ट महिनाको दोस्रो दिन, दाऊदको
ठाँउ अझै खाली नै थियो। त्यसपछि शाऊलले आफ्ना
छोरा जोनाथनलाई सोधे, "हिजो र आज औंसीको
चाड़मा यिशैको छोरा किन उपस्थित भएन?"
२८जोनाथनले भने, "दाऊदले बेतलेहेम घर जान्छु
भनेर मसित अनुमति माग्यो। २९उसले भन्यो, "मेरो
परिवारले हाम्रो शहरमा बलिदान चढ़ाउदैछन् अरे,
यसकारण मलाई घरमा जान दिनुहोस्। मलाई त्यहाँ
जानु भनी दाज्यूले हुकूम दिएका छन् यदि म तपाईंको
साथी हुँ भने जान दिनुहोस् र दाजूहरूसँग भेट्न दिनुहोस्।
त्यही कारणले दाऊद यहाँ राजाको भोजमा आएन।"
३०शाऊल जोनाथनसँग साह्रै क्रोधित भए। उसले
जोनाथनलाई भने, "तँ दुष्ट आइमाईको छोरा होस,
जसले भनेको मान्दैन। अनि त्यो तेरो स्वभाव पनि हो
मलाई थाहाँ छ तैले दाऊदको पक्ष लिएको छस्। तँ
तेरो जन्म दिने आमा र तेरो आफ्नै लागि पनि लाज
पार्छस्। ३१जब सम्म यिशैको छोरा जिउँदो छ तबसम्म
तँ राजा हुने छैनस् नत तेरो राज्य पनि हुने छ। अब
दाऊदलाई मकहाँ लिएर आइज। त्यो एउटा मरेको
मानिस हो।"
३२जोनाथनले पितालाई भने, "दाऊदलाई चाहिँ किन
मार्ने? उसले के भूल गरेको छ?"
३३तर शाऊलले उसको छोरोलाई हत्या गर्नुको
लागि भालाले हान्यो। यसबाट जोनाथनलाई थाहा
लाग्यो कि उसका पिताले दाऊदलाई मार्ने चाहन्थ्यो।
३४जोनाथन रिसाएर टेबिल छोड़ेर हिड़े। जोनाथनलाई
साह्रै अशान्ति लाग्यो कि आफ्नो पितासित रिसाएर
दोस्रो दिनको भोजन पनि उसले खाएनन्। उसको
पिताले उसलाई अपमान गरे। ती उसका पितासित साह्रै
क्रोधित थिए अनि एकदमै दु:खी भए किनभने शाऊलले
दाऊदलाई मार्न चाहन्थे।

## जोनाथनसँग दाऊदको बिदावारी

३५भोलिपल्ट बिहान जोनाथन खेतमा गए। जब
तिनीहरू एक मत भएका थिए जोनाथन एउटा केटालाई
साथमा लिएर दाऊद भए कहाँ गए। ३६जोनाथनले
केटोलाई भने, "कुददै गएर मैले हानेको काँड लिएर
आउनु।" जब केटो कुद्न थाल्यो जोनाथनले त्यस
केटाको टाउको मास्तिर आकाशतिर काँड हाने। ३७काँड
झरेको तिर केटो दगुर्‍यो। तर जोनाथनले कराएर भने,
"काँड तँ भएदेखि धेरै पर पुगेको छ।" ३८फेरि

जोनाथन चिच्यायो, “छिटो गर। काँड लिन जा। त्यहाँ
उभिने होइन।” केटोले काँड ल्याएर आफ्नो मालिकलाई
दियो। ३९यी सब के भइरहेछ केटोलाई केही थाहा
भएन। खालि जोनाथन र दाऊदलाई मात्र थाहा थियो।
४०जोनाथनले धनुकाँड केटोलाई बोक्न दिए। त्यसपछि
जोनाथनले केटोलाई “शहर जा” भनेर पठाए।

४१केटो गयो अनि पहाड़को अर्को पट्टिबाट दाऊद
आए। दाऊदले शिर भूईतिर झुकाएर तीन पटक
जोनाथनलाई अभिवादन गरे। त्यसपछि दाऊद र जोनाथनले
एक-अर्कामा म्वाई खाए र दुवै रोए। जोनाथन भन्दा
दाऊद ज्यादा रोए।

४२जोनाथनले दाऊदलाई भने, “शान्तिसित जाऊ।
हामीले परमप्रभुको नाउँमा एका-दोस्रालाई इमानदारी
साथी हो भनि प्रतिज्ञा गरिरहेका छौ। “हामी र हाम्रा
सन्तानहरूका निम्ति पनि परमप्रभु सधैं भरी साक्षी रहनु
हुनेछ।”

## पूजाहारी अहिमेलेकसँग दाऊदको भेट

२१ त्यसपछि दाऊद गए जोनाथन शहरमा फर्किए।
२दाऊद पूजाहारी अहीमेलेकलाई भेट्न नोब
नाउँको शहरमा गए।

अहीमेलेक दाऊदलाई भेट्न बाहिर गए। अहीमेलेक
डरले कामिरहेका थिए। अहीमेलेकले दाऊदलाई भने,
“तपाईं किन एक्लै हुनुहुन्छ? तपाईंसित कोही पनि
छैनन्?”

३दाऊदले अहीमेलेकलाई जवाफ दिए, “राजाले
मलाई विशेष आदेश दिनुभएको छ। उहाँले भन्नु
भएको छ, ‘यो यात्राको उद्देश्य कसैले पनि थाहा
नपाओस्। कुनै पनि मानिसले थाहा नपाओस्। जो मैले
भने।’ मैले आफ्ना मानिसहरूलाई कहाँ भेट्नु पर्ने हो
बताइदिएको छु। ४अब यो भन तिम्रोमा खानेकुरो के
छ? मलाई पाँचवटा रोटी वा जे छ देऊ।”

५पूजाहारीले दाऊदलाई भने, “मेरोमा त्यस्तो साधारण
रोटी छैन। यदि तर मसँग केही पवित्र रोटी छन्। यदि
तपाईंका अधिकारीहरूले कुनै स्त्रीहरूसँग सहवास गरेका
छैनन्, भने यो रोटी खान सक्छन्।”

६दाऊदले पूजाहारीलाई जवाफ दिए, “आज भोलि
हामीले कुनै स्त्री साथमा राखेका छैनौ। युद्धमा जाँदा
हाम्रा मानिसहरू सधैं पवित्र भएर जान्छन् यहाँसम्म
साधारण उद्देश्य सोध्न जाँदा पनि। आज त यो कुरा
झन् साँचो हो कारण अति विशेष कुरा सोध्नु छ।”

७त्यहाँ पवित्र रोटी बाहेक अरू कुनै रोटी थिएन।
यसर्थ पूजाहारीले दाऊदलाई त्यही रोटी दिए। यो त्यही
रोटी थियो जो पूजाहारीले परमप्रभुमा चढ़ाएका थिए।
पूजाहारीले प्रत्येक दिन त्यो रोटी बाहिर राखेर त्यसको
सट्टामा ताजा रोटी राख्थे।”

८त्यस दिन शाऊलका अधिकारीहरू मध्ये एकजना
त्यही थिए। उनी हुन एदोमी दोएग। दोएगलाई त्यहाँ
परमप्रभुको अघि राखेको थियो।* दोएग शाऊलका
गोठालाहरूका प्रमुख थिए।

९दाऊदले अहीमेलेकलाई सोधे, “यहाँ एउटा भाला
अथवा तरवार केही छ? राजाको ज्यादै जरूरी काम
छ। मलाई छिटै जानु छ। मैले तरवार अथवा अन्य
कुनै शस्त्र साथमा लिएर आईन्।”

१०पूजाहारीले भने, “यहाँ खालि एउटा तरवार छ
त्यो पनि पलिश्ती गोल्यतको हो। तपाईंले एलाको
बेंसीमा त्यसलाई मारेर लिएको तरवार हो। त्यो तरवार
एउटा लुगामा बेह्रेर एपोदको पछाड़ि राखेको छ। यदि
तपाईंलाई चाहिन्छ भने लिए हुन्छ।”

दाऊदले भने, “त्यो मलाई देऊ। गोल्यतको जस्तो
तरवार अरू कसैको छैन।”

## दाऊद गातमा भागेर शत्रु कहाँ गए

११शाऊलबाट भागेर दाऊद गातका राजा आकीश
कहाँ पुगे। १२आकीशका अधिकारीहरूलाई यो राम्रो
लागेन। तिनीहरूले भन्छन्, “यो दाऊद हो, इस्राएली
भूमिको राजा। यो त्यही व्यक्ति हो जसको गीत
इस्राएलीहरू गाउँछन्। तिनीहरू नाच्दै उसको बारेमा
यस्तो गाउँछन्:

“शाऊलले हजार शत्रुहरू मारे
तर दाऊदले दश हजार मारे।”

१३तिनीहरूले के भन्दैछन् दाऊदले ध्यान दिए।
दाऊद गातका राजा आकीशसँग डराए। १४यसर्थ
दाऊदले आकीश र तिनका अधिकारीहरू अघि बौलाहाको
बहाना गरे। तिनीहरूका अघि दाऊदले बौलाहा भएको
नाटक गरे। उनले मूल दोकामा नै थुके र दाहीमा थुक
चुहुनु दिए।

१५आकीशले आफ्ना अधिकारीहरूलाई भने, “हेर
यो मानिसलाई! यो त पागल हो। यस मानिसलाई मेरो
उपस्थितिमा पागल कार्य गर्न यहाँ ल्याउनु अवश्यक
छैन। भविष्यमा फेरि यो मानिसलाई मेरो घरमा नल्याउन।
१६मसँग यस्ता बौलाहा मानिसहरू धेरै छन्। मलाई
तिमीहरूले यसलाई यहाँ ल्याउने कुनै काम थियो भन्ने
लाग्दैन। फेरि-फेरि यसलाई यहाँ मेरो घरमा नल्याउनू!”

## दाऊद विभिन्न ठाउँहरूमा जान्छन्

२२ दाऊदले गात छोड़ेर भागे। दाऊद आदुल्लामको
गुफामा पुगे। दाऊदका दाज्यू-भाइहरू र

---

**त्यहाँ … थियो** यसको अर्थ यो हुनसक्छ कि दोएग
परमेश्वरको विशेष प्रतिज्ञाको एक भाग थियो। अथवा कुनै
अन्य उद्देशको लागि यसको अर्थ यो पनि हुनसक्यो कि
उसले अपराध गरेको हुनाले उ त्यहाँ राखिएको थियो जस्तै
कसैलाई अचानक मारेको अभियोगमा।

आफन्तहरूले दाऊद आदुल्लाममा छ भनी सुने। तिनीहरू
दाऊदलाई भेट्न गए। २धेरै मानिसहरूले दाऊदलाई
साथ दिएका थिए। दाऊदलाई साथ दिनेहरूमा तिनीहरू
थिए जो केही न केही समस्यामा परेका थिए। कोही
ऋणमा डुबेकाहरू थिए कोही आफ्नै जिन्दगीसँग असन्तुष्टि
थिए। यिनीहरूले दाऊदलाई साथ दिए र तिनीहरूका
नेता दाऊद थिए। त्यहाँ लगभग ४०० पुरुषहरू
दाऊदसँग थिए।

३मोआबमा मिस्पा जाँदा दाऊदले आदुल्लाम छोड़े।
मोआबका राजालाई दाऊदले भने, "मलाई परमेश्वरले
के गरिरहनु भएको छ भनि नजानुञ्जेलसम्म
मेरा आमा बाबुलाई तपाईंले यहाँ बस्ने अनुमति
दिनुहोस्।" ४यसप्रकार दाऊदले उसका आमा-बुबालाई
मोआबका राजा कहाँ ल्याए। जबसम्म दाऊद किल्लामा
रहे तबसम्म उनका आमा बाबु मोआबका राजासंग
बसे।

५तर अगमवक्ता गादले दाऊदलाई भने, "किल्लामा
नबस्नु होस्। बरू यहूदाको भूमिमा जानुहोस्।" यसर्थ
दाऊद त्यहाँबाट हारेतको बन तिर गए।

### शाऊलले अहीमेलेकको परिवारलाई नष्ट गरे

६शाऊलले सुने कि उसका मानिसहरूले दाऊद र
उनका मानिसहरू कतातिर छन् भन्ने थाहा पाए।
शाऊल गिबाको टाकुरामा एउटा रूखको छाहारीमुनि
बसिरहेका थिए। शाऊलले हातमा भाला लिएका थिए।
तिनका सबै अधिकारीहरू वरिपरि उभिएका थिए।
७शाऊलले आफ्ना वरिपरि उभिएका अधिकारीहरूलाई
भने, "बिन्यामीनका मानिसहरू हो सुन, तिमीहरूले
विचार गरेका छौ, यिशैको छोरा दाऊदले तिमीहरूलाई
खेत तथा दाखका बगान दिएको छ? तिमीहरूले यो
पनि सोचेका छौ कि दाऊदले तिमीहरूको उन्नति
गराउने छ अनि १,००० र १०० मानिसहरूका
अधिकारी बनाउने छ? ८तिमीहरू सबैले मेरो विरूद्ध
षड्यन्त्र रच्दैछौ। तिमीहरू कसैले पनि छोरा जोनाथनले
यिशैका छोरासँग सन्धि गरेको छ भनेर भनेनौ कसैले
मेरो वास्ता गरेनौ। मेरो छोरा जोनाथनले दाऊद मेरो
नोकरलाई सहायता गरेको कुरा कसैले पनि भनेनौ।
जोनाथनले दाऊदलाई लुकेर रहनु भन्ने गर्थ्यो ताकि
उसले मलाई आक्रमण गर्न सकोस्। अनि दाऊदले
अहिले त्यही नै गर्दैछ।"

९एदोमी दोएग शाऊलका अधिकारीहरूसँगै उभिरहेको
थियो। दोएगले भन्यो, "मैले यिशैका छोरा दाऊदलाई
नोब भन्ने ठाउँमा देखें। दाऊद अहीतूबका छोरा
अहीमेलेकलाई भेटन आएका थिए। १०अहीमेलेकले
परमप्रभुसँग दाऊदका लागि प्रार्थना गरे। तिनले दाऊदलाई
भोजन पनि दिए। अनि अहीमेलेकले दाऊदलाई पलिश्ती
गोल्यतको त्यो तरवार पनि दिए।"

११त्यस पछि राजा शाऊलले पूजाहारीहरूलाई हाजिर
गराउनु भनेर मानिसहरूलाई आदेश दिए। शाऊलले
अहीतूबका छोरा अहीमेलेकलाई तिनका आफन्तहरूसितै
लिएर आउनु भन्ने आदेश दिए। अहीमेलेकका आफन्तहरू
नोबमा पूजाहारी थिए। तिनीहरू सबै राजाका अगाड़ि
हाजिर भए। १२शाऊलले अहीमेलेकलाई भने, "हे
अहीतूबका छोरा, सुन।"

अहीमेलेकले जवाफ दिए, "भन्नुहोस, मेरो प्रभु।"

१३शाऊलले अहीमेलेकलाई भने, "तिमी र यिशैका
छोरा दाऊदले मेरो विरूद्ध किन षड्यन्त्र रच्यौ? तिमीले
दाऊदलाई रोटी र तरवार दियौ। परमेश्वरसँग तिमीले
उसको लागि विन्ती भाउ पनि गर्‍यौ। अनि अहिले
दाऊद सोझै मलाई आक्रमण गर्ने मौका हेर्दैछ।"

१४अहीमेलेकले जवाफ दिए, "दाऊद तपाईंको सबभन्दा
भरोसा गर्न योग्यको पात्र हो। तपाईंका कुनै अधिकारी
पनि दाऊद जस्ता विश्वासी छैनन्। दाऊद त तपाईंका
आफ्नै ज्वाइँ हुन्। साथै दाऊद तपाईंका अंगरक्षकहरूका
कप्तान पनि हुन्। तपाईंका परिवारका सबैले दाऊदलाई
आदर गर्छन्। १५दाऊदको लागि मैले प्रार्थना गरेको
यो प्रथमचोटि होइन। मलाई र मेरा आफन्तहरूलाई
दोष नदिनुहोस्। हामी त तपाईंका सेवक हौं। कहाँ के
भइरहेछ मलाई केही थाहा छैन।"

१६तर राजाले भने, "अहीमेलेक, तिमी र तिम्रा
आफन्तहरू मारिनु नै पर्छ।" १७अनि राजाले आफ्ना
छेऊमा उभिएको रक्षकलाई आदेश दिए, "जाऊ,
परमप्रभुका ती पूजाहारीहरूलाई मार। यसो गर्नै पर्छ
कारण तिनीहरू दाऊदका मानिसहरू हुन्। दाऊद भाग्दै
थियो भन्ने जान्दा जान्दै पनि तिनीहरूले मलाई बताएनन्।"
तर राजाका अधिकारीहरूले परमप्रभुका ती पूजाहारीहरूलाई
मार्न अस्वीकार गरे।

१८यसर्थ राजाले दोएगलाई आदेश दिए। शाऊलले
भने, "दोएग, तिमी गएर पूजाहारीहरूलाई मार।"
एदोमी दोएग गएर पूजाहारीहरूको हत्या गरे। त्यस दिन
दोएगले ८५ जना पूजाहारीहरूलाई मारे। १९नोब
पूजाहारीहरूको शहर थियो। दोएगले नोबका सम्पूर्ण
मानिसहरूलाई मारे। दोएगले तरवारले पुरूष, स्त्री,
बालक र शिशु लगायत सबैलाई मारे। यहाँ सम्म
दोएगले गाईं गोरू गधा र भेड़ा समेत बाँकी राखेनन्।

२०तर एबीयातार उम्केर भागे, एबीयातार अहीमेलेकका
छोरा थिए। अहीमेलेक चाहि अहीतूबका छोरा थिए।
एबीयातार भागेर गए र दाऊदसँग मिले। २१एबीयातारले
दाऊदलाई शाऊलले पूजाहारीहरू मारेको वृतान्त बताए।
२२त्यसपछि दाऊदले एबीयातारलाई भने, "त्यस दिन
नोबमा मैले एदोमी दोएगलाई देखेको थिएँ। मलाई
थाहा थियो त्यसले शाऊललाई बताउने छ भनेर। तिम्रा
पिताको परिवालाई मारेकोमा म आफूलाई उत्तरदायी
ठान्छु। २३त्यो मानिस (शाऊलले) तपाईंलाई मार्न

चाहान्छ र मलाई पनि। तिमी यहीं बस नडराऊ। तिमी
यहाँ मसँग सुरक्षित रहने छौ।"

## दाऊद कीलाको नगरमा

२३ मानिसहरूले दाऊदलाई भने, "हेर्नुहोस्,
पलिश्तीहरूले कीलाको शहरमाथि आक्रमण
गरिरहेका छन्। खलाबाट तिनीहरूले अन्न लूट्न शुरु
गरे।"
२दाऊदले परमप्रभुलाई सोधे, "के मैले पलिश्तीहरू
विरुद्ध युद्ध गर्न जानु?"
परमप्रभु परमेश्वरले दाऊदलाई भन्नु भयो, "जाऊ र
पलिश्तीहरूमाथि जाइ लाग अनि कीला शहरको रक्षा
गर।"
३तर दाऊदका मानिसहरूले भने, "हेर्नुहोस्, हामी
यहाँ यहूदामा डराएर बसिरहेका छौ। साँच्चै पलिश्ती
सेनाहरू अघि पुग्दा हामी झन् ज्यादा डराउने छौं।"
४दाऊदले फेरि परमप्रभुलाई सोधे अनि परमप्रभुले
जवाफ दिनुभयो, "कीलामा जाऊ। म पलिश्तीहरूलाई
हराउन म सहयोग गर्ने छु।" ५यसरी दाऊद र तिनका
मानिसहरू कीलामा गए। दाऊद र तिनका मानिसहरू
पलिश्तीसँग लड़े। दाऊदका मानिसहरूले पलिश्तीहरूलाई
हराए अनि तिनीहरूका पशु लिए। यसरी दाऊदले
कीलाका मानिसहरूलाई बँचाए। ६जब एबीयातार भागेर
दाऊदकहाँ पुगे तिनले आफूसँग एउटा एपोद पनि
लगेका थिए।
७मानिसहरूले शाऊललाई अहिले दाऊद कीलामा छ
भनेर सुनाए। शाऊलले भने, "परमेश्वरले दाऊदलाई
मेरा हातमा सुम्पिनु भएको छ। दाऊद फन्दामा परेकोछ।
उ यस्तो शहरमा पस्यो जहाँ ढोकाहरू छन् र ढोकाहरूमा
ताला लगाउने बारहरू छन्।" ८शाऊलले आफ्ना
सारा सेनाहरूलाई लड़ाईकोलागि भेला गराए। ती
सेनाहरू कीलामा दाऊदका मानिसहरूसँग युद्ध गर्न
तयार रहे।
९शाऊलले दाऊदको विरुद्धमा बनाएको योजना उसलाई
थाहा भयो। दाऊदले पूजाहारी एबीयातारलाई भने,
"एपोद ल्याऊ।"
१०दाऊदले प्रार्थना गरे, "हे परमप्रभु इस्राएलका
परमेश्वर, मैले सुनें कि मेरो कारण शाऊलले यो शहर
नष्ट गर्ने योजना बनाउँदैछ। ११के साँच्चै आउँछ? के
किलाका मानिसहरूले म र मेरो मानिसहरूलाई शाऊलको
हातमा सुम्पी देलान? परमप्रभु इस्राएलका परमेश्वर, म
तपाईंको दास हुँ। मलाई बताउँनुहोस्।"
परमप्रभुले भन्नु भयो, "शाऊल आउँछ।"
१२दाऊदले फेरि आफ्नो प्रश्न दोहोस्याए, "के
कीलाका मानिसहरूले मलाई शाऊलका हातमा
सुम्पिनेछन?"
परमप्रभुले भन्नु भयो, "तिनीहरूले त्यसै गर्नेछन्।"
१३त्यसर्थ दाऊद र तिनका मानिसहरूले कीला
छोड़िदिए। दाऊदसँगै जानेहरू प्राय: ६०० मानिस
थिए। दाऊदको र उसका मानिसहरू एक ठाउँ देखि
अर्को ठाउँ हुँदै घुमिरहे। शाऊलले दाऊद किलाबाट
भागे भन्ने थाहा पाए। यसर्थ शाऊल त्यस शहरतिर
गएनन्।

## शाऊलले दाऊदको खेदो गर्छन्

१४दाऊद मरुभूमिको किल्लामा बस्न पुगे। दाऊद
जीपको मरुभूमिको पहाड़ी क्षेत्रमा गए। शाऊलले सधैं
नै दाऊदको खोजी गर्थे, तर परमप्रभुले शाऊलको
हातबाट दाऊदलाई जोगाउनु हुन्थ्यो।
१५दाऊद जीपको मरुभूमिको होरेश भन्ने ठाउँमा
थिए। त्यहाँ शाऊल दाऊदललाई मार्न आइरहेकाले
तिनी साह्रै डराए। १६तर शाऊलको छोरा जोनाथन
दाऊदलाई भेट्न होरेश गए। जोनाथनले दाऊदलाई
परमेश्वरलाई विश्वास गर्न अझ जोड़ गरे। १७जोनाथनले
दाऊदलाई भने, "डराउनु पर्दैन। मेरा पिता शाऊलले
तपाईंलाई हानि गर्ने छैनन्। तपाईं इस्राएलका राजा
हुनुहुनेछ। मचाहिं तपाईं पछिको हुनेछु। यो कुरा मेरा
पिताले पनि जान्दछन्।"
१८जोनाथन र दाऊद दुवैले परमप्रभु अघि एउटा
बाचा-बन्धन गरे। त्यसपछि जोनाथन घरतिर लागे अनि
दाऊद होरेशमानै बसे।

## जीपका मानिसहरूले शाऊललाई दाऊदबारे बताउँछन्

१९जीपका बासिन्दाहरू गिबामा शाऊललाई भेट्न
आए। तिनीहरूले शाऊललाई भने, "दाऊद हाम्रै क्षेत्रमा
लुकेरहेका छन्। ऊ हकीला पहाड़को होरेश नाउँको
किल्लामा छन्, जो यशीमोनको दक्षिणमा पर्छ। २०अब,
महाराज, तपाईं जहिले आए पनि हुन्छ। दाऊदलाई
तपाईंको जिम्मा लगाउने काम हाम्रो भयो।"
२१शाऊलले जवाफ दिए, "परमप्रभुले मलाई सहायता
गरेकोमा तिमीहरूलाई आशीर्वाद दिऊन्। २२जाऊ र
उसको बारे अझ जानकारी लेऊ। दाऊद कहाँ बस्छ
थाहा गर। दाऊदलाई त्यहाँ कसले देख्छ त्यो पनि
बुझिराख। शाऊलले मनमनै विचारे, 'दाऊद साह्रै
चलाक छ। उसले मलाई छक्याउन सक्छ।' २३दाऊद
लुकेको ठाउँहरू पत्ता लगाऊ। त्यसपछि आएर मलाई
वृतान्त बताऊ। त्यस पछि म तिमीहरूसित जानेछु। यदि
दाऊद ती ठाँउहरूमा कतै छ भने यहूदाको प्रत्येक
घरहरूमा छापामारेर म त्यसलाई पत्तालगाउँनेछु।"
२४अनि जीपका मानिसहरू जीपमा फर्किए पछि
शाऊल त्यहाँ गए। दाऊद र तिनका मानिसहरू यशीमोनको
दक्षिणमा भएको अराबाको माओन वनमा थिए। २५शाऊल
र तिनका मानिसहरू दाऊदको खोजीमा गए। तर
मानिसहरूले दाऊदलाई होसियार गराए। शाऊलले

तिमीलाई खोज्दै छ भनेर खबर दिए। त्यसपछि दाऊद माओनको मरुभूमिको तल चट्टानतिर गए। शाऊलले दाऊद माओनको मरुभूमितिर गएको कुरा थाहा पाए। यसरी शाऊल दाऊदको खोजीमा त्यस ठाउँतिर गए।

२६शाऊल पहाड़को एकापट्टि थिए, त्यही पहाड़को अर्कोपट्टि दाऊद र तिनका मानिसहरू थिए। दाऊद शाऊलको पञ्जाबाट बाँच्न हतारिँदै थिए। शाऊल र उसका सिपाहीहरू दाऊदलाई पक्रन पहाड़को चारैतिर घुमिरहेका थिए।

२७त्यत्ति नै बेला एउटा समाचार-वाहक शाऊल कहाँ आयो अनि जानकारी दियो, "चाँड़ो आउनुहोस् पलिश्तीहरूले हामीलाई आक्रमण गर्दैछन्।"

२८यसकारण शाऊलले दाऊदको पिछा गर्न छोड़े अनि पलिश्तीहरूसँग लड़न गए। यही कारण मानिसहरूले त्यस ठाउँको नाउँ "छुट्टयाउने चटान" भन्न थाले।
२९दाऊद माओनको मरुभूमि त्यागेर एनगदीको छेउको किल्लामा गए।

## दाऊदले शाऊललाई लाजमर्दो बनाएको

२४ शाऊलले पलिश्तीहरूलाई खेदिसकेपछि मानिसहरूले शाऊललाई भने, "दाऊद त एनगदीको नजिककै मरुभूमिमा छ।"

२सारा इस्राएलबाट शाऊलले ३,००० मानिसहरूलाई छाने। शाऊलले ती छानिएका मानिसहरू लिएर दाऊद र तिनका मानिसहरूको खोजी गर्न थाले। तिनीहरूले घोरल-चट्टानको छेउछाउमा खोजे। ३शाऊल बाटो छेउको
भेड़ा गोठमा आए। त्यहाँ छेउमा एउटा गुफा थियो। शाऊल आफैलाई लुकाउन गुफा भित्र पसे। दाऊद र तिनका मानिसहरू धेरै पर गुफाभित्र लुकिरहेका थिए।
४मानिसहरूले दाऊदलाई भने, "आज परमप्रभुले भन्नु भएको दिन होइन्? उहाँले तपाईंलाई भन्नु भएको थियो, 'तिम्रो शत्रुलाई म तिम्रो हातमा सुम्पिदिनेछु, त्यसपछि तिम्रो इच्छानुसार तिम्रो शत्रुलाई जे गर्छौ गर।'"

त्यसपछि दाऊद घस्रँदै घस्रँदै शाऊलको छेउ पुगे। दाऊदले शाऊलको खास्टोको एक टुक्रा चाल नपाई काटिदिए। ५पछि दाऊदलाई शाऊलको टुक्रा खास्टो
काटेकोमा नराम्रो लाग्यो। ६दाऊदले मानिसहरूलाई भने, "परमप्रभुले मलाई आफ्नो मालिकलाई क्षति गर्नबाट रोकुन्। शाऊल परमप्रभुले छान्नु भएको राजा हुन र मैले त्यसो नगरको भए हुने थियो।" ७दाऊदले
यसो भनेर आफ्ना मानिसहरूलाई रोकी राखे। उसले तिनीहरूलाई शाऊललाई हानि गर्न अनुमति दिएन्।

शाऊल गुफा छोड़ेर आफ्नै बाटो लागे। ८दाऊद
गुफाबाट निस्किएर आए र शाऊललाई बोलाउँदै भने, "हे मेरो प्रभु! महाराजा!"

शाऊलले पछि फर्केर हेरे। दाऊदले शिर झुकाए।
९दाऊदले शाऊललाई भने, "जब मानिसहरूले भन्छन्, 'दाऊदले तपाईंलाई चोट पुर्याउने योजना बनाइरहेछ तपाईंले किन तिनीहरूको कुरा सुन्नुभयो।" १०म
तपाईंलाई हानि पुर्याउने छैन। तपाईं आफ्नै आँखाले देख्न सक्नुहुन्छ। परमप्रभुले तपाईंलाई आज मेरो हातमा गुफामै सुम्पिदिनु भएको थियो। तर मैले तपाईंको हत्या गरिन। तपाईंमाथि म कृपालु भए। मैले भनें, 'म मेरो मालिकलाई हानि गर्ने छैन। किनभने उनी परमप्रभुले छान्नु भएको राजा हुन्।' ११यो लुगाको टुक्रा मेरो
हातमा हेर्नुहोस्। मैले यो टुक्रा तपाईंको खास्टोबाट काटेको हुँ। म तपाईंलाई मार्न सक्थें, तर मैले त्यसो गरिन। यो कुरा तपाईंलाई थाहा होस् भन्ने म चाहान्छु। म तपाईंलाई यो जनाउन चाहान्छु कि तपाईंको विरूद्धमा मैले कुनै योजना बनाएको छैन। मैले तपाईंलाई कुनै अनिष्ट गरेको छैन। तर तपाईं मेरो पछि लागेर मलाई मार्न चाहानुहुन्छ। १२परमप्रभुले नै
यसको न्याय गर्नुहुन्छ। मलाई गर्नु भएको अत्यचारको बदला परमप्रभुले तपाईंलाई दण्डित तुल्याउनु हुनेछ। तर म आफै तपाईंको विरूद्धमा जाँदिन। १३त्यहाँ एउटा
पूरानो भनाइ नै छ: 'खराब कुरा दुष्ट मानिसहरूबाट फैलिन्छ।'

मैले कुनै नराम्रो गरिन। म दुष्ट मानिस पनि त होइन। म तपाईंलाई हानि गर्नेछैन। १४तपाईंले कसलाई
खेदो गर्नु भएको छ? इस्राएलका राजा कसको विरूद्धमा आक्रमणमा ओर्लिएका छन्? तपाईंले आफ्ना वास्तविक शुत्रलाई खेदिरहनु भएको छैन। यदि तपाईं मरेको कुकुर अथवा उपियाँको पछि लाग्नु जस्तै हो। १५परमप्रभुले
यस मामलामा न्याय गर्नुहुनेछ। उहाँले नै हामी दुई बीचमा निर्णय गरून्। जब उहाँले तपाईंबाट मलाई जोगाउनु हुन्छ परमप्रभु आफैले देखाउनु हुनेछ कि म सही छु।"

१६दाऊद चुप्प लागे अनि शाऊलले सोधे, "यो तिम्रो आवाज हो, मेरो छोरा दाऊद?" त्यसपछि शाऊल रूनथाले शाऊल धेरै नै रोए। १७शाऊलले भने, "तिमी
म भन्दा धर्मी अनि असल छौ तिमीले म प्रति असल काम गर्यौ, तर म नै तिम्रो विरुद्धमा थिए। १८मेरो
लागि गरेका असल कामहरूका बारे तिमीले भन्यौ। परमप्रभुले नै मलाई तिम्रो सामु ल्याउनु भयो। तर तिमीले मलाई केही गरेनौ। १९यसले यो देखाउँछ म
तिम्रो शत्रु होइन। मानिसले शत्रुलाई सहजै पक्रन सक्दैन र सहजै छोड़दैन पनि उसले शत्रुलाई राम्रो गर्दैन। परमप्रभुले तिमीलाई इनाम दिनु हुन्छ कारण तिमीले मलाई केही गरेनौ। २०म जान्दछु तिमी राजा
हुने नै छौ। तिमीले इस्राएल माथि शासन गर्ने नै छौ।
२१अब मलाई एउटा वचन देऊ। परमप्रभुको शपथ खाएर वचन देऊ कि मेरो सन्तानहरू कसैलाई पनि

मार्ने छैनौ। मेरा पिताको परिवारबाट मेरो नाउँ निशान हटाउँनै छैनौ।"

२२दाऊदले शाऊलसँग शपथ खाए। दाऊदले शाऊलका सन्तानहरू कसैलाई पनि मार्ने छैनन् भन्ने वचन सुनेर शाऊल घरतिर फर्के। दाऊद र तिनका मानिसहरू किल्लातिर लागे।

### दाऊद र मूर्ख नाबाल

२५ शमूएलको मृत्यु भयो। सारा इस्राएलीहरू भेला भएर शमूएलको मृत्युमा दु:ख प्रकट गरे। तिनीहरूले शमूएललाई तिनको आफ्नै घर रामामा गाड़े। त्यसपछि दाऊद पारानको मरुभूमितिर लागे।

२माओनमा एकजना असाध्यै धनी मानिस थिए। ऊसित ३,००० भेड़ाहरू र १,००० बाख्राहरू थिए। उसको कर्मेलमा धन-सम्पत्ति थियो। ऊ त्यहाँ आफ्नो भेड़ाको ऊन कत्रन गयो। ३त्यस मानिसको नाउँ नाबाल थियो। ऊ कालेब सन्तानको थियो। नाबालकी पत्नी अबीगेल थिईन, ऊ सुन्दरी र बुद्धिमती थिईन्। तर नाबाल, अति निष्ठुर र नीच स्वभावको मानिस थियो।

४नाबालले भेड़ाको ऊन कत्रँदैछ भन्ने खबर दाऊदले मरुभूमिको क्षेत्रमा नै सुने। ५दाऊदले दशजना युवकहरूलाई नाबालकहाँ पठाए। दाऊदले तिनीहरूलाई भने, "कर्मेलम जाऊ र नाबाललाई मेरो नाउँमा 'अभिवादन' गर।" ६उसलाई भन, "म आशा गर्छु कि तपाईंको परिवार र तपाईं अधिकार गर्नु भएका सबै असलै होलान्। ७मैले थाहाँ पाएँ कि तपाईं आफ्नो भेड़ाको ऊन कत्रँदै हुनुहुन्छ। तपाईंका गोठालाहरू केही समयदेखि हामीसित थिए। हामीले तिनीहरूसित खराब व्यवहार गरेनौ। जब तिनीहरू कर्मेलमा थिए तिनीहरूको केही पनि हराएन अथवा चोरेनन्। ८तपाईंले सेवकहरूलाई सोध्नुहोस् अनि तिनीहरूले सत्य बोल्ने छन्। मेरो जवान मानिसहरूप्रति दया गर्नुहोस्। अहिले उत्सवको समय भएको कारण, तपाईंले जे गर्नु सक्नुहुन्छ मेरो सेनाहरूलाई गरिदिनुहोस्। मेरो निम्ति यति काम गरिदिनुहोस्, तपाईंको मित्र दाऊद।"

९दाऊदका मानिसहरू नाबालकहाँ गए। तिनीहरूले दाऊदको समाचार नाबाललाई सुनाए। १०तर नाबालले दुष्ट आचारण देखाए र भन्ने, "दाऊद को हो? यो यिशैको छोरो को हो? आज भोलि धेरै कमाराहरू आफ्ना मालिक छोड़ेर भाग्दैछन्। ११मसँग रोटी-पानी छ। म सँग मासु पनि छ जुन मैले मेरो भेड़ाहरूबाट ऊन कत्रँने नोकरहरूका निम्ति तयार पारेकोछु। तर म यो मासु रोटी अनि पानी नचिनेको मानिसहरूलाई दिने छैन्।"

१२दाऊदका मानिसहरू फर्केर गएर नाबालले भनेका सबै कुराहरू दाऊदलाई सुनाए। १३त्यसपछि दाऊदले आफ्ना मानिसहरूलाई भने, "आफ्नो-आफ्नो तरवार भिर।" यसरी दाऊद र उनका मानिसहरूले तरवार भिरे। झण्डै ४०० मानिसहरू दाऊदसँग गए। २०० मानिसहरू मात्र सर-सामानसँग बसे।

### अबीगेलले विपत्ती टारिन

१४नाबालको एउटा नोकरले नाबालकी पत्नी अबीगेललाई भन्यो, "दाऊदले आफ्ना समाचार-वाहकहरूलाई हाम्रा मालिक नाबाल भए ठाउँसम्म पठाए। तर नाबाल तिनीहरू प्रति तुच्छ थिए। १५ती मानिसहरू हाम्रा निम्ति साह्रै असल थिए। जब हामी भेड़ाहरू मैदानमा लिएर जान्थ्यौ। दाऊदका मानिसहरू हामीसितै दिनभरी हुन्थे। अनि तिनीहरूले हाम्रो कुनै नोक्सान गरेनन्। तिनीहरूले कहिले पनि केही चोरेनन्। १६दाऊदका मानिसहरूले दिन रात हाम्रो रक्षा गर्थे। हामीले भेड़ा चराइरहेको समयमा पनि तिनीहरूले हाम्रो चारैतिरबाट पर्खालले झैं रक्षा गर्‍यो। १७यसको विषयमा सोचेर केही गर्नुहोस्। नाबाल साह्रै मूर्ख छन् ऊसित कुरा गर्न सकिँदैन अनि आउने विपत्तिको विषयमा उसलाई चेताउनी दिन सकिँदैन। अब नाबाल र तिनका सन्तानमाथि ठूलो विपत्ति आइलाग्नेछ।"

१८अबीगेलले हतार हतार २०० वटा रोटी, दुइ मशक दाखरस पाँचवटा पकाएको भेड़ा, पाँच पाथी पकाएको चिउरा १०० झुप्पा किसमिस र सुकाएको २०० झुप्पा नेभारा तयार पारी गधाहरूमा लदाइन्। १९त्यसपछि नोकरहरूलाई भनिन्, "यो लिएर जाऊ। म पछि-पछि आउँदै छु।" तर यी सब तिनले आफ्नो लोग्नेलाई भनिनन्।

२०गधामा चढ़ेर अबीगेल त्यस पहाड़को अर्को पट्टिको पखेरामा गइन्। तिनले दाऊदलाई आफ्ना मानिसहरूसँग पहाड़को अर्को पट्टिबाट आउँदै गरेका भेटिन्।

२१अबीगेललाई भेट्न भन्दा अघि दाऊदले भन्दै थिए, "मैले त्यस मरुभूमिमा नाबालको सम्पत्ति रक्षा गरें। मैले यति सुरक्षा गरें कि नाबालले केही नोक्सान भोगेनन्। मैले गरेको सबै व्यर्थ भयो। मैले भलाई गरे तर त्यसले त दुर्व्यवहार गर्‍यो। २२यदि मैले नाबालको परिवारका कुनै पनि पुरुषलाई भोलि बिहान सम्म जीवित रहन दिएँ भने मलाई परमेश्वरले दण्ड दिउन्।"

२३त्यति नै बेला अबीगेल आइपुगिन्। अबीगेलले दाऊदलाई देख्न साथ गधाबाट ओर्लिन् र दाऊदको अघि शिर झुकाईन्। २४तिनको अनुहार दाऊदको अघि भूँइमा निहुराए र अबीगेलले भनिन्, "महाशय कृपया, मलाई केही भन्न दिनुहोस्। मैले भनेका कुरा सुनिदिनुहोस्। जे भयो त्यसका निम्ति मलाई दोषी ठहराउनुहोस्। २५तपाईंले पठाउँनु भएका मानिसहरू मैले देखिनँ। महाशय त्यो काम नलाग्ने नाबालको कुरामा ध्यान नदिनुहोस्। जस्तो उसको नाउँ छ मानिस

पनि त्यस्तै छ। उसको नाउँको अर्थ 'मूर्ख", भए जस्तो
उ पनि मूर्ख नै छ। २६परमप्रभुले तपाईंलाई निर्दोष
मानिसहरूको हत्या गर्नबाट जोगाउनु भयो। जस्तो
परमप्रभु जीवित हुनुहुन्छ त्यस्तै तपाईं पनि जीवित
हुनुहुन्छ। म प्रार्थना गर्छु कि तपाईंका सबै शत्रुहरू
अनि जसले तपाईंलाई क्षति गराउँन चाहन्छन् तिनीहरू
सबै नाबाल जस्तै होउन। २७मैले तपाईंलाई केही
उपहार ल्याएकी छु। तपाईंका मानिसहरूलाई दिनुहोस्।
२८मेरो भूलमा क्षमा दिनु होस्। मलाई थाहा छ
परमप्रभुले तपाईंको परिवारलाई शक्तिशाली तुल्याउनु
हुनेछ र धेरै राजाहरू तपाईंकै परिवारबाट आउनेछन्।
परमप्रभुले यसो गर्नु हुनेछ कारण तपाईंले उहाँको
निम्ति युद्ध गर्नु भएको छ। यसर्थ तपाईं बाँचिञ्जेल
मानिसहरूले तपाईंमा कुनै खोट पाउने छैनन्। २९यदि
कसैले तपाईंलाई मार्न खेदो गर्‍यो भने परमप्रभु तपाईंको
परमेश्वरले तपाईंको जीवनलाई बचाउँनु हुनेछ। तर
घुँयत्रोबाट ढुङ्गा फ्याँकिए झैं परमप्रभुले तपाईंका
शत्रुहरूलाई फ्याक्नु हुनेछ। ३०तपाईंलाई परमप्रभुले धेरै
राम्रो कार्य गर्ने वचन दिनु भएको छ। उहाँले आफ्नो
वचन पूरा गर्नुहुनेछ। परमेश्वरले तपाईंलाई इस्राएलको
अगुवा बनाउनुहुनेछ। ३१तर तपाईं निर्दोष मानिसहरूको
हत्या गरेर भूल नगर्नुहोस्। अझै भड्खलोमा नपस्नुहोस्।
परमप्रभुले तपाईंलाई जब सफलता हासिल गराउनु हुन्छ
दया गरी मलाई सम्झनुहोला।"

३२दाऊदले अबीगेललाई जवाफ दिए, "परमप्रभु
इस्राएलका परमेश्वरको प्रशंसा गर। आज उहाँले
तिमीलाई म भए कहाँ पठाउनु भएको निम्ति प्रशंसा
गर। ३३तिम्रो सही विचारको निम्ति परमेश्वरले तिमीलाई
आशीर्वाद दिऊन्। आज निर्दोष मानिसहरूको हत्या
गर्नबाट तिमीले मलाई रोक्यौ। ३४साँच्चै नै परमप्रभु
इस्राएलका परमेश्वर जीवित हुनुहुन्छ म त्यो भन्छु।
यदि तिमी ठीक समयमा नआइपुगेका भए भोलि बिहान
सम्ममा नाबालका एउटै मानिस पनि जीवित रहने
थिएन।"

३५त्यसपछि दाऊदले उपहार स्वीकार गरे। दाऊदले
भने, "शान्तिसित घर जाऊ। मैले तिम्रा सबै कुरा सुने
र म तिमीले भने जस्तै गर्नेछु।"

### नाबालको मृत्यु

३६अबीगेल घर फर्किन। नाबाल घरैमा भोज
मनाइरहेका थियो। नाबाल राजाले जस्तै भोजन खाँदै
थिए। उ मग्न थिए अनि खूबै पिएका थिए। यसर्थ
भोलि बिहान नहुञ्जेल अबीगेलले केही भनिन। ३७भोलि
पल्ट बिहान नाबाल शान्त थियो। यसर्थ उसकी पत्नीले
सबै बताइन्। त्यत्ति नै बेला नाबालमुटुको वेदनाले
पीड़ित भयो। ३८झण्डै दश दिनपछि परमप्रभुले नाबाललाई
मृत्यु दण्ड दिनुभयो।

३९दाऊदले नाबालको मृत्युको खबर सुने। दाऊदले
भने, "परमप्रभुको महिमा होस्। नाबालले मेरो विषयमा
दुष्ट कुरा गरे, तर परमप्रभु परमेश्वरले मेरो पक्ष
लिनुभयो। परमप्रभुले मलाई पाप गर्नबाट बचाउँनु भयो
अनि परमप्रभुले नाबाललाई उसका अपराधको निम्ति
मृत्यु दण्ड दिनुभयो।"

त्यसपछि दाऊदले अबीगेललाई समाचार पठाउनु
भयो अनि दाऊदले उनलाई आफ्नी पत्नी हुने प्रस्ताव
राख्नुभयो। ४०दाऊदका नोकरहरू कर्मेलमा आएर
अबीगेललाई भने, "दाऊदले हामीलाई पठाउनु भएको
छ। तपाईं उहाँकी पत्नी हुनुहोस् भन्नु भनी उहाँले
समाचार पठाउनु भएको छ।"

४१अबीगेलले शिर झुकाइन् र भनिन्, "म तपाईंको
दासी हुँ। म तपाईंको सेवा गर्न राजी छु। म मेरो
स्वामी दाऊदका सेवकहरूका खुट्टा धुन तयार छु।"

४२हतार-हतार तयार भएर गधामा चढ़ी ती दूतहरूसँग
अबीगेल बाटो लागिन्। अबीगेलले आफूसित पाँचजना
सहेलीहरू लगिन् र आफू दाऊदकी पत्नी भइन।

४३दाऊदले यिज्रेलकी अहीनोमलाई पनि विवाह गरेका
थिए। दाऊदका अहीनोम र अबीगेल दुवै पत्नी भए।
४४दाऊदले शाऊलकी छोरी मीकललाई पनि विवाह
गरेका थिए। तर शाऊलले तिनलाई दाऊदबाट खोसे।
शाऊलले गल्लीमको लेशको छोरा पलिश्तीलाई मीकल
दिएका थिए।

### दाऊद र अबीशै शाऊलको छाउनीमा पसे

२६ जीपीका मानिसहरू शाऊललाई भेट्न गिबा
गए। तिनीहरूले शाऊललाई भने, "हकीलाको
पहाड़मा दाऊद लुक्दैछ। यो पहाड़ यशीमोन देखि पारि
पर्छ।"

२शाऊल जीपको मरुभूमितिर गए। शाऊलले ३,०००
सेनाहरू इस्राएलबाट छानेर लगे। शाऊल र उसका
सेनाहरूले जीपको मरुभूमितिर दाऊदलाई खोजे।
३शाऊलले उसको छाउनी हकीलाको पहाड़माथि बाटोको
छेउमा यशीमोन तिर फर्काएर बनाए। दाऊद त्यही
मरुभूमिमा थिए। शाऊलले पीछा गर्दैछन् भन्ने कुरा
तिनलाई थाहा थियो। ४यसर्थ दाऊदले चेवाहरू पठाए।
दाऊदलाई थाहा लाग्यो शाऊल हकीलामा छ भनेर।
५दाऊद शाऊलको छाउनीमा गए। शाऊल र अबनेर
कहाँ सुतिरहेका थिए दाऊदले देखे। (नेरका छोरो
अबनेर शाऊलका सेनाको सेनापति थिए।) शाऊल
छाउनीको बीचमा सुते। सेनाहरू शाऊलको वरिपरि
सुती रहेका थिए।

६दाऊदले हित्ती अहीमेलेक र सरूयाहका छोरा
अबीशैसित बात गरे। (अबीशै योआबका भाइ थिए।)
तिनले भने, "मसँग शाऊलको छाउनीमा को जान्छ?"

अबीशैले जवाफ दिए, "म तपाईंसँग जानेछु।"

७जब रात पर्‍यो दाऊद र अबीशै शाऊलको
छाउनीमा गए। शाऊल छाउनीको मध्य भागमा मस्त
सुतिरहेका थिए। तिनको भाला तिनको शिर नेर भूँईमा
गाड़िएको थियो। अबनेर अरु सैनिकहरूसंगै शाऊलको
वरिपरी मस्त सुतिरहेका थिए। ८अबीशैले दाऊदलाई
भने, "आज परमेश्वरले तपाईंको शत्रुलाई तपाईंको
हातमा सुम्पिनु भएकोछ उसको भालाले उसैलाई रोप्न
मलाई दिनुहोस्। म एकै खेपमा काम सिध्याउँछु।"
९तर दाऊदले अबीशैलाई भने, "शाऊललाई नमार!
परमेश्वरले छान्नु भएको राजालाई घात गर्दा दण्ड
पाइन्छ। १०साँच्चै नै परमेश्वर जीवित हुनुहुन्छ परमप्रभु
आफैले शाऊललाई दण्ड दिनुहुनेछ। शाऊल युद्ध
भूमिमा मरोस अथवा स्वभाविक मृत्यु होस्। ११तर म
परमप्रभुले उहाँका चुनिएका राजालाई केही नोक्सान
नपुर्‍याउन भनी उहाँलाई विन्ति गर्छु। शाऊलको शिरमा
भएको भाला र पानीको सुराही उठाउ अनि हामी
जानेछौ।"
१२यसरी दाऊदले भाला र पानीको सुराही शाऊलको
शिरकै छेउबाट लिए। त्यसपछि दाऊद र अबीशै
छाउनीबाट निस्किए। तिनीहरूले के गरे कसैले पनि
थाहा पाएन। न कसैले देख्यो न त कोही ब्यूँझ्यो।
शाऊल र तिनका सैनिकहरू गहिरो निद्रामा परेको
कारण परमप्रभुले नै तिनीहरूलाई गहिरो निद्रामा
पारिदिनुभएको थियो।

### दाऊदले फेरि पनि शाऊललाई लाजमर्दो बनाए

१३दाऊद बेंसी पार गरेर पारिपट्टि पुगे। शाऊलको
छाउनीबाट पारी पहाड़को टाकुरामा पुगे। दाऊद र
शाऊलका छाउनीहरू धेरै टाढ़ा-टाढ़ा थिए। १४दाऊदले
सेना र खास गरी नेरका छोरा अबनेरलाई ठूलो स्वरमा
कराएर भने, "अबनेर, मलाई जवाफ देऊ!"
अबनेरले जवाफ दिए, "तिमी को हौ? किन महाराजलाई
डाकिरहेछौ?"
१५दाऊदले भने, "तिमी मानिस हौ, कि होइनौ?
अनि इस्राएल भरी सबभन्दा महान तिमी नै छौ। के यो
सत्य होइन? त्यसो हो भने आफ्नो प्रभु महाराजको रक्षा
किन ठिकसित गरेनौ? एउटा साधारण मानिसले तिम्रो
राजालाई मार्न छाउनी भित्र आयो। १६तिमीले एकदमै
नराम्रो काम गर्‍यौ। जस्तो कि परमप्रभु जीवित हुनुहुन्छ,
तिमी र तिम्रा मानिसहरू मर्नु पर्छ। किनभने तिमीहरूले
आफ्ना परमप्रभुका अभिषिक्त राजाको रक्षा गरेनौ। अब
हेर राजाको सिरानी छेउको भाला र पानी पिउने
सुराही। खोई कहाँ छन्?"
१७शाऊलले दाऊदको स्वर चिने। शाऊलले भने,
"मेरो छोरा दाऊद के यो स्वर तिम्रो हो?"
दाऊदले जवाफ दिए, "ज्यू, यो मेरै आवाज हो,
मेरो प्रभु महाराजा।" १८दाऊदले फेरि भने, "हे मेरा
प्रभु, तपाईंले मेरो खेदो किन गर्नु हुदैछ? मैले के भूल
गरें? मेरो के कसुर छ? १९हे मेरो मालिक राजा म
तपाईंको नोकरलाई सुन्नु होस् यदि परमप्रभुले नै
तपाईंलाई म माथि रिस उठाउनुभएको हो भने एउटा
भेट स्वीकार गरिदिनुहोस्। तर यदि मानिसले तपाईंलाई
म माथि रिस उठाउनु भएको हो भने, परमप्रभुले
तिमीहरूलाई केही नराम्रो गर्नुहुनेछ। परमप्रभुले दिनुभएको
भूमि त्याग्न मलाई मानिसहरूले जबरजस्ती गरे। तिनीहरूले
मलाई भने, 'जाऊ र विदेशीसँग बस र विदेशी
देवतालाई पूजागर।' २०मलाई परमप्रभुबाट टाढ़ा मर्न
नदेऊ। इस्राएलका राजा झीङ्गाको पछि लाग्दैछ। तपाईं
पहाड़मा भ्यागुताहरूको पछि लागेको मानिस जस्तो
हुनुभयो।"
२१तब शाऊलले भने, "मैले पाप गरें। मेरो छोरा
दाऊद यता आऊ आज मलाई प्रमाण गरेर देखाइ
देऊ। तिम्रो निम्ति मेरो ज्यान महत्वपूर्ण छ। अब म
तिमीलाई चोट पुर्‍याउने छैन। मैले मूर्खले झैं ठूलो
भूल गरें।"
२२दाऊदले जवाफमा भने, "राजाको भाला यहाँ छ।
यो लिन कुनै एक जना जवानलाई पठाउनुहोस्।
२३परमप्रभुले हरेक मानिसहरूलाई उसको धार्मिकता र
विश्वसनीयताको निम्ति इनाम दिनुहुन्छ। उहाँले राम्रो
काम गर्ने मानिसलाई इनाम दिनुहुन्छ र नराम्रो कार्य
गर्नेलाई दण्ड दिनुहुन्छ। परमप्रभुले तपाईंलाई हराउन
आज मलाई मौका दिनुभयो। तर म परमप्रभुका
अभिषिक्त राजालाई हानि गर्न चाहदिन। २४आज मैले
प्रमाण गरें कि मेरो निम्ति तपाईंको जीवन महत्वपूर्ण
छ। यस्तै प्रकार परमप्रभुले पनि देख्नु हुनेछ मेरो प्राण
उहाँलाई महत्वपूर्ण छ। परमप्रभुले मलाई प्रत्येक खतराबाट
बचाउँनु हुनेछ।"
२५त्यसपछि शाऊलले दाऊदलाई भने, "परमेश्वरले
तिमीलाई आशीर्वाद दिउन्, मेरो छोरा दाऊद। तिमीले
ठूला-ठूला कार्यहरू गर्नेछौ र सफलता पनि पाउँनेछौ।"
दाऊद आफ्नो बाटो लागे र शाऊल घरतिर फर्किए।

### दाऊद पलिश्तीहरूसँग रहन थाले

२७ तर दाऊदले आफै सोचे, "शाऊलले मलाई
एक दिन पक्रिएर मार्ने छ। सबभन्दा राम्रो
मलाई यो हुन्छ पलिश्तीहरू भएकोमा भागेर जानु
त्यसपछि शाऊलले मलाई इस्राएलमा खोज्न छोड़ने छ।
त्यसरी म शाऊलबाट उम्कन सक्नेछु।"
२यसरी दाऊद र तिनका ६०० मानिसहरूले इस्राएल
त्यागे। तिनीहरू माओकका छोरा आकीशकाँ गए।
आकीश गातका राजा थिए, ३दाऊद, तिनका मानिसहरू
र तिनका परिवार गातमा आकीशसँग बसे। दाऊदकी
दुवै पत्नी तिनीसितै थिए। तिनीहरू यिज्रेली अनहीनोअम
अनि कर्मेली अबीगेल थिए। अबीगेल नबालकी विधवा

थिईन्। ४मानिसहरूले शाऊललाई भने कि दाऊद
भागेर गात गए। यसर्थ शाऊलले दाऊदको पिछा गर्न
छोड़े।
५दाऊदले आकीशसँग भने, "यदि तपाईं मसँग
प्रसन्न हुनुहुन्छ भने मलाई शहरमा एउटा ठाउँ
तोकिदिनुहोस्। म तपाईंको सेवक मात्र हुँ। म त्यहाँ
बस्नेछु, यहाँ राजधानीमा होइन।"
६त्यस दिन आकीशले दाऊदलाई सिकलग शहर
दिए। सिकलग चाहि त्यही दिन देखि यहूदा राजाहरूको
वंशमा रहेकोछ। ७दाऊद पलिश्तीहरूसँग एक वर्ष चार
महिना बसे।

## दाऊदले आकीश राजालाई छक्काए

८दाऊद र तिनका मानिसहरूले मिश्रमा अवस्थित
तलैम देखि शूरका अमालेकी गशूर र गिर्ज्रीहरूसित
युद्ध गरे। दाऊदले तिनीहरूलाई हराएर सम्पत्ति लुटे।
९दाऊदले त्यस इलाकाका मानिसहरूलाई हराए अनि
सबैलाई मारे दाऊदले त्यहाँ भेड़ा, गाई-गोरू, गधा
ऊँठ र लुगाहरू लुटे। ऊ फर्किए पछि यी लुटेकाहरू
आकीशलाई दिए।
१०दाऊदले धेरै पल्ट यसो गरे। प्रत्येक चोटि नै
आकीशले कता कोसँग युद्ध गर्‍यौ भनेर सोध्थे।
दाऊदले भन्थे, "मैले दक्षिणपट्टिको यहूदमाथि अथवा
'मैले दक्षिणपट्टिको यरहमेलीमा," अथवा "दक्षिणपट्टिको
केनीहरूमाथि आक्रमण गरे*।" ११दाऊदले गातमा
कहिले पनि कुनै लोग्ने मानिस अथवा स्त्रीहरू जिउँदो
ल्याएनन्। दाऊदले ठान्थे, "यदि मैले जिउँदो मानिस
ल्याएँ भने वास्तवमा म के गर्दैछु, आकीशले थाहा
पाउनेछ।"
जब सम्म दाऊद पलिश्तीको भूमिमा बसे तिनले
त्यसो गरे। १२आकीशले दाऊदलाई पत्याउन थाले।
आकीशले आफैलाई भन्थे, "अब दाऊदलाई आफ्नै
मानिसहरूले घृणा गर्ने छन्। इस्राएलीहरूले दाऊदलाई
साह्रै घृणा गर्नेछन्। अब दाऊदले सधैं मेरो सेवा
गर्नेछ।"

## पलिश्तीहरू युद्धको निम्ति तयार

२८ त्यस बेला पलिश्तीहरूले इस्राएलमाथि आक्रमण
गर्न सेनाहरू भेला गराए। आकीशले दाऊदलाई
भने, "तपाईंले त्यो जान्नु पर्छ तपाईं र तपाईंका
मानिसहरू इस्राएलको विरुद्ध युद्धमा मसँग जानुपर्छ।"
२दाऊदले जवाफ दिए, "निश्चय! तपाईंले देख्नुहुन्छ
म के गर्न सक्छु।"
आकीशले भने, "राम्रो, म तपाईंलाई मेरो अंगरक्षक
बनाउँछु। सधैं मेरो रक्षा गर्नुहोस्।"

## शाऊल र एउटी स्त्री एन्दोरमा

३शमूएल मरे। शमूएलको मृत्युमा सम्पूर्ण इस्राएलीहरूले
दु:ख प्रकट गरे। तिनीहरूले शमूएललाई उनकै शहर
रामामा गाड़े। पहिला शाऊलले भुतप्रेत खेलाउनेहरू र
ज्योतिषीहरूलाई इस्राएल छोड्न वाध्य गरेका थिए।
४पलिश्तीहरू युद्धको निम्ति तयार थिए। तिनीहरू
शूनेममा आएर त्यहीं छाउनी बनाए। शाऊलले पनि सबै
इस्राएलीहरूलाई भेला गराएर गिल्बोमा छाउनी हाल्न
लगाए। ५शाऊल पलिश्ती सेनाहरू देखेर डराए। तिनको
मुटु नै काम्यो। ६शाऊलले परमप्रभुमा प्रार्थना गरे तर
परमप्रभुले जवाफ दिनुभएन। परमप्रभु परमेश्वरले दर्शनमा
पनि केही उत्तर दिनुभएन। परमेश्वरले न त उरीम न
ता अगमवक्ताद्धारा नै शाऊललाई जवाफ दिनुभयो।
७अन्त्यमा शाऊलले आफ्ना अधिकारीहरूलाई भने,
"मलाई एउटी तंत्र-मंत्र गर्ने महिला ल्याइदेऊ, म
त्यसलाई सोध्छु यो युद्धको फल के हुन्छ।"
तिनका अधिकारीहरूले जवाफ दिए, "एन्दोरमा त्यस्ती
एउटी स्त्री छे।"
८शाऊलले भेष बद्लाउनको निम्ति भिन्नै लुगा
लगाए यसकारण उसलाई नचिनोस्। त्यो रात शाऊल
दुइजना मानिस लिएर त्यस स्त्रीलाई भेट्न गए।
शाऊलले त्यस स्त्रीलाई भने, "म तिमीलाई भन्नेछु मेरो
भविष्य बताउने आत्मा बोलाऊ। म जसको नाउँ दिन्छु
त्यसैको आत्मा जगाउनु।"
९तर त्यस स्त्रीले भनी, "तिमी जान्दछौ शाऊलले के
गर्‍यो। सबै भाँकी र ज्योतिषीहरूलाई उसले इस्राएलबाट
धपायो। तिमीले मलाई अप्ठेरोमा पारेर ज्यान लिन
चाहान्छौ।"
१०शाऊलले परमप्रभुको नाउँमा शपथ खाएर त्यसलाई
भने, "तिमीले कुनै दण्ड सामना गर्नु पर्ने छैन।"
११स्त्रीले सोधी, "तिमीले कसलाई बोलाउनु लाउँछौ?"
शाऊलले भने, "शमूएलको आत्मालाई बोलाऊ।"
१२शमूएलको आत्मा तिनको अघि देखा पर्‍यो।
शमूएललाई देखेर त्यो स्त्रीले जोड़ले चिच्याई। तिनले
शाऊललाई भनिन्, "मलाई धोखा दिनुभयो! तपाईं नै
शाऊल हुनुहुन्छ।"
१३राजाले स्त्रीलाई भने, "नडराऊ। तिमीले के
देख्यौ?"
स्त्रीले भनी, "मैले आत्मा भुइँबाट निस्किएको देखे।"
१४शाऊलले सोधे, "को जस्तो देखिन्छ?"
स्त्रीले जवाफ दिइ, "खास किसिमको लबेदा ओढ़ेको
एउटा वृद्ध मानिस जस्तो देखिन्छ।"
त्यसपछि शाऊलले थाहा पाए शमूएल नै हो भनेर।
शाऊलले भूइँतिरशिर भुकाए उसलाई अभिवादन गरे।

**दक्षिणपट्टिको ... आक्रमण गरे** यि सबै ठाउँहरू एसावका थिए। दाऊदले आचिसलाई विचार गर्न लगायो कि उसले आओ मानिस इस्राएलका विरुद्ध लड़ेको थियो।

१५शमूएलले शाऊललाई भने, "मलाई किन दुखः दिएको? मलाई किन बोलाएको?"

शाऊलले भने, "म संकटमा छु। पलिश्तीहरू म सँग युद्ध गर्न आउँदैछन्, अब परमेश्वर मसित हुनु हुन्न। परमेश्वरले मलाई केही दिनुहुन्न। न त उहाँले कुनै अगमवक्ता न सपनामा केही भन्नु हुन्छ। यसकारण तपाईंलाई बोलाएको छु मलाई भन्नुहोस् म के गरौ?"

१६शमूएलले भने, "परमप्रभु तिमीसित हुनुहुन्न। उहाँ तिम्रो छिमेकी दाऊदसँग हुनुहुन्छ। यसकारण मलाई किन झन्झट दिएको? १७परमप्रभुले के गर्नु हुनेछ त्यो भन्न उहाँले मलाई एकपटक आज्ञा गर्नुभयो। अहिले परमप्रभुले त्यही गर्दै हुनुहुन्छ। परमप्रभुले तिम्रो हातबाट राजधानी खोस्दै हुनुहुन्छ। अनि उहाँले तिम्रो छिमेकीको हातमा सुम्पिदिनुहुनेछ। त्यो छिमेकी चाहिँ दाऊद हो। १८तिमीले परमप्रभुको आज्ञा पालन गरेनौ। तिमीले अमालेकीहरूलाई पूर्ण नष्ट गरेनौ तिनीहरूलाई यो कुरा देखाउन कि तिनीहरूसंग परमेश्वर कति क्रोधित हुनुहुन्थ्यो। यसकारण आज परमप्रभुले तिमीलाई यसो गर्नु हुँदैछ। १९परमप्रभुले पलिश्तीहरूद्वारा तिमीलाई र इस्राएलका सेनालाई आज हराउनु हुन्छ। अनि भोलि, तिमी र तिम्रा छोरा मसित हुनेछौ।"

२०शाऊल तत्कालै लड़े र भूइँमा पसारिए। शमूएलको कुरा सुनेर शाऊल साह्रै डराए। शाऊल कमजोर भइसकेका थिए कारण हिजो देखि रात-दिन उनले केही खाएकै थिएनन्।

२१स्त्री शाऊलको छेउमा आईन। शाऊल साह्रै डराएको देखी। तिनले भनी, "हेर्नुहोस् म तपाईंकी सेविका। मैले तपाईंको आज्ञापालन गरें। मैले मेरो ज्यानलाई जोखिममा हाले र तपाईंले भने झैं गरें। २२अब मेरो कुरा सुन्नुहोस्। म तपाईंलाई खाने कुरा दिन्छु। तपाईंले खानैपर्छ। त्यसपछि आफ्नो कार्य गर्न शक्ति पाउनु हुनेछ।"

२३तर शाऊलले मानेनन्। तिनले भने, "मलाई खान चाहिँदैन।"

शाऊलका अधिकारीहरूले पनि स्त्रीसँगै केही खानु भनी अनुरोध गरे। अन्त्यमा शाऊलले तिनीहरूका कुरा माने। भुइँबाट उठेर बिस्तरामा बसे। २४त्यस स्त्रीले आफूसँग भएको बलियो बाच्छो मारी। त्यस स्त्रीले अलिकति पिठो मुछी र खमीर बिनाको रोटी पकाई। २५र त्यस स्त्रीले भोजन शाऊल र तिनका अधिकारीहरूलाई पस्कि। तिनीहरूले भोजन खाए र त्यही रात तिनीहरू उठेर गए।

### "दाऊद हामीसित आउनसक्दैन"

२९ पलिश्तीहरूले अपेकमा तिनीहरूका सबै सैनिक भेला गराए। इस्राएलीहरूले यिज्रेलको पानीको मुहान नेर छाउनी हाले। २पलिश्ती अगुवाहरूले सय र हजारको संख्यामा मानिसहरूलाई अघि बढ़ाए। दाऊद र तिनका मानिसहरू आकीशको पछिल्तिर लागे।

३पलिश्ती कप्तानहरूले सोधे, "यी हिब्रूहरूले यहाँ के गर्दैछन्?"

आकीशले ती कप्तानहरूलाई भने, "यिनी दाऊद हुन्। दाऊद शाऊलका अधिकारीहरू मध्ये एकजना थिए। दाऊद मसँग धेरै अघिदेखि छन्। शाऊललाई त्यागेर आई म सँग बस्न थाले यता मैले कुनै भूलत्रुटि दाऊदमा पाइँन।"

४तर पलिश्ती कप्तानहरू आकीशसँग रिसाए। तिनीहरूले भने, "दाऊदलाई फर्काउनुहोस्। तपाईंले दिनुभएको शहरमा उ फर्कनु पर्छ। रणभूमिमा उ हामीसित जान सक्दैन। नत्रभने हाम्रो आफ्नै छाउनी भित्र शत्रु हुनेछ। उसले आफ्नो राजालाई खुशी पार्न हाम्रै मानिस मार्नेछ। ५दाऊद त्यही मानिस हो जसको विषयमा इस्राएलीहरू यसो भनेर गीत गाउँदै नाच्थे :

"शाऊलले हजार शत्रुहरू मारे
तर दाऊदले दश हजार मारे।"

६यसकारण आकीशले दाऊदलाई बोलाएर भने, "जीवित परमप्रभुको नाउँमा, तिमी मेरो भक्त छौ। म अति प्रसन्नहुने थिएँ यदि तिमीले मेरा सेनामा योगदान दिएको भए। शुरूदेखि नै तिमी भरपर्दो भएका छौ। तर पलिश्ती सेनाहरूले तिमीलाई सहमति गर्न चाहदैन। ७शान्तिसित फर्क, पलिश्ती कप्तानहरूका विरुद्धमा कुनै गलत काम नगर।"

८दाऊदले सोधे, "मेरो गल्ती के हो?" जबदेखि म तपाईंकहाँ आए मेरो केही दोष पाउनु हुन्छ? मेरा मालिक मेरा परमप्रभु राजाको शत्रुहरूसित युद्धगर्न मलाई किन बाधा दिनुहुन्छ?"

९आकीशले जवाफमा भने, "मलाई थाहा छ तिमी असल मानिस हौ। तिमी परमेश्वरका स्वर्गदूत हौ। तर पलिश्ती सेनापतिहरूले भन्दैछन्, 'दाऊद हामीसित युद्ध भूमिमा जान सक्दैन।' १०भोलि बिहानै तिमी र तिम्रा मानिसहरूसित मैले दिएको शहरमा फर्केर जाऊ। यसकरण घाम झुल्कनु अघि नै फर्केर जाउ।"

११यसकारण दाऊद र तिनका मानिसहरू बिहानै उठेर पलिश्ती देशतिर फर्के। बीचमा यता पलिश्तीहरू चाहिँ यिज्रेल तिर बढ़े।

### अमालेकीहरूले सिकलगमाथि आक्रमण गरे

३० तेस्रो दिन दाऊद र तिनका मानिसहरू सिकलग आए अनि यो भष्म भएको देखे। जब अमालेकीहरूले नेगेभ क्षेत्रमा आक्रमण गरे? तिनीहरूले सिकलगमा आक्रमण गरे अनि शहरमा आगो लगाइदिए। २तिनीहरूले सिकलगका स्त्रीहरूलाई बन्दी बनाए। बूढ़ा

अथवा जवान सबै मानिसहरूलाई समाते। तिनीहरूले कसैलाई पनि मारेनन्। बन्दी मात्र बनाए।

३जब दाऊद र तिनका मानिसहरू सिकलग आए शहर जलिरहेको पाए। तिनीहरूका पत्नीहरू छोरा-छोरीहरू सबै अमालेकीहरूले लगेकाले कोही थिएनन्। ४त्यसैते दाऊद र अरू मानिसहरू धेरै रोए। ५अमालेकीहरूले दाऊदका दुवै पत्नीहरू यिज्रेली अहीनोअम र कर्मेली नाबालकी विधवा अबीगेललाई पनि हरेर लगेछन्।

६सेनाका सबै मानिसहरू आफ्ना छोरा छोरी सबै बन्दी बनाइएकोमा दु:खी भई रिसाए। मानिसहरूले दाऊदलाई ढुङ्गाले हिर्काएर मार्ने कुरा गर्दैथे। यसले दाऊदलाई साह्रै नराम्रो लाग्यो। तर दाऊदले परमप्रभु उनका परमेश्वरबाट शक्ति पाए। ७दाऊदले पूजाहारी एबीयातारलाई भने, "एपोद ल्याउनुहोस।"

८दाऊदले परमप्रभुलाई बिन्ती गरे, "मेरो परिवारका सदस्यहरूलाई हरण गर्नेहरूलाई के म खेदौं? म तिनीहरूलाई पक्रन सक्छु?"

परमप्रभुले भन्नु भयो, "पछ्याऊँ तिनीहरूलाई। पक्रन सक्छौ र तिम्रो परिवारका सदस्यहरूलाई बचाउन सक्छौ।"

## दाऊद र तिनका मानिसहरूले मिश्री दासलाई पाउँछन्

९-१०दाऊद आफ्ना साथमा ६०० मानिसहरू लिएर बसोर खोल्सामा गए। त्यो ठाउँमा झण्डै २०० मानिस त्यही बसे। त्यहाँ बस्नुको कारण तिनीहरू धेरै कमजोर थिए र थाकेका पनि थिए, यसकारण दाऊद ४०० मानिसहरू लिएर अमालेकीहरूलाई लगातार पछ्याउन थाले।

११दाऊदका मानिसहरूले खेतमा एउटा मिश्रीलाई भेटे। त्यस मिश्रीलाई तिनीहरूले दाऊदका सामु हाजिर गराए। तिनीहरूले त्यस मिश्रीलाई पानी र भोजन दिए। १२तिनीहरूले एउटा टुक्रा नेभाराको रोटी र दुइ झप्पा किसमिस पनि दिए। खाना खाए पछि उनी फुर्तीला भए। तीन दिन तीन रातदेखि न त खाना खाए, न पानी पिए।

१३दाऊदले त्यस मिश्रीलाई सोधे, "तिम्रो मालिक को हो? तिमी कहाँबाट आयौ?"

त्यस मिश्रीले जवाफ दिए, "म एकजना मिश्री हुँ। म एकजना अमालेकीको दास हुँ। तीन दिनअघि म बिरामी भएँ र मालिकले मलाई त्यागिदिए। १४हामीले नेगेव इलाकामा आक्रमण गर्‍यौं जहाँ करेतीहरू बस्थे। हामीले यहूदा र नेगेवमा आक्रमण गर्‍यौ जहाँ कालेबी जाति बस्थे। हामीले सिकलगलाई जलायौं।"

१५दाऊदले भने, "के तिमी मलाई तिनीहरूकहाँ पुर्‍याइदिन सक्छौ जसले हाम्रा परिवारका सदस्यहरूलाई समातेका छन्?"

त्यस मिश्रीले भने, "परमेश्वरको अघि यदि तपाईंले मलाई मार्दिन अथवा मेरो मालिकको घरमा मलाई फिर्ता दिने वचन दिनुभयो भने म तपाईंलाई सहयोग गर्छु।"

## दाऊदले अमालेकीहरूलाई हराउँछन्

१६त्यस मिश्रीले दाऊदलाई अमालेकीहरू भएको ठाउँमा पुर्‍यायो। त्यसबेला अमालेकीहरू खाँदै र पिउँदै भुइँमा पल्टिरहेका थिए। तिनीहरूले पलिश्ती र यहूदाका क्षेत्रबाट जे-जे लूटेका थिए त्यहीसँग रमाइलो मनाइरहेका थिए। १७दाऊदले तिनीहरू माथि आक्रमण गरे र मारे। तिनीहरू घाम झुल्के देखि अर्को दिनको साँझसम्म लड़े। अमालेकीहरू कोही भाग्नसकेनन्। खालि ४०० सेनाहरू तिनीहरूका ऊँठमा चढ़ेर गए।

१८अमालेकीहरूले लुटेका जति सबै उनका दुइटी पत्नीहरू सहित दाऊदले उद्धार गरे। १९कोही पनि हराएनन्। बूढ़ा र जवान सबै पुन:प्राप्त गरे। सबैका छोरा छोरी पनि पाइए। अमालेकीहरूले लुटेका प्रत्येक चीज दाऊदले पुन:प्राप्त गरे। २०सबै भेड़ा, बाख्रा, गाई-गोरु दाऊदले फिर्ता लिए। दाऊदका मानिसहरूले ती पशुहरूलाई अघि लगाए। तिनीहरूले भने, "यी सबै दाऊदका उपहार हुन्।"

## भागबण्डा सबैमा बराबर हुने

२१दाऊद बसोर खोल्सामा ती २०० मानिसहरू बसेको ठाउँमा आए। यी मानिसहरू साह्रै कमजोर र थाकेका हुनाले दाऊदसँग जान सकेका थिएनन्। यी मानिसहरू दाऊद र सैनिकहरूलाई भेट्न बाहिर आए। तिनीहरूले दाऊद र सैनिकहरूलाई अभिवादन गरे जब तिनीहरू नजिक आए। २२दाऊदसँग केही दुष्ट मानिसहरू पनि गएका थिए अनि जसले समस्या उब्जाइ रहन्थे। ती दुष्टहरूले भने, "यी २०० मानिसहरू हामीसित गएका होइनन्। यिनीहरूले आफ्ना पत्नी र छोरा-छोरीहरू सिवाय केही पनि पाउने छैनन्।"

२३दाऊदले जवाफ दिए, "होइन, मेरा भाइ हो। त्यसो गर्नु हुँदैन। बिचार गर त परमप्रभुले हामीलाई के दिनुभयो! परमप्रभुले हामीलाई शत्रु हराउन सहयोग गर्नुभयो जसले हामी माथि आक्रमण गर्‍यो। २४तिमीले जे भन्छौ त्यसमा कसैले ध्यान दिनेछैन। जो लड़ाइको मैदानमा जान्छन् र जो यहाँ बसेर माल-समानको रक्षा गर्नेले तिनीहरूको लागि बराबर भागबण्डा हुनेछ। सबैले बराबर भाग बण्डा पाउने छन्।" २५दाऊदले यो आदेश दिए र इस्राएलमा शासन गरे अनि आज पनि इस्राएलमा यही नियम लागू छन्।

२६दाऊद सिकलग आइपुगे। तिनले अमालेकीहरूबाट पाएका सामानहरू यहूदाका आफ्ना मित्रहरू र नेताहरूलाई पठाइदिए। दाऊदले भने, "परमप्रभुका शत्रुबाट खोसेका चीजहरू तपाईंलाई उपहार स्वरूप छ।"

२७दाऊदले त्यसरी नै ती सामानहरू बेतेलका नेताहरूलाई, नेगेबका रमोत, यतीरमा, २८अरोएर, सिपमोत, एस्तमो, २९राकालमा भएकाहरूलाई, यरहमैलीहरू र केनीहरूका शहरहरूमा, ३०होर्मामा, बोराशानमा, अत्ताकमा, ३१अनि हेब्रोनमा भएकाहरूलाई पठाइदिए। दाऊदले तिनका मानिसहरू जहाँ-जहाँ गएका थिए ती सबै ठाउँका नेताहरूलाई पठाइदिए।

## शाऊलको मृत्यु

३१ पलिश्तीहरू इस्राएलको विरुद्धमा लड़े अनि इस्राएलीहरू हारेर भागे। गिल्बो पर्वतमा धेरै इस्राएलीहरू मारिए। २पलिश्तीहरू शाऊल र तिनका छोराहरू विरूद्ध तीव्रता पूर्वक लड़े। पलिश्तीहरूले शाऊलका छोरा जोनाथन, अबीनादाब र मल्कीशूअलाई मारे।

३त्यो युद्ध शाऊलको विरुद्ध चारैतिर मच्चियो। धनुर्धारीको काँड़ले शाऊललाई हिर्कायो अनि तिनी नराम्रो घाइते भए। ४शाऊलले तिनको हातहतियार बोक्ने नोकरलाई भने, "तिम्रो तरवार निकालेर मलाई मार। ती विदेशीहरूको हातबाट म घाइते हुनु अथवा तिनीहरूको हाँसोको पात्र बन्न म चाहदिन।" तर शाऊलको नोकर डराएर त्यसो गर्न सकेन। यसर्थ शाऊलले आफ्नो तरवार निकालेर आत्महत्या गरे। ५नोकरले शाऊल मरेको देखेर तरवार निकालेर आफू पनि शाऊलसँगै मर्‍यो। ६यसरी शाऊल, तिनका तीनजना छोरा र हतियार बोक्ने केटो त्यस दिन सँगै मरे।

## पलिश्तीहरूले शाऊलको मृत्युमा आनन्द मनाए

७बेंसीको अर्कोपट्टि भएका इस्राएलीहरूले इस्राएलका सैनिकहरू भाग्दै गरेको देखे। तिनीहरूले शाऊल र तिनका छोराहरू मरेको देखे। यो देखेर ती इस्राएलीहरू आफ्नो शहर छाड़ेर भागे। त्यसपछि पलिश्तीहरू ती शहरहरूमा आएर बस्न लागे।

८अर्को दिन, पलिश्तीहरू मरेका लाशहरूबाट चीज बिज लुटन गए। तिनीहरूले गिल्बो पर्वतमा शाऊल र तिनका छोराहरू मरेका पाए। ९पलिश्तीहरूले शाऊलको टाउको काटे र तिनको हतियार लगे। तिनीहरूले पलिश्ती र तिनीहरूले पूजा गर्ने देवताको मन्दिर सम्म उक्त समाचार पुर्‍याए। १०तिनीहरूले शाऊलको हात-हतियारहरू अश्तारोतको मन्दिरमा राखे। शाऊलको लासचाहिँ बेतशानको भित्तामा झुण्डाए।

११याबेश गिलादका मानिसहरूले पलिश्तीद्वारा शाऊल माथि घटेका घटनाहरू सुने। १२यसैले याबेशका सबै सैनिकहरू बेत-शान गए। रातभरी तिनीहरू हिँड़े। त्यसपछि तिनीहरूले बेतशानको भित्ताबाट शाऊलको लाश झिके। तिनीहरूले शाऊलका छोराहरूका लाश पनि झिके। त्यसपछि ती लाशहरू याबेश पुर्‍याए। याबेशका मानिसहरूले शाऊल र तिनका छोराहरूका लाशलाई जलाइ दिए। १३त्यसपछि तिनीहरूले शाऊल र तिनका छोराहरूका हड़ीहरू निकाले अनि याबेशमा एउटा ठूलो रूखमुनि गाडे। यसरी याबेशका मानिसहरूले तिनीहरूको दु:ख व्यक्त गरे। तिनीहरूले सात दिनसम्म केही पनि खाएनन्।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html